*आबा आमासे युल थोर्जी,*
*जाजा कोले से कई थोर्जी,*
*गान्बा गान्सुम से ठिम थोर्जी ।*

**बाबु-आमाले देश छोडे,**
**छोरा-छोरीले भाषा छोडे,**
**बुढा-पाकाले रीति छोडे ।**

श्राोत : लामा सन्तविर, स्येबु-स्येमु

# अध्याय एक

## १. पृष्ठभूमि (Backround):

समूह, समुदाय, जात, जाति, धर्म, भूगोल अनुसार संस्कार, संस्कृति, मुल्य, मान्यता, चालचलन, रीतिरिबाज आदिमा विविधता देखिन्छ । त्यसैले एकै जातजाति वा समुदायको संस्कार तथा संस्कृति यहि मात्र हो भनेर किटान गर्न सकिदैन तथापि ती जातजाति तथा समुदायको मुलभूत कुराहरुलाई आधार मानेर यस्तो किसिमको संस्कार संस्कृति, यस जातजाति तथा समुदाय विशेषको हो भन्न सकिन्छ । संस्कार, संस्कृति, रीतिरिबाज, मुल्य, मान्यता अभौतिक भएको कारणले यो कुनै भूगोलको सिमाभित्र मात्र सिमित रहँदैन । ठाउँ र परिवेश अनुसार विस्तार हुने क्रममा कतिपय सैदान्तिक तथा व्यवहारिक कुराहरु वा विषेशताहरु परिवर्तन हुँदै जान्छ । र कालान्तरमा ती बिषेशताहरुलाई बचाई नराख्ने हो भने पूर्णरुपमा परिवर्तन हुन सक्छ । त्यसैले परिवर्तित सन्दर्भमा मौलिकताको परिवर्तन गर्दाखेरि इतिहासलाई पनि हेर्नु पर्ने हुन्छ । अन्यथा कुनै संस्कार, संस्कृति, भाषा, धर्म, मूल्य, मान्यताको पहिचान नै मेटिन सक्छ र कुनै एक विशेषता बोकेको वर्तमान, भविष्यमा अर्को इतिहासको प्रवर्दक बन्न सक्छ ।

आज विश्वव्यापीकरण (Globalization) का कारण एक अर्काका संस्कार संस्कृति निर्वाधरुपमा एक ठाउँबाट अर्को ठाउँ अनि एक देशबाट अर्को देशमा प्रसार तथा विस्तार भई रहेको छ भने अर्को तर्फ आ-आफ्नै मौलिक संस्कार र संस्कृतिमा आधुनिकताको विकास हुँदै गएको छ । जसको कारण संस्कार तथा संस्कृतिमा समय सापेक्ष परिवर्तन र पश्चिमी संस्कार तथा संस्कृतिको कारण मौलिक संस्कार तथा संस्कृति त्यागेर नक्कल गर्ने परिपाटीको विगविगी बढेर पश्चिमी संस्कार तथा संस्कृति मौलाएको छ । आज सूचना, प्रविधि र यातायातको विकासले गर्दा एक ठाउँको संस्कार र संस्कृति अर्को ठाउँमा सजिलै फैलिएको पाईन्छ, भने पश्चिमी माटोबाट विकास भएको क्रिश्चयन धर्मले अन्य धर्म सम्प्रदायका मानिसहरुलाई आफ्नो निशाना बनाएका छन् । धर्मसंग संस्कार र संस्कृतिको नङ र मासुको झैं सम्बन्ध हुँने भएकोले धर्म परिवर्तनसंगै संस्कार र संस्कृतिमा पनि परिवर्तन भएको पाइन्छ । त्यसै गरी हाम्रो देशको सन्दर्भमा, आदिवासी जनजातिको संस्कार तथा संस्कृतिमा हिन्दुकरणको प्रभाव पनि देखिन्छ । जसको कारण धेरै आदिवासी जनजातिहरुले हिन्दु संस्कार र संस्कृतिलाई प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा अपनाएको छ ।

विश्व मानचित्रमा सानो तथा सुन्दर देश नेपाल बहुजाति, बहुभाषी, बहुधार्मिक तथा बहुसंस्कृतिक देश हो । सबै जातजातिको आ-आफ्नै संस्कार, संस्कृति, मूल्य, मान्यता छन् । जस्ले मौलिक पहिचान बोकेको छ । आज सवै जातजातिको संस्कार तथा संस्कृतिमा केही न केही परिवर्तन आइरहेको छ । यस्तो परिवर्तनहरुको

संवाहक विभिन्न तत्वहरु रहेका छन् । यसै सन्दर्भमा नेपालको एक प्रमुख तथा धेरै जनसंख्या भएको जाति तामाङ जाति हो । यस जाति संस्कार र संस्कृतिले धनी रहेको पाईन्छ । तर समय वित्दै जादाँ आफ्नो मौलिक संस्कार तथा संस्कृतिमा व्यापक परिवर्तन आएको देखिन्छ । यसै सन्दर्भमा यस शोध अध्ययनमा **"तामाङ जातिको परम्परागत विवाह संस्कारमा देखिएको परिवर्तनहरु"** बारे अध्ययन गरिएको छ ।

तामाङ जातिको परम्परागत विवाह संस्कारबारेमा विभिन्न नेपाली, तथा विदेशी विद्वानहरुले कलम चलाएका छन् । उनीहरुको पुस्तक हेर्ने हो भने तामाङ जातिको परम्परागत विवाह संस्कारको बारेमा आधारभूत कुराहरु भेट्न सकिन्छ । ती विद्वानहरुले लेखेका कुरा त्यति वेलाको त्यस ठाउँको सीमित तामाङ जातिको परम्परागत संस्कार भएपनि त्यसैलाई पूर्ण आधार मानी सबै ठाउँको सबै तामाङ जातिको परम्परागत विवाह संस्कार त्यही मात्र हो र थियो भन्न सकिदैन् । किनकी संस्कार र संस्कृति भनेको भौतिक विषय  होईन । कुनै एक कुरा सबै ठाउँमा त्यही हुने । त्यसैले तामाङ जातिको परम्परागत विवाह संस्कारको बारेमा लेख्नु पर्दा भिन्न ठाउँमा बसोवास गरेका तामाङ जातिको परम्परागत विवाह संस्कार र विभिन्न समयमा विभिन्न देशी तथा विदेशी विद्वानहरुले लेखेका कृतिहरु र विभिन्न क्षेत्रगत अध्ययनको क्रममा भेटीएका कुराहरुलाई आधार मानी एक खाले निचोड निकाल्न सकिन्छ । जसलाई यस शोधमा प्रस्तुत गरिएको छ र यसलाई आधार मानी हाल यसमा भएको परिवर्तनकोबारेमा उल्लेख गरिएको छ । जुन हाल समय सापेक्ष रहे पनि कालान्तरमा यस विषयमा व्यापक परिवर्तन हुन सक्छ ।

तामाङ जातिको संस्कारमा पनि त्यसैले गर्दा विविधता देखिन्छ । तामाङ एउटै जाति भए पनि तामाङ जातिको बसाई भिन्न भिन्न वाताबरण भएको भिन्न भिन्न ठाउँमा इतिहासदेखि हाल सम्म भिन्न भिन्न समयमा बासस्थानमा परिवर्तन भएको देखिन्छ । जसले गर्दा तामाङ जाति एउटै भए पनि तामाङ जातिको संस्कारमा परक देखिएको छ । तर फरकको बावजुत पनि तामाङ जातिको संस्कारमा धेरै जसो मेल देखिन्छ ।

तामाङ जातिमा पछिल्लो समयमा केही व्यक्तीहरु प्रलोभनमा परेर धर्म परिवर्तन गरेको देखिन्छ । गरिबी, अशिक्षा, न्यून चेतना आदिको फाइदा उठाई तामाङ जातिमा धर्म परिवर्तन गराउने र गर्न लगाउँने जस्ता कार्य गरिएको छ । पश्चिमी माटोबाट विकास भएको इशाई धर्म नेपाल, नेपाली समाज, समुदाय र जातजातिहरुमा फस्टाएको देखिन्छ जुन कालान्तरमा नेपाली समाज समुदाय तथा जातजातिको लागि घातक हुन सक्छ । धर्म र संस्कार तथा संस्कृति एकै सिक्काको दुई पाटा वा एकै रथका दुई पाँग्रा जस्तो भएकोले धर्म परिवर्तनका कारण कतै नेपाली समाज तथा समुदाय कालान्तरमा मौलिक नेपाली संस्कार तथा संस्कृति बिहिन हुने हो की भन्नेमा शंका गर्नु पर्ने ठाउँ प्रसस्त रहेको छ । आज तामाङ संस्कार संस्कृति पनि यसैको शिकार बन्दै गएको छ ।

## १.१. अध्ययनको परिचय :

सानो तथा सुन्दर देश नेपाल भौगोलिक विविधताले तराई, पहाड र हिमाल रहेको छ । जातिय विविधतामा १२५ जातजाति रहेका छन् । धार्मिक विविधतामा ५ भन्दा वढी धर्म सम्प्रदाय रहेका छन् । भाषिक विविधतामा १२३ भन्दा बढी भाषा बोल्ने गरिन्छ । सांस्कृतिक विविधतामा भूगोल, जातजाति, हावापानि, धर्म सम्प्रदाय अनुसार फरक फरक संस्कार तथा संस्कृति रहेका छन् । यो सानो देश समाजशास्त्रीय/मानवशास्त्रीय दृष्टिकोणले अध्ययन तथा अनुसन्धानको लागि उरवर भूमि रहेको छ ।

आज विश्वव्यापीकरण, पश्चिमीकरण, आधुनिकीकरण र इशाईकरणको कारण मौलिक संस्कार तथा संस्कृतिमा व्यापक परिवर्तन आएको छ । एकातिर एकात्मवादी हिन्दु राज्यसत्ता र शासनको कारण दबिएको/दबाइएको यस देशको सांस्कृतिक भण्डारबाट भिन्न संस्कार तथा संस्कृतिलाई पहिचान दिन सकिरहेको छैन भने अर्को तिर हुरीको वेगमा आएको विश्वव्यापीकरण, पश्चिमीकरण, आधुनिकीकरण र इशाईकरणले हाम्रो मौलिक संस्कार तथा संस्कृति माथि प्रहार गरेको छ । यस्तो परिस्थितिमा आज हाम्रो संस्कार र संस्कृति कसरी अगाडि बढी रहेको छ यसमा के परिवर्तन भयो र के परिवर्तन हुदैछ । भन्ने विषयमा यस शोध अध्ययनमा **'तामाङ जातिको परम्परागत विवाह संस्कारमा देखिएको परिवर्तनहरु'** बारेमा नमूनात्मक अध्ययन गरिएको छ ।

यस शोध अध्ययनबाट परिवर्तन गराउने तत्वहरु र परिवर्तन भएको पक्षहरुकोबारेमा पनि जानकारी गरिएको छ । यस शोध अध्ययन जोरपाटी गा.वि.स.मा रहेको तामाङ जातिको विवाह संस्कारलाई केन्द्रित गरी लेखिएको भएतापनि यस शोध अध्ययनको निष्कर्षले तमाम नेपाली जातजातिको संस्कारलाई परिवर्तित सन्दर्भमा प्रतिनिधित्व गर्न सक्छ । त्यसै गरी यस शोध अध्ययनबाट हाल राजनैतिक कारणले आदिवासी जनजाति लगाएतका अन्य जातजातिमा संस्कृतिक पुनरजागरनको कारण संस्कार तथा संस्कृतिको संरक्षण, संबर्धन तथा प्रचारप्रसार भई रहेको बारेमा पनि जानकारी गराइएको छ ।

यस शोध अध्ययन **'तामाङ जातिको परम्परागत विवाह संस्कारमा देखिएको परिवर्तनहरु'** बारेमा भएकोले यस अध्ययनमा तामाङ जातिको विवाहको प्रकार, (परम्परागत र हाल चलन चल्तिमा रहेको विवाहको प्रकार), विवाह गर्ने परम्परागत तरिका र हाल यसमा देखिएको परिवर्तन, प्रभाव पार्ने तत्वहरु, विवाह सम्बन्धि विभिन्न धारणा लगाएतका विषयमा विस्तृत रुपले अध्ययन तथा अनुसन्धान गरिएको छ ।

## १.२. तामाङ जातिको परिचय :

### (क) तामाङ जातिको इतिहास :

काठमाडौं उपत्यकामा महाचीनबाट आफ्ना शिष्यहरुकासाथ आएका महामञ्जुश्रीले चोभारको डांडा काटी उपत्यकाको पानी बाहिर पठाई बस्ती बसाएको कुरा वंशावलीमा पाइन्छ । यो कथनलाई रसियाका पुरातत्वविद् डा. एनातोली याकोवलेभ शेटेन्कोले २०३४ सालमा बुढानिलकण्ठको पूर्व दक्षिणतिरका धोवीखोलामा पुरातत्वीक अवशेषहरुका खोजी गर्दा ईसापुर्व ३०,००० वर्षभन्दा अगाडिका मंगोलियन गोवी नमूनाका ढुङगे हतियारहरु फेला पारेको तथ्यले काठमाडौं उपत्यकामा मंगोल जातिका मानिसहरु प्राचिनकालदेखि आवादभएको कुरा पुष्टि हुन्छ । यसले मंगोल नश्लका तामाङहरुको इतिहासलाई अत्यन्तै प्राचिन हुन सक्ने कुरा इंगित गर्दछ ।

नेपालमा लिच्छवीकाल भन्दा पहिलेका शासकहरु अनार्य जातिका थिए भन्ने कुरामा इतिहासकारहरु सहमत छन् । वंशावलीका अनुसार तिनीहरु गोपाला, महिसपाल र किरात थिए । तिब्बती भाषमा 'गो' को अर्थ समुदायको प्रमुख 'पा' को अर्थ लोग्ने मानिस र 'ला' को अर्थ भनेको सम्मानबोधक शब्द हुन्छ अर्थात समुदायको प्रमुख मान्छे हुन्छ । त्यस्तै तामाङ भाषामा 'महि' को अर्थ भैषी, 'षा' को अर्थ क्षेत्र वा भूमि र

'पाला' सम्मानित लोग्नेमान्छे हुन्छ । लिच्छवीकालीन अभिलेखहरुमा थुप्रै तामाङ शब्दहरु प्रयोग भएका छन् । यसप्रति विद्वानहरुको ध्यान जानुपर्ने देखिन्छ ।

नेपालका मंगोल नश्लका  जनजाति तथा भोट वर्मेली भाषा समुदायहरुमा तामाङ  एक ठूलो समूह हो । नार, थकाली, गुरुङ र मनाङ समुदाएका तुलनामा यो समुदाय व्यापक रुपमा फैलिएको पाइन्छ । यद्यपि यो जातिको प्राचिन इतिहासमाथि प्रकाश पारिएको छैन् । तापनि सिन्धुपालचोक, दोलखा, रामेछाप, सिन्धुली, काभ्रेपलानचोक, मकवानपुर, रसुवा, नुवाकोट, धादिङका आवादीलाई हेर्दा  विभिन्न तामाङ थरहरु विभिन्न भू-भागलाई अलग अलग आवाद गरेर बस्दै आएको देखिन्छ ।

साथै नेपालको इतिहासको पछिल्लो कालमा अर्थात मल्ल राजाहरु र पृथ्वीनारायण शाहको राज्य विस्तारकालमा  तामाङहरुको एउटै  केन्द्रिय सत्ता  देखिदैन । यसबाट  के अनुमान लगाउँन सकिन्छ भने विभिन्न  तामाङ  थरहरु सामुदायिक प्रणाली  अर्न्तगत  स्वयत्त  राज्यका रुपमा मात्र विकसित र संगठित भएका थिए । गोर्खा  साम्राज्यको  विस्तार पछि ती संस्थाहरु केही कालसम्म किपट को रुपमा परिवर्तित भई अस्तित्वमा रहेका थिए । आज पनि प्रत्येक तामाङ थरको आ-आफ्नो अलगै स्थानिय इतिहास पाइन्छ । यसबाट एकातिर तामाङ जातिको समाज विकासको क्रमलाई सजिलै अनुमान लगाउन सकिन्छ भने अर्कोतिर यो तामाङ इतिहास निर्माणमा ध्यान दिनुपर्ने अत्यन्तै महत्व पूर्ण पक्ष हो ।

यही एउटै केन्द्रिकृत राजनैतिक शक्तिकेन्द्रको अभावले तामाङ भाषा, संस्कृति, मान्यता र विश्वास प्रणालीमा स्थानियपन देखिनु स्वभाविक हो । फेरी १५०० वर्षदेखि नेपाल खाल्डोमा चल्दै आएको शासनसत्ता हिन्दु मान्यताका  पक्षपाति रहंदै आएकोले त्यसका वरिपरि रहेका वा पछिल्लोकालमा त्यसद्वारा सोझै प्रभावित बनेका तामाङहरुमा नेपाल खाल्डोको सांस्कृतिक प्रभाव पर्नु पनि अस्वभाविक  मान्नु हुँदैन । तर पनि तामाङहरुले तामाङ पहिचान  भित्र आफनो समाज, भाषा, संस्कृति, संस्कार र मूल्य तथा मान्यताहरुमा निजीपन (आफ्नो छुट्टैपन) जोगाई राख्नु अत्यन्तै गौंरवको कुरा मान्नु पर्दछ ।

यी मान्यताहरु आज पनि व्यवस्थित छन् र स्थानिय तामाङ समाजलाई ऐक्यबद्ध बनाई राख्न सक्षम र सफल भएका छन् । यसले के कुराको संकेत गर्दछ भने कुनै समय तामाङ सभ्यताको विकास चरमचुलीमा पुगेको थियो । यति हुंदा हुँदै पनि भौगोलिक क्षेत्रका तामाङ परम्पराहरु अधिकांश समान लाग्दा लाग्दै पनि केही भिन्न र अनौंठो लाग्न सक्तछ, त्यसलाई स्थान र समायान्तरालले गर्दा स्वाभाविक ठान्नु पर्दछ ।

तामाङ समाजको पुरानो विश्वास र मान्यता प्रकृति पुजक र बोनधर्म थियो । तिब्बतमा बोनधर्मको विकास प्राचिन बोनबाट राजा ग्रीगम सान्पोको पाला हुँदै पहिलो बौध राजा स्रोनचन ग्याम्पो (सन् ६२०-६४९) को पालामा बोन र लामा धर्मको देवी देवता (धर्मपालक) र धर्मग्रन्थहरुमा फरक देखिन्छन् । ता पनि तिनीहरुको काम र मतमा धेरै फरक पाइदैन । तामाङ बोन्पोहरुलाई स्रोनसेन गोम्पोको पालामा विकास भएको बोन  र यसका  देवी देउताकाबारेमा थाहा समेत भएको लेखिदैन । यसर्थ तामाङ बोन्पोहरु कथ्य परम्परा भएका प्रकृति पूजक प्राचिन बोनसंग धेरै हदसम्म मिल्दाजुल्दा  देखिन्छन् ।

तामाङहरुको बोन धर्मसंग कथ्य (मौखिक) परम्परामा ग्रीगम सान्पो र स्रोनसेन ग्याम्पा कालक्रमका विकासहरु नपाइएकोले काठमाडौं र तिब्बतबीचको यो हिमालखण्डमा तामाङहरुको आवादी अत्यन्तै पुरानो प्रमाणित हुन्छ । तामाङ समाजको तिब्बती सभ्यता र लामाबुद्धधर्मसंग इसाको १००० को आसपासमा भेट भएको हुनु पर्दछ ।  तामाङ समाजमा लामाबुद्धधर्म भित्रिएपछि भने अहिले त्यो लामाबुद्धधर्म पुरानो कालो बोन धर्मसँग एकाकार हुँदै अघि बढेको देखिन्छ ।

## (ख) तामाङ शब्द :

कहिलेदेखि यो समुदायलाई तामाङ भन्न थालियो, त्यो एकिनसाथ किटेर भन्न सकिदैन । राजा त्रिभुवनको पालामा प्रधानमन्त्री भीम शम्शेरले यो समुदायलाई विक्रम सम्वत् १९८९ साल भदौ ५ गते रोज १ देखि इस्तीहार जारी गरी तामाङ लेखाएका हुन् । भनियता पनि त्यस भन्दा पहिले सरकारी तवरमा लिखित रुपमा तामाङ शब्दको प्रयोग धेरै अगाडि देखि चलेको देखिन्छ । तर राजा त्रिभुवन र राणा प्रधानमन्त्री भीम शम्शेर समक्ष बहादुर जङगबीर तामाङ अगुवा भई चढाएको विन्तीपत्रमा बाह्र तामाङ जातलाई लामा भोटे भन्ने चलन चलेकोमा अरु अरु किसिमका जात थरकाहरु पनि भोटे भनी बोलाइने र लेख्ने हुँदा भोटे के जातको हो केही छुट्टीने भएन हामी बाह्र तामाङलाई आफ्नो तामाङ जात भन्ने लेख्ने लेखाइने गराई व्यवस्था हुँदो हो भन्ने बोली परेको छ ।

यो पेटबोलीमा हामी बाह्र तामाङ हौं हामीलाई तामाङ जाति नै भन्ने भनिने, लेख्ने र लेखाइने गराई पाउँ भन्ने परेकोले जाहेर गरेको कुरा मुनासिव देखिएको हुँदा सो कुरा मन्जुर गरी प्रधानमन्त्री भीम शम्शेरले यो इस्तिहार जारी गरी बक्सेको छ भनिएको छ । इस्तिहारमा अगाडी उल्लेख गरिएको छ अब उप्रान्त हाम्रो नेपाल सरहद गोरखा राज्यभरका तामाङ जातिले आफ्नो जात लेख्दा लेखाउँदा तामाङ जात भनी लेख्ने लेखाउँने गर्नु जङ्गी निजामती सरकारी अड्डाखाना पल्टनका कागजमा र दुनियाँको व्यवहारमा पनि बाह्र तामाङ जातिका भोटेको जात लेख्ने सो जातिको भोटेलाई बोलाउँदा लामा भोटे नभनी तामाङ भनी लेख्ने बेलाउने गर्नु ।

यो इस्तीहारमा तामाङहरुले आफुलाई तामाङ नभनी अन्यथा लामाभोटे भनिएकाले हामी बाह्र तामाङलाई लेख्न तामाङ नै लेख्ने र भन्ने गरी पाउँ भनी माग गरेका थिए । त्यसैलाई प्रधानमन्त्रीले उचित ठहऱ्याएका थिए । यसबाट इस्तीहार जारी गर्नु पुर्व तामाङले आफुलाई तामाङ नै भन्ने गर्दथ्यो भन्ने बुझिन्छ ।

यो कुरा १३ औं शताब्दीमा तल्लो मुस्ताङको आवादिलाई 'सेमोन तामाङ' भनिन्थ्यो भन्ने कुरा नारी गुन्थाङका राजा बुम देगोन (सन् १२५३-सन् १२८०) को वृतान्तमा परेबाट पुष्टी हुन्छ । यो नै तामाङ जाति बुझाउने सबै भन्दा पुरानो लिखित ऐतिहासिक अभिलेख हो । यसबाट तामाङ शब्द १३ औं शताब्दीमा पनि जातिवाचक नै थियो भन्ने बुझिन्छ ।

तल्लो मुस्ताङको आवादिलाई सेमोन तामाङ भन्ने प्रसंगले तामाङ मात्र हैन, आफुलाई तामाङ भन्ने थकाली आफुलाई तमु वा तापाङ भन्ने गुरुङ र मनाङगीहरुको साझा उत्पत्ति भएको हुनसक्छ भन्ने अनुमान लगाउन सकिन्छ । यो सिद्धान्तलाई तामाङ भाषाको गुरुङ भाषासंग ६२ प्रतिशत समानता र सहगोत्रपन देखिएको तथ्यबाट थप बल मिलेको छ । यसतर्फ तामाङ, थकाली, गुरुङ तथा मनाङगी समुदायका बुद्धिजिवीहरुको ध्यान जानु पर्ने देखिन्छ ।

## (ग) भूगोल तथा जनसंख्या :

तामाङ जाति नेपालको एक प्राचिन जाति हो खास गरेर यो जातिले काठमाडौं उपत्यकाको वरिपरिका जिल्लाहरु : धादिङ, रसुवा, काभ्रे, सिन्धुपालचोक, नुवाकोट, मकवानपुर, दोलखा र सिन्धुली यी जिल्लाहरुमा अत्याधिक संख्यामा रहेका छन् । भने हाल नेपाल राज्य भरिनै छरिएर बसेको पाइन्छ । नेपाल बाहिर उत्तर पूर्वी भारतको बंगाल राज्यको दार्जिलिङ, सिक्किम राज्य, आसाम राज्य, भुटान अधिराज्य, बर्मा (म्यानमार) र उत्तरमा चीनको स्वशाशित क्षेत्र तिब्बतको कुरोङ सिगात्से सम्म पनि तामाङ बस्तीहरु पाइन्छन् । हाल भने संसारको धेरै देशहरुमा धेरथोर मात्रामा रहेका छन् । राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालमा तामाङहरुको जनसंख्या १५,३९,८३० अर्थात कूल जनसंख्याको ५.८ प्रतिशत रहेको छ । (श्रोत : राष्ट्रिय जनगणना २०६८)

## (घ) तामाङ जाति :

तामाङ जाति मङ्गोल मुलका मानिन्छन् । मझौंला उचाई, थेप्चो नाक, पातलो दाह्री, जुङ्गा (पुरुषको), गोलो तथा च्याप्टो अनुहार, केही उठेको गाला, कालो आंखी भौं, कालो कपाल, गहुगोरो वर्ण/रंग र मझौंला कद तामाङ जातिको शारीरिक विशेषताहरु हुन् ।

## (ङ) तामाङ थर :

आज सम्म स्वजाति, स्वदेशी तथा विदेशी विद्वानहरुले संकलन तथा प्रकाशन गर्नु भएका विभिन्न थरहरुलाई संकलन गर्दा मोटामोटी १९६ थरहरु हुन आउँछन् । तर यी १९६ थरहरु मध्य कतिपय थरहरु उच्चारण र लेखनमा फरक परेकाले एउटै थर पनि एक भन्दा वढी पटक  गणना हुंन पुगेको देखिन्छ । तामाङको सही थर संख्या पत्ता लगाउँन त्यस्ता फरक पर्ने तत्वहरुको अध्ययन गरी पुख्यौंली थलो (वापसा) र कुल (फोला) का आधारमा  निर्णय गर्नु सिद्धान्त र व्यवहारिक दुवै दृष्टिले उप्यूक्त हुन्छ । यस क्षेत्रमा अझै पनि अध्ययन र अनुसन्धान गर्नु आवश्यक छ ।

<u>**तामाङ थरहरु :**</u>

| | | | |
|---|---|---|---|
| आङग्रातेन | कामदेन/कोम्दान | काल्देन (कोल्देन) | कर्माबा (कर्मा) |
| कितुङ /तितुङ | कार्ते (कागते) | कुतुङ | कुल्देनल,काल्देन |
| क्युङबा | खानीखोर | ख्युङबा | ख्युलबा (ख्युल्पा) |
| गल्देन /ग्यल्दन | गाङताङ | गार्देन | ग्याजा |
| गार्मेबा | गाल्देन | गाम्देन (ग्याम्देन) | गिङथन |
| गेमसिङ | गेम्बा (ग्याम्बा) | गेसीङ | गोङबा (गोङ्बो/गोङ्पा) |
| गोम्जा | गोन्देन (गोम्दान /गोम्देन) | ग्याबा,ग्याबाक | ग्युजो |
| ग्रम्बा | ग्रोम | ग्यापतेन (ग्यामदेन /गयामतेन) | गोथर |
| ग्रेम्बा | ग्राङदान | गोङसो | गोन्छो |
| ग्रोपचन | गोले | गोङबो | ग्येके |
| गोम्च्यो | ग्याजरोड | ग्राङदान (ग्राङदेन/गङ्तेन) | घिसिङ |
| घले | घ्लान (ग्लान) | ङेके | ङरथेन |
| ङादाङङारतेन | ङार्बा /ङारदेन | ङोन्छो | ङयाङ्जो |
| ङील्पा | ङ्याङजो | च्याबा | च्योपा(च्युच्याङ) |
| च्याङ्ग्री | चाइतेन्गार्तेन | चिबा | चेपा |
| चिमकन | चौथेन/चाउदेन | चोथेन /च्योदेन | च्यापनखोर |
| छेलेङार्तेन | छपेन्कपर | छेमेन | छयुमी (छमीलाङ) |
| छेग्पाल | जिम्बा | ज्यापा | ज्याबा |
| ज्युमी /जुमी | जोंगन (जोङगन ) | ञेसुर (नेसुर/ङेंसुर) | टुपा /टोङ्बा |
| ठोङसुबा | ठोकुर | डागी | डार्पा (दार्पा) |
| डाम्राङ | डारदेन (दार्देन) | डिम्देन | डुम्जन |
| डोन | डिम्डुङ (डीमदोङ/डीम्डु/डोमदेन) | डोसीङ | तुङतेन (तोनवइरा/तोइबारा/तोइबा) |
| तुन्वाह/तुन्बा | तेबा | तोइसाङ (तोइसिङ) | तितुङ |
| तोइबा | थोकर (थोका) | थिङ | दाङपा |
| दाम्राङ | दारताङ | दुर्पा | दोङपा/ दोङबा |
| दोङ/दोङतेन/भालदोङ | नाम्राङ | नास्फा | नार्बा |
| नेकर | नेगी | नेकी | पङ्वोते |

| | | | |
|---|---|---|---|
| पक्तीम | पञ्चथेन | पाखिन (मनाङथेन) | पाजुन्देन |
| पाल्चोके | पाङथेन | पेलोङ | प्रमुबा |
| पायन | फ्युबा | फीन्पा-फा | बालाम |
| बजु (भोजु/बोजु) | बोम्जन | बाप्तेन | बारदेन |
| ब्लेन्देन | बल (बालतोङ/बालदोङ)बज्यु | ब्रोसिङगर (सिगार) | ब्लो-फामामखोर |
| बोङसे | ब्लोन | बालतोङ | बान्जोर |
| मान्देन (माङदेन) | म्लेन्देन | मिकचन | म्यापा |
| माम्बा | मरनुम्बा | मापौखोर (मार्पा/मारपा) | मीकचन (मीप्चन) |
| मुलुङ | मेमसीङ | मोकनुङ | मेमेखोर |
| मेकच्यान | मोक्तान | मनाङथेन | मारनुम्बा |
| योन्जन (ह्योन्जन) | याङ्जो | याङतेन (युङदेन/यपा) | योरसोदेन |
| योर्का | र-फा | रम्बोत (रम्बोद/रम्पोत) | रीमतेन |
| रीली | रुम्बा | रिगेल/रोगेल | ल्हालुङपा |
| लला | लामाखा | लापा | लामागोन्जु |
| लामाकोन्जो | लाइदेन | लिङ्पा | लुङ्गा |
| लुङबा | लुङपा | लो (लोपा/लोबा/ल्होपा) | लोप्चन |
| लोकर | लोबा | लिफा | लेङदेन |
| वाइबा | श्याम्बा | श्यार्बाखोर (सर्बखोर) | सकताल |
| श्याङवन | समपत | साही (साई) | सामरी |
| साङ्ग्री | सिङदन | सीङगन | स्याङबुजा |
| सामदेन | स्याङबा/साङबो/स्याङपा | स्याङसेन (स्याङदेन) | स्योम्बा |
| स्योरतेन | स्याङदन (स्याङतान/स्याङथान/स्याङताङ) सुकताल | | सेन्तेन (सेनथेन) |
| सुम्बा (स्योम्बा) | सेङजेबा | सोङदेन (स्योङदान) | सिङगर |
| हाङजो/हाञ्जो | हाङदेन | हीम्रुङ | हीमडुङ |
| हेन | होप्थेन (होपतेन) | | |

*(श्रोत : तामाङ परशुराम, तामाङ वंशावली)*

## (च) तामाङ भाषा :

तामाङ जातिको आफ्नै भाषा छ। यस जातिले बोल्ने भाषालाई तामाङ भाषा भनिन्छ। तामाङ भाषा चिनी-तिब्बती महावंशको भोट-बर्मेली परिवारको मध्य हिमाली भाषा हो। तामाङ जातिले बोल्ने भाषामा पनि ठाउँ अनुसार बोली, लवज तथा केही शब्दमा फरक देखिए पनि सारमा एउटै जस्तो पाईन्छन्। तामाङ भाषाको सहजातिय सम्बन्ध गुरुङ, मनाङ, थकाली, नार भाषासँग नजिक रहेको देखिन्छ। नेपालमा यो भाषाले पाँचौ स्थान ओगटेको छ। तामाङ भाषा बोल्ने जनसंख्या ५.१ प्रतिशत रहेको छ।

(श्रोत : राष्ट्रिय जनगणना २०६८)

## (छ) धर्म :

तामाङहरुले परापूर्व कालदेखि प्रकृतिपूजा गर्दथें, वोनधर्म मान्दथें। त्यसका पूजारीहरु ताम्बा, गान्बा, मुखीया, घले, चोहो, आदि प्रमुख व्यक्तिहरु र झांक्री हुन्थे। तिनीहरुलाई दशौं शताब्दी पछि लामा बुद्धधर्म (बज्रयानी धर्म) ले विस्थापित गर्दै लगेको थियो। आज तामाङहरु बुद्धधर्म मान्दछन्। साथै प्रकृतिपूजा गर्ने र झांक्रीमा पनि विश्वास राख्दछन्।

## (ज) तामाङ भेषभूषा :

तामाङ जातिको प्राचिन लुगा  अल्लोबाट बुनेको फेन्का (ग्या) घलेक नै हो । यो काँधमा गांठो पारेर पुरुष तथा महिलाले लगाउने घलेक आजभोली भने महिलाले मात्र लगाउने गरेको पाइन्छ । तामाङ जातिको प्राचिन मौलिक ग्या/गादो वा गातो (घलेक) यो लुगालाई तामाङ वंशावलीमा वर्णन गरिएको सम्पूर्ण तामाङ क्षेत्र अर्थात पश्चिममा काश्मीर, लदाखसम्म, पूर्वमा बर्मादेखि लेप्चा (सिक्किममी), डुक्पा (भुटानी), महिलाहरुले आजभोली पनि आफ्नो मौलिक लुगाको रुपमा गर्वका साथ लगाइरहेका छन् ।

बुढी गण्डकी र त्रिशुली नदीको बीचको तामाङहरुले आफैले  कपासबाट धागो कात्नु, रंगाएर विभिन्न ढाँचाका पुरुष तथा महिलाहरुले लगाउने लुगा बुन्दछन् । त्यस मध्य आधुनिक लुंगी जस्तो स्यामा, घलेकको रुपमा बर्को-ग्या, तोकरोक-ग्या (म्लाङ, तार ठेंवा, अुर, वाला (पुरुष र महिला दुवैलाई हुने), फेन्का-ग्या (अल्लोको पुरुष घलेक) खादी-ग्या (पुरुष घलेक) पटुकी-तार, डोको फुकी/के, पायीकी म्लाङ के/फुकी (पुरुष तथा महिला), टोकोरो (रातो भूँइमा सेतो, हरियो, पहेंलो, नीलो, कालो मसिनो धर्के बुनेको सुतीको फेटा), तोकाअी, सुर्काअी (लुकुनी/बक्खु), स्योल्दो (डांग्री), स्योदे/तागी/कलागी (टोपी महिला र पुरुषको), ग्याप्टुल/पाङदेन, दोर्मो, हाङरे, सुरलुङ/सुरदाम, खेन्ज्यार, तोदुग आदि तामाङको आफनै मौलिक लुगाहरु हुन् । फेन्काको गादो लगाए झैं पुका (खाँडी) पनि तामाङहरुमा  बुन्ने तथा लगाउँने गरिन्छ ।

## (झ) तामाङ संस्कार :

मानव समाजमा जन्मेदेखि मृत्यु पर्यान्त गरिने विभिन्न विधिविधान तथा कर्महरुलाई संस्कार भनिन्छ । (परशुराम तामाङ, तामाङ संस्कार) संस्कार सवै संस्कृतिको सर्वभौम पक्ष हुन् ।

यस शोधमा नेपालको आदिवासी  जनजाति  अन्तर्गतको  प्रमुख एक जाति '**तामाङ जातिको परम्परागत विवाह  संस्कार र त्यस संस्कारमा आएको परिवर्तनहरु**'को बारेमा अध्ययन गर्न खोजिएको छ । तामाङ जाति बोनधर्मबाट बुद्धधर्ममा रुपान्तरण भएको पाइन्छ । आज पनि तामाङ जातिमा दुवै धर्मको मिश्रित संस्कार पाईन्छ । तामाङ संस्कारलाई समष्ठीमा भन्ने हो भने  झांक्रीवाद, लामावाद, र ताम्बावादको  समिश्रित रुप हो । तर तिव्वतमा वज्रायानी वुद्धधर्म (लामावाद) ले राजकिय धर्मका रुप लिदैं गएपछि लामावादले बोनधर्म (झांक्रीवाद) संग सत्रुतापूर्ण रुप अपनाएको देखिन्छ । त्यसैले तिब्बती लामावादमा बुद्धधर्मले बोनधर्मलाई पराजित गरेको कहानी पाईन्छ । यसको वदलामा तामाङ विश्वास र कथामा लामाधर्मका प्रणेता गुरु रेम्बोर्छे र बोनधर्मका प्रणेता नारो वोनबीच सम्झौता भएको पाईन्छ ।

तामाङ परम्परामा कुनैले जितेको र कुनैले  हारेको पाईदैन । बरु मरेको आत्माहरुलाई स्वर्ग पुर्‍याउने कामहरु जति लामालाई र जिउँदोका दुःख रोगव्याधी निको पार्ने कर्महरु जति चाँहि बोन्बोलाई सुम्पेर लामा र झांक्रीबीच श्रम विभाजन भएको देखिन्छ । त्यसकारण नेपालमा तामाङ जातिको  सामाजिक  संस्कारको कूल प्रणालीमा लामावाद, झाँक्रीवाद र ताम्बावाद (पुर्ख्यौली भन्ने) एक अर्काको पुरक, सहयोगी र श्रृखलावद्ध भूमिका निर्वाह गर्दछन् । यद्यपि कुनै एक उपप्रणालीमा भने तिनीहरुको भूमिका विरोधाभास, असहयोगी, असम्बद्ध, अन्तरविरोधी र श्रृंखलाहिन देखिन्छन् । (तामाङ परशुराम, तामाङ संस्कार)

## (ञ) तामाङ जातिमा परम्परागत सामाजिक तथा संस्कारगत कार्य सम्पन्न गर्ने व्यक्तिहरु/ कार्यसमिति :

| | |
|---|---|
| लामा - | संस्कारगत क्रियाकलाप गर्ने व्यक्ति |
| बोन्बो - | पूजाआज तथा उपचार गर्ने व्यक्ति |
| ताम्बा - | पुर्ख्यौली इतिहासकार |

| | |
|---|---|
| गान्बा - | बुढो माननीय व्यक्ति |
| चोहो - | सभापति |
| मुल्मी - | अगुवा व्यक्ति |
| ङाप्ता - | योगसाधना गरेको |
| दोप्ता - | विद्वान् व्यक्ति |
| मुल्मी गौराइ - | सचिव (चोहाको सचिव) |
| लामा लोबेन् - | मूल पुरोहित |
| कोङ्ग्योर - | पूजाको विधि मिलाउने |
| उमजे - | पूजाको बाजा बजाउने |
| लाइबा - | खानपानका भण्डारी तथा व्यवस्थापक |
| छ्याङबा- | पानी तथा जाड वितरण गर्ने मान्छे |
| कटौके - | सबै कामको चाँजो मिलाउने/ प्रबन्धक |
| किसिङबा - | दाउरा पानी लगाएत काटकुट गर्ने |
| व्योन ह्लाबादोर्जे- | गह्रुगो बोक्ने उचाल्न तथा अन्य ल्याउने लैजाने काम गर्ने |
| म्हा- | ससुराली घरको सबैखाले काममा सहयोग गर्ने |

**(ट) तामाङ जातिको परम्परागत सामाजिक संस्कार**

तामाङ जातिको परम्परागत सामाजिक संस्कार निम्नानुसार रहेका छन् :

**१. जन्म संस्कार :**

(क) जन्म संस्कार (ख) न्वारन (थापसाङ) (ग) घामदेखाउने (धिनी हुन्बा)

**२. कर्म संस्कार :**

(क) नाक, कान छेड्ने (ख) भात खुवाई (कान/केन ख्वाबा) (ग) छेवर (क्रा ब्रेबा)
(घ) टाप्चे (ङ) गुन्यु चोलो दिने (स्यामा पिन्बा) (च) राजस्वला
(छ) विवाह (ब्रेल्साङ)

**३. मृत्यु संस्कार**

(क) दाह संस्कार (ख) अन्त्येष्टी क्रिया (घेवा)

यस शोध अध्ययन अनुसार यहाँ विवाहबारे मात्र चर्चा गरिने छ ।

## १.३. समस्याको कथन ( Statement of the problem)

नेपाल बहुजाति, बहुभाषी, बहुधार्मिक, बहुसंस्कृतिक देश भएकोले यहाँ त्यसै अनुसारको मौलिक परम्परागत सामाजिक संस्कार रहेको पाईन्छ । जसमा धर्म, भूगोल, क्षेत्र, भाषा तथा संस्कृतिक प्रभाव भएको कारणले केही जातिमा संस्कृति तथा संस्कारहरु मिल्न गएपनि जातिगत मौलिकता भने प्रायः सबै जातिमा रहेको पाइन्छ । तिनै मौलिक विशिष्ट संस्कृति आज आधुनिकीकरण, पश्चिमीकरण तथा गैरहिन्दुहरुमा हिन्दुकरणको प्रभाव पाइन्छ । आज जाति तथा जनजातिहरुको, पिछडा वर्गको संस्कार तथा संस्कृति दिनदिनै परिवर्तन हुने क्रममा छ । यसै गरी परिवर्तन हुने र आफ्नो मौलिक, प्राचिन तथा परम्परागत संस्कार तथा संस्कृति बचाई नराख्ने हो भने हामी कुनै दिन संस्कार तथा संस्कृति विहिन हुन पुग्छौं । यस सन्दर्भमा समयमै सजक हुन सबै जात, जाति भाषा, धर्म, संस्कार तथा संस्कृतिका समुदायलाई आवश्यक छ ।

नेपाल क्षेत्रफलको हिसावले सानो देश भएता पनि संस्कृतिको द्रिष्टिकोणले धनी तथा सम्पन्न छ । यो देश संस्कृति र संस्कारको अध्ययनको लागि उवर भूमी झैं छ । यहां ५९ वटा भन्दा बढी आदिवासी जनजाति

रहेका छन् । हरेक आदिवासी जानजातिको आ-आफ्नै संस्कार तथा संस्कृति रहेको छ तर ती परम्परागत मौलिक संस्कार तथा संस्कृतिलाई बचाई नराख्ने हो भने नेपालका यी आदिवासी जनजातिको पहिचान नै संकटमा पर्ने देखिन्छ । **आदिवासी जनजातिले आफ्नो भाषा, लिपि (लिपि हुनेको), भूमि, धर्म, संस्कार, संस्कृति, मूल्य, मान्यता, रीतिरिवाज, चाडपर्व, भेषभूषा, ज्ञान, चालचलन छाडने हो भने आफू आदिवासी जनजाति भएको औचित्य नहुन सक्छ ।** आदिवासी जनजातिको औचित्यमाथि प्रश्न चिन्नह् खडा हुन सक्छ । यस तर्फ सबै आदिवासी जनजातिले समयमै ध्यान पुर्‍याउन जरुरी छ । किनकी आज विश्वव्यापीकरण, आधुनिकीकरण, पश्चिमीकरण, हिन्दुकरण र इशाईकरण हाम्रो आंगनमा छ । हाम्रो ढोकामा छ । जसले हामीलाई हाम्रो मौलिक संस्कार तथा संस्कृतिबाट अलग्याउन खोजिरहेको छ । अनि हामी पनि आधुनिकताको नाममा, आफूलाई सभ्य, विशिष्ट वा उत्कृष्ट ठान्ने नाममा, पश्चिमी संस्कार तथा संस्कृतिलाई आत्मसाथ गरी रहेका छौं ।

यसै सन्दर्भमा नेपालमा रहेका आदिवासी जनजाति मध्येको एक प्रमुख जाति (धेरै जनसंख्या भएको) तामाङ जातिको संस्कारमा विश्वव्यापीकरण, आधुनिकीकरण, पश्चिमीकरण, हिन्दुकरण (तामाङ गैर हिन्दु जाति हो ।), इशाईकरण र सूचना, प्रविधि, तथा यातायातको विकासको प्रभावकोबारेमा शोध अध्ययन गर्न खोजिएको छ । हाल तामाङ जातिको **संस्कृति, भाषा, लिपि, धर्म, संस्कार, चाडपर्व, रीतिरिवाज, मूल्य मान्यता, भेषभूषा, ज्ञान, चालचलन** आदिमा परिवर्तन भएको देखिन्छ । यी परिवर्तन हुनुका कारकतत्वहरुको भूमिकाको बारेमा केन्द्रीत रही यस शोध अध्ययन गर्न लागिएको छ । जसवाट तामाङ जातिको संस्कारमा आएको परिवर्तनबारे जानकारी लिनुका साथै अध्ययनको उद्देश्य अनुसार तामाङ जातिको परम्परागत विवाह संस्कारमा आएको परिवर्तनहरुबारे विशेष जानकारी हुनेछ ।

## १.४. अध्ययनको उद्देश्य (Objectives of the study )

नेपालमा रहेको तामाङ जातिको परम्परागत विवाह संस्कारमा समाजशास्त्रीय शोध अध्ययन गर्नुको उद्देश्य विश्वव्यापीकरण, आधुनिकीकरण, पश्चिमीकरण तथा हिन्दुकरणको प्रभाव आदिवासी जनजातिको संस्कार तथा संस्कृतिमा कस्तो परिरहेको छ भन्नेबारे हो । नेपालमा आधुनिकीकरणको विकास र पश्चिमीकरणको प्रभावसंगै आर्थिक, राजनीतिक, सामाजिक, शैक्षिक, धार्मिक तथा सांस्कृतिक लगायतका सबै क्षेत्रमा परिवर्तन भएको देखिन्छ । त्यसै परिवेशमा नेपालको आदिवासी जनजाति अर्न्तगत रहेका तामाङ जातिको परम्परागत संस्कारमा के परिवर्तन भयो भन्नेबारेमा अध्ययन गर्नु जरुरी देखिन्छ ।

तामाङ जातिहरु प्राचिन कालदेखि नेपालमा रहँदै आएको र उनीहरुको आफ्नो परम्परागत मौलिक संस्कार तथा संस्कृतिमा के परिवर्तन भयो भन्नेबारेमा गरिएको शोध अध्ययनबाट तामाङ जातिको संस्कृति परिवर्तन हुनुमा विश्वव्यापीकरण, आधुनिकीकरण, पश्चिमीकरण र हिन्दुकरण तथा सूचना, प्रविधि र यातायातको विकासको साथै इशाईधर्म लगाएतका विभिन्न तत्वहरुले कस्तो भूमिका खेल्यो । र यस्को प्रभाव के पर्‍यो भन्नेबारेमा जानकारी लिन सकिन्छ ।

यस शोध अध्ययनका उद्देश्यहरु यस प्रकार रहेका छन् :

१. तामाङ जातिको संस्कारहरुको बारेमा जानकारी हुनेछ ।
२. तामाङ जातिको परम्परागत विवाह संस्कारबारेमा विस्तृत जानकारी हुनेछ ।
३. तामाङ जातिको परम्परागत विवाह संस्कारमा आएको / देखिएको परिवर्तनबारे जानकारी हुनेछ ।
४. तामाङ जातिको परम्परागत विवाह संस्कारमा परिवर्तन ल्याउने तत्वहरुको बारेमा जानकारी हुनेछ ।
५. तामाङ जातिको परम्परागत संस्कार कुनकुन लोप भए, कुनकुन लोपहुने क्रममा छ र कस्तो संस्कारको विकास हुँदै गएको छ भन्नेबारेमा जानकारी हुनेछ ।

## १.५. अध्ययनको महत्व ( Importance of the study)

सर्वप्रथम यो अतिनै महत्व पूर्ण विषय हो जसमा **'तामाङ जातिको परम्परागत विवाह संस्कारमा देखिएको परिवर्तनहरु'**बारे अध्ययन गर्न खोजिएको छ । यस विषयमा अध्ययन गरेपछि तामाङ जातिको विवाह संस्कार तथा संस्कृतिमा मात्र नभई नेपालमा रहेका आदिवासी जनजातिको संस्कार तथा संस्कृतिमा भईरहेको परिवर्तनबारे प्रतिकात्मक जानकारी गराउन सहयोग पु-याउने छ । जुन कुरा तामाङ जातिको नमूना अध्ययनबाट प्रस्टयाइने छ ।

यस शोध अध्ययनले विभिन्न आदिवासी जनजाति तथा नेपाली समाजलाई विश्वव्यापीकरण, आधुनिकीकरण, पश्चिमीकरण हिन्दुकरण, इशाईकरण तथा सूचना, प्रविधि र यातायातको विकासले कसरी संस्कार तथा संस्कृति परिवर्तनमा प्रभाव पारिरहेको छ भन्नेबारेमा जानकारी गराउँन सफल हुनेछ । यस शोध संस्कार तथा सांस्कृतिक परिवर्तनको क्षेत्रमा काम गर्ने सरकारी, गैर सरकारी, सामाजिक तथा जातिय संघ संस्थाहरुलाई उपयोगी हुने विश्वास लिइएको छ ।

वर्तमान समाज दिन प्रतिदिन जटिल वन्दै गइरहेको छ । समाज विकासको क्रममा आज परम्परागत समाज जटिल समाजमा परिवर्तन हुँदै गईरहेको छ । यस्तो परिवेशमा परम्परागत संस्कार तथा संस्कृतिमा भएको परिवर्तनबारे अध्ययन गर्नु अति महत्वपूर्ण देखिन्छ । जुन अध्ययनबाट संस्कार तथा सांस्कृति परिवर्तनको क्रममा विगत, वर्तमान र भविष्यको बारेमा समेत अडकल गर्न सकिन्छ भने भविष्यमा हाम्रो संस्कृति कतातिर जाने हो, के हुने हो र यसबाट कसरी सतर्क हुन सकिन्छ भन्नेबारेमा सचेत हुँन सकिन्छ ।

कतै हाम्रो मौलिक संस्कार संस्कृति परिवर्तन भई बुबा, आमाबाट Dad and Mom को संस्कार संस्कृति तर्फ पुग्ने त होइन भन्ने विषयमा ध्यान जानु जरुरी छ ।

# अध्याय दुई

## २. सन्दर्भ साहित्यको अध्ययन :

### २.१. विवाह सम्बन्धमा विभिन्न अवधारणाहरु :

विवाहलाई समाजशास्त्रीय तथा मानवशास्त्रीय अवधारणा अनुसार सामाजिक संस्थाको रुपमा व्याख्या गरिएको छ । विवाह सामान्यतया पुरुष र महिलालाई संगै बस्न स्वीकृति दिने सामाजिक संस्था हो । विवाह एउटा यस्तो संस्था हो, जस्ले स्त्री र पुरुषलाई पारिवारिक जिवनमा प्रवेश गराउँद्छ । यसले वैवाहिक सम्वन्धलाई धार्मिक मान्यता, कानूनी आधार र सामाजिक स्वीकृति प्रदान गर्दछ । यो संस्था सर्वव्यापक छ ।

विवाह सम्बन्धमा विभिन्न विद्वानहरुले आ आफ्नो परिभाषा यसरी दिएकाछन् :

* E.S. Bogardus,1957 का अनुसार "Marriage is an institution admitting men and women to family."

* मैलोनोवस्की का अनुसार "विवाह बच्चाहरुको उत्पत्ति र हेरचाहकालागि करारनामा हो ।"

* H.T. Majumdar (मजुम्दार) का अनुसार : "विवाह पुरुष र स्त्रीको सामाजिक रुपले स्वीकृत मिलन हो, वा पुरुष र स्त्रीको सहवास एवं मिलनलाई स्वीकृति प्रदान गर्नका लागि समाजद्वारा अविष्कृत एउटा गौण संस्था हो, जसको उद्देश्य (१) घरको स्थापना (२) लैङ्गिक सम्बन्धहरुमा प्रवेश (३) प्रजनन् । (४) बच्चाहरुको पालन पोषण हो ।"

* बालचन्द्र शर्मा २०१९ का अनुसार "स्त्री र पुरुषमा पती र पत्नीको सम्बन्ध जोडने धार्मिक वा सामाजिक कृत्य हो ।"

त्यस्तै गरी धार्मिक संस्कार अनुसार उपयुक्त भएका स्त्री पुरुषले एक आपसमा विधिपुर्वक पतित्व र पत्नीत्वको कर्तव्य निर्वाह गर्ने प्रतिबद्धता गर्नुलाई विवाह मान्न सकिने धारणा मनुस्मृतीले राख्दछ । भनी उल्लेख गरेका छन् । ( बराल, २०५७ :१६ )

विवाह के हो भन्ने सम्बन्धमा वेस्टरमार्कको परिभाषा बढी समेटिएको मध्यको परिभाषा मानिन्छ । जस अनुसार : "विवाह भनेको एक वा एक भन्दा बढी पुरुषहरु अथवा एक वा एक भन्दा बढी नारीहरुबीच हुने त्यो सम्बन्ध हो जसलाई कानून या परम्पराले पनि स्वीकार गर्दछ र त्यहाँ विवाहकर्ताहरु एवं तिनबाट जन्मेका सन्तानहरुको पालन पोषणसम्बन्धी अधिकार तथा कर्तव्यहरु पनि सम्मिलित भएका हुन्छन् ।"

औपचारिक रुपले विवाह कहिले देखि शुरुवात भयो भन्ने विषयमा मानवशास्त्री तथा समाजशास्त्रीहरुको विचारमा एकमत देखिदैन् । मानव समाजको सुरुसुरुमा व्यक्तिहरु बीचको यौन सम्वन्धलाई औपचारिक मान्यता प्रदान गर्ने र नियन्त्रण गर्ने त्यस्तो कुनै संस्था थिएन । पुरुष र महिला दुवैले आफुले चाहेको व्यक्तिसंग स्वतन्त्र यौन सम्बन्ध कायम गर्न सक्थ्यो । मानव समाजको उद्‌विकासको व्याख्या गर्ने क्रममा Morgan ले समाज विकासको विभिन्न तहहरु कोरेका छन् । उनका अनुसार आजको विवाहको सुरुवात एवं विकास निम्न चरणहरु पार गरी भएको छ ।

(१) रक्त सम्बन्धमा आधारित परिवार (Consanguineous marriage)
(२) समूह विवाह (Group marriage)

(३) अस्थायी प्रकृतिको विवाह (Syndesmian marriage)

(४) पितृप्रधान विवाह (Patriarchal marriage)

(५) एकलगामी विवाह (Monogamy marriage)

विवाह महिला पुरुषलाई यौन सम्बन्ध स्थापना गर्न वैधानिकता दिने सामाजिक तथा कानूनी मान्यता प्राप्त संस्था हो । वैवाहीक सम्बन्ध बिनाको यौन सम्बन्धलाई सामाजिक स्वीकृति नहुने हुँदा हालको कानून र सामाजिक मूल्य मान्यता अनुसार विवाह गर्नु पर्ने हुन्छ । विवाह सन्तान प्राप्तिको लागि पनि सामाजिक तथा कानूनी आधार हो । विवाह एक महत्व पूर्ण सामाजिक संस्कार हो । यो सबै देशको सबै जातजाति धर्म, संस्कार तथा संस्कृतिका नागरिकहरुमा आ-आफ्नै तरिकाले गर्ने गरेको पाइन्छ । यो हाल सम्मा सर्वव्यापी रुपमा पाइन्छ त्यसैले यसको महत्व पनि त्यतिकै छ ।

## २.२. विवाहको प्रकार :

विवाहका प्रकारहरुलाई यस प्रकार उल्लेख गरिएको पाइन्छ :

**१. संख्याका आधारमा :**

क. एकलगामी विवाह (Monogamy Marriage)  ख. बहुपत्नी विवाह (Polygyny Marriage)

ग. बहुपत्ति विवाह (Polyandry Marriage)  घ. समूह विवाह (Group Marriage)

**२. प्रचलनका आधारमा :**

क. सजातिय विवाह (Endogamy Marriage)

ख. विजातिय विवाह (Exogamy Marriage)

ग. नातागत विवाह (Causin Marriage)

(अ) कुलीन विवाह  (आ) प्रतीलोम विवाह  (इ) साली विवाह

(ई) भाउजू विवाह  (उ) मामा चेला फुपूचेली विवाह

**३. विवाहका आधुनिक स्वरुप तर कम प्रचलीत :**

क. समलिङ्गी विवाह (Homosex Marriage)

ख. अदालती विवाह (Cote Marriage)

ग. प्रेम विवाह (Love Marriage) (तुलनात्मक रुपमा वढी प्रचलित)

**४. हिन्दु धर्म तथा संस्कार अनुसार विवाहका स्वरुप :**

क. ब्राह्म विवाह  ख. दैव विवाह  ग. आर्ष विवाह  घ. प्रजापत्य विवाह

ङ. आसुर विवाह  च. गन्धर्व विवाह  छ. राक्षस विवाह  ज. पैशाच विवाह

हाम्रो देश नेपालमा धेरै जातजाति, धर्म समुदाय भएका कारण विवाहको उत्तिकै महत्व भए पनि विवाह गर्ने तरिकामा भने फरक पाईन्छ । विभिन्न जातजाति तथा धर्म समुदायका मानिसले आ-आफनै धर्म, संस्कार र संस्कृति अनुसार विवाह गरेको पाइन्छ । यसै परिपेक्षमा तामाङ जातिको पनि विवाह गर्ने परम्परा आफ्नै मौलिक किसिमको रहेको छ । यसैबारेमा शोध अध्ययन गरिने भएको हुँदा यस शोध अध्ययनमा विस्तृत रुपमा व्याख्या गरिएको छ ।

## २.३. तामाङ जातिको परम्परागत विवाह सम्बन्धमा विभिन्न विद्वानहरूको ब्यक्तिगत धारणा :

(१.) स्व.सन्तवीर लामा (पाख्रिन) ज्यूले तामाङ जातिको विवाह सम्बन्धमा **'स्येबु-स्येमु ह्वाई-रीमठिम'** पुस्तकमा **रीत-भात**बारे यसरी टिप्नी गरेका छन् । : "रीत (चलेको चलन), भाँत (भाँती परेको), अर्थात भाँती परेको रीत । आफूले मान्नुपर्ने ठूलो-बडाका घरमा जाँदा रित्तोहात जान हुँदैन, केही कोशेली लाने परापुर्खादेखि चलिआएको चलन हुनाले विवाहमा पनि कोशेली लाने रीति-थितिनै बन्न गयो । 'रीति' अपभ्रंश भएर 'रीत' हुन गयो । 'रीत छिर्नु' (कोसेली) लानेको खुसी हुन्छ, थाप्नेको हुँदैन । 'थोरै ल्यायो, नराम्रो भयो' भन्नु अनुचित र असभ्यता हो ।"

विवाहमा रीत-भाँत लानुपर्छ वा थाप्नुपर्छ भन्ने कुनै कुराको उल्लेख 'ताम्बा'ले गरेका पनि छैनन् । बारा तामाङहरुको 'ठिम' (रीत) पनि होइन । असल झर्रा तामाङहरुमा रीतभातको कुराहरु पनि उठ्दैन । गोथर साङरी (तल्लो जात)का तामाङवर्गमा चारदाम, आठदाम, बगीदाम, फुकीदाम, मावली, दुधौलो, ढोकाउली, चोरीदण्ड इत्यादी बहाना गरी अत्तो थापेर जुवाँईबाट जाँड, रक्सी, रोटी, अचार, कुखुरा, खसी, चामल आदि खाद्य सामाग्री बाहेक रुपैयाँ-पैसा समेत ठगी खाने घृणित चलन छ ।

(२.) डा. मुक्तसिंह तामाङ ज्यूले चारदामको बारेमा यस्तो भन्नुहुन्छ : " 'चार दाम' नेपाली खस भाषाको शब्द रहेको तर्क गर्दै तामाङ भाषाको 'चर तम' बाट 'चार दाम' भएको दावी गरेका छन् । तामाङले 'चर' को अर्थ 'हाड' र 'तम' को अर्थ 'कुरा' अर्थात चारदाममा केटीको हाडको कुरा गरिने हुँदा 'चारदाम' नभई 'चरतम' नै भएको आफ्नो अनुसन्धानको निष्कर्ष रहेको जनाएका छन् ।" (श्रोत : राष्ट्रिय मासिक याम्बुरी, २०६९ कार्त्तिक)

(३.) सिङमान तामाङ (ख्युङबा) ज्यूले **तामाङ जाति इतिहासदेखि वर्तमानसम्म** नामक पुस्तकमा विवाह सम्बन्धि यसरी टिप्पनी गरेकाछन् : "तामाङ जातिको संस्कृति पक्षका मौलिकता खोजेर हेर्ने हो भने रुइबा भनेको हाड हैन, रुई अर्थात थर भनेको हो । गडबडी यही रुइबा र रुईवीच भएको छ, कारण थर भन्नु पर्नेमा हाड भनियो । यो सर्वसाधारण सबैले थाहा पाउँनु पर्ने विषय हो कि कुनै गोले वंशकी छोरी घिसिङको छोरासंग विवाह हुन्छ भने उनी घिसिङ कहिल्यै हुन्नन् । उनको जीवनभरि गोले नै भइरहन्छ । चारदाममा भन्न खोजेको पनि यही कुरा हो । तर यस कुरालाई कतिबेला कुन जिब्रोले रुइवा हाड भनिदिएकाले हामी तामाङहरुमा यो एउटा सुधार्नु पर्ने विषयका रुपमा देखा परेको छ ।"

त्यसैगरि उहाँ लेख्नुहुन्छ : 'इतिहासकालदेखि नै तामाङ समाजमा विवाहको बेला छोरीचेलीको नाम गरेर कुटुम्बसँग रीत खाने चलन छैन । रीत खाने भन्नेबारेमा यदि केटाबाट चोरी विवाह गर्दा मात्र रीतको दण्ड तिर्ने चलन छ , त्यसमा पनि परम्पराको नियमलाई मात्र पूरा गर्ने गर्दछन् ।'

उहाँले चारदामको बारेमा यसरी लेखनु हुन्छ : 'विवाहको समय छोरीचेली कुटुम्बलाई जिम्मा दिने बेलामा ४ वस्तुहरुलाई साक्षीका रुपमा राखेका हुन्छन्, जस्तै १) विवाह हुने स्थलको अलौकिक देवीदेवताहरु, (२) हिमालको डाँफे र तराईको मयूरहरुका लागि जिउँदो कुखुराको भाले, (३) जल जन्तुहरु गोही, कछुवा आदिका लागि जिउँदो माछा र (४) विवाह हुने स्थलमा उपस्थित भएका सम्पूर्ण चेतनशील मनुष्य प्राणीहरु गरी जम्मा ४ वस्तुहरुलाई साक्षी राखेर कुटुम्बलाई जिम्मा दिन्छन् । यसैलाई चारदाम भनिन्छ । तर दुखको कुरा यी साक्षी राख्ने माछाको ठाउँमा कतै कतै सुकेको माछा (सिद्रा) लाने अनि साक्षी राखेको कुखुराको भाले कार्यक्रम सके पछि भालेलाई च्वाट्ट काटेर खाने गर्दछन् । यसरी साक्षी राख्ने माछा मरेको लाने अनि साक्षी राखेको भाले काटेर खाने भए पछि साक्षी कस्ले बसिदिने ? त्यसो हुनाले जिउँदै कुखुराको भाले र जिउँदै माछा ल्याई चारदामको बेलामा राख्नु पर्दछ ।'

## २.४. नेपालमा आधुनिकीकरण :

नेपालमा आधुनिकरणको प्रसंग हेर्दा २००७ सालको प्रजातन्त्र प्राप्ती पछिको समयलाई लिइन्छ । पृथ्वीनारायण शाहको काठमाडौं उपत्यकाको बिजय १८२५ सालमा पुरा भएकोले एकीकरण (Unification) लाई आधुनिकताको एक अंशका रुपमा लिंदा यो कुरा उचित देखिन्छ । आधुनिकीकरण बहुपक्षिय प्रक्रिया हो । एक पछमा देखिएको सकारात्मक उपलब्धिका साथै बहुसंख्यक जनतामा परिवर्तनशिलताले स्थान लिन सकेको देखिदैन । एकिकरण पछिको राजनीतिक विकासमा प्रजातन्त्र महत्वपूर्ण पक्ष भएकाले २००७ सालको परिवर्तनबाट नेपालको आधुनिकीकरणको प्ररम्भ मान्नुपर्ने हुन्छ ।

नेपालमा प्रजातन्त्रको स्थापना भएपछि पशिचमी विश्वको लागि देश खुला भयो जस्ले गर्दा देश एकातिर विदेशीको आगमन नेपालमा हुन थाल्यो भने नेपालको पनि विश्वका देशसंग सम्पर्क बढ्न गयो । परिणाम स्वरुप नेपालमा राजनीतिक, आर्थिक, सामाजिक सबै क्षेत्रमा परिवर्तनका विभिन्न प्रयासहरु हुन थाले । राजनीतिक क्षेत्रमा प्रजातन्त्रको आगमन पछि संविधानको निर्माण, आमचुनाव, पंञ्चायती व्यवस्थाको उदय २०१७, जनमत संग्रहको घोषणा २०३६, जनअन्दोलन २०४६ र बहुदलीय प्रजातन्त्रको पूनः स्थापना, विकेन्द्रिकरण, संयूक्त राष्ट्रसङ्घमा नेपालको योगदान, असंलग्नता र सार्कमा नेपालको भूमिकाले स्थान पाए । यसबाट आर्थिक क्षेत्रमा योजनावद्ध अर्थव्यवस्थाको प्रारम्भ २०१३ साल, मिश्रित अर्थव्यवस्था (२०१७ -४५), खुला तथा उदार अर्थतन्त्र २०४६, यातायात र विद्युतको विकास पर्यटन उद्योगको विस्तार, भूमि सुधार कार्यक्रम २०२१, जस्ता महत्वपूर्ण उपलब्धि हासिल भएका छन् । सामाजिक पक्षमा नयाँ मुलुकी ऐन २०२०, महिला र बालबालिकाको हित र संरक्षण, राष्ट्रिय शिक्षा पद्दतीको योजना २०२८, शहरीकरण, स्वास्थ्य र सरसफाई कार्यक्रम, गैरसरकारी संस्था (NGO) जस्ता पक्ष विकास भएका छन् जसले गर्दा नेपालमा परम्परागत अवस्थाबाट आधुनिकीकरण गर्न सहयोग मिलेको छ । यी कार्यक्रमले गर्दा धेरै क्षेत्रमा प्रभावकारीता आएको छ जुन सकारात्मक हो भने अर्कोतिर छाडा संस्कृतिको आगमन, एड्स, लागुपदार्थ, व्यक्तिवादी चिन्तन र परम्परागत मूल्य मान्यतामा गतीरोध पनि देखा परेका छन् । आधुनिकीकरण स्वयंमा नराम्रो होइन, यसमा योजनावद्धताको अभावले विकृति भित्रिएको छ ।

अन्त्यमा आधुनिकरणको परिप्रेक्ष्यमा परम्परागत मान्यतामा परिवर्तन, बहुदलीय प्रजातन्त्रको स्थापना, भूमिसुधार, मुलुकी ऐनबाट क्रमश आर्थिक र सामाजिक क्रान्तिमा सहयोग, राष्ट्रिय शिक्षामा आएको परिवर्तनले साक्षरतामा वृद्धि र आवश्यक जनशक्तिको उत्पादन, विकेन्द्रिकरण र केन्द्रको शक्ति स्थानिय रुपमा प्रदान गरेर जनसहभागिता मूलक कार्यक्रमको थालनी, महिला र बालबालिकाको हकहितको संरक्षण, दिगोविकास र स्वावलम्बी कार्यक्रमको कार्यन्वयन जस्ता पक्ष उल्लेख गनुपर्छ । यसरी नेपालमा आधुनिकीकरणबाट समाजलाई नवीनता प्रदान गर्नमा सहयोग पुगेको पाइन्छ ।

यसै नेपाली समाज अन्तर्गतको एक तामाङ जातिको संस्कार र संस्कृतिमा पनि आधुनिकताको विकास भएको र आधुनिकीकरणको प्रभाव परेको देखिन्छ ।

## २.५. पश्चिमीकरण :

**तामाङ जातिको परम्परागत विवाह संस्कारमा देखिएको परिवर्तनहरु**बारेमा अध्ययन गर्दा पशिचमीकरणको बारेमा अध्ययन गरिएन भने अधुरो तथा अपुरो हुने भएकोले पशिचमीकरणको प्रभावबारे पनि अध्ययन गर्न खोजिको छ । आधुनिकीकरण र पशिचमीकरण एक अर्काको पुरक जस्तो देखिन्छ । पशिचमीकरण भन्ने बित्तिकै हामी यूरोपियन संस्कृतिलाई सम्भन्छौं चाहे त्यो भौतिक संस्कृति होस तथा अभौतिक संस्कृति । जस्को प्रभावबारे बुभिन्छ । पशिचमीकरणकोबारेमा डा. श्रीनिवासले पशिचमीकरणलाई अर्थ्याउदैं लेखेका छन् "मैले पशिचमीकरण शव्दको प्रयोग भारतेली समाज एवं संस्कृतिका ती परिवर्तनहरुका लागि गरेको हुँ जुन एक

सय पचास वर्ष भन्दा बढीको अंग्रेजी राज्यको परिणाम स्वरुप उत्पन्न भएका हुन् र यस शव्दले प्रविधि, संस्था, विचारधारा मूल्य आदि विभिन्न स्तरमा हुने परिवर्तनलाई समावेश गर्दछ ।" त्यसैगरी लिन्चेले श्रीनीवासको विचारधारालाई उद्धाहरण गर्दै भनेका छन् "पश्चिमीकरणमा पश्चिमी पोशाक, खानपानका तरिका, शिक्षा, प्रविधि, खेल, मूल्य आदिलाई समावेश गरिन्छ ।" वास्तवमा पश्चिमीकरण भनेको रीतिरिवाज र तरिकाहरु अपनाउने कुरामात्र होईन यो त एक जटिल एवं सर्वव्यापक अवधारणा हो । यसमा विज्ञान, प्रविधि, प्रयोग सिद्ध पद्धति आदि पर्दछन ।

पश्चिमीकरण अनेक आर्दश (Model) हरु हुन सक्छन् । तिनमा यूरोपेली देशहरु एवं अमेरिका, क्यानाडा, अस्ट्रेलिया, न्यूजील्याण्ड आादि देशहरुमा पश्चिमीकरणका केही तत्वहरु समान रुपका पाइने भएता पनि प्रत्येक देशको संस्कृतिको आफ्नै केही विशिष्ट विशेषताहरु छन् । त्यसैले तिनीहरुकाबीचमा महत्वपूर्ण अन्तरहरु पाइन्छन् । नेपालमा सामाजिक र सांस्कृतिक परिवर्तनको विश्लेषणमा पश्चिमीकरणको भारतेली तथा अंग्रजी आदर्श नै महत्वपुर्ण छ ।

अंग्रेजहरुको शासनले भारतेलीहरुलाई नयाँ प्रविधि, औधोगिकीकरण, यातायात एवं संचारका नौला साधनहरु, उदारवादी शिक्षा, नयाँ न्याय व्यवस्था, नगरीकरण, मानवतावाद, व्यक्तिवाद, आधुनिकीकरण, समानता, स्वतन्त्रता, प्रजातन्त्र आदिसंग परिचित गरायो भने नेपालीहरुलाई भारतेली एवं अंग्रेजहरुले । परिवर्तनका यिनै शक्तिहरुले गर्दा नेपालीहरुको खानपान, रहन-सहन, प्रथा, रीतिरिवाज, संस्था, धर्म, कला, संगीत, साहित्य, शिक्षा, आर्दश, मूल्य, विश्वास आदिमा अनेक परिवर्तन भएको छ । जसलाई पश्चिमीकरण भनिन्छ ।

पश्चिमीकरण जटिल प्रक्रिया हो । यसको प्रभाव सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक, प्रविधिक एवं अन्य स्तरहरुमा देख्न सकिन्छ । एक समाजको विभिन्न पक्षमा पश्चिमीकरणको प्रभाव भिन्न भिन्न रहेको हुन्छ । कुनै पक्ष बढी प्रभावित र परिवर्तित हुन्छ भने कुनै चाँहि कम । समाजका सवै पक्षहरुमा पश्चिमीकरणको प्रभाव समान रुपले पर्दैन । नेपालमा पश्चिमीकरणको प्रभाव सबै ठाउँमा समान रुपको छैन । २००७ साल पछि नेपालमा विशेष गरी व्रह्माण वर्गलाई पश्चिमीकरणले प्रभावित ग-यो । पश्चिमीकरणका सबभन्दा ठूलो प्रभाव काठमाडौं उपत्यकालाई परेको छ ।

## २.५.१. नेपालमा पश्चिमीकरण :

भारतमा अंग्रेजहरुको शासन शुरु हुँदा नेपालमा राणाहरुका हालीमुहाली थियो । राणा शासकहरु अंग्रेजका भक्त थिए । त्यसैले भारतेली समाजमा परेको अंग्रेजहरुको प्रभाव नेपाली समाजमा पर्न गयो । अंग्रेजहरुसंग राजनीतिक एवं आर्थिक शक्ति थियो । साथै उनीहरुसंग नौलो प्रविधि, वैज्ञानिक ज्ञान र साहित्यको भण्डार थियो । यी सब कुराबाट प्रभावित भएर उच्च जातिका मानिसहरुले अंग्रेजहरुको अनुकरण गर्न थाले, उनीहरुको प्रथा र बानीलाई अपनाउन लागे । अंग्रेजहरुले जस्तैगरी यहाँका उच्च वर्गका मानिसहरुले पनि आफ्नो भोजमा माछा, मासु, जाँड, रक्सी जस्ता निषेधित वस्तुहरु प्रयोग गर्न थाले । यसरी नेपाली समाजमा पश्चिमीकरण शुरु भयो । नेपालमा पश्चिमीकरणको प्रभाव बढाउने कार्य नेपाल र इष्टइन्डिया कम्पनीबीचको युद्धले गरायो । उक्त युद्धपछि नेपाल र अंग्रेजकाबीच सुगौलीको सन्धि भयो । सुगौली सन्धि पश्चात नेपालमा वृटिश राजदुतावासको स्थापना गरियो । उक्त राजदुतावासको स्थापना पछि शासक वर्गदेखि उच्च तथा मध्यम शासित वर्गका मानिसहरुको सम्पर्क अंग्रेजहरुसंग बढ्दै गयो । उच्च वर्गका मानिसहरु पनि अंग्रेजभन्दा तल्लो तहमै पुग्न गए । फलतः उनीहरुले अंग्रेजहरुको अनुकरण गरी आफूलाई पश्चिमीकरण गराउदै लगे । यसरी पनि नेपालमा पश्चिमीकरणले प्रभाव पारेको छ ।

नेपालमा बि.सं. १९०३ सालमा कोत पर्व र भण्डारखाल पर्वहरु भए । ती दुई पर्वले नेपालमा राणाहरुलाई शक्तिशाली बनाए । फलस्वरुप कतिपय नेपाली परिवारहरु सर्वस्वहरण सहित निर्वासित गरिए । निर्वासित

भएका परिवारहरुको जाने ठाउँ एकमात्र भारत थियो । भारत गएका नेपाली परिवारहरुको संगत भारतेली समाजसित भयो । भारतेली समाजलाई पहिलेदेखि नै अंग्रेजहरुले पश्चिमीकरण गर्दै लगेका थिए । अतः नेपाली परिवारमा पनि स्वभाविक रुपले यसको प्रभाव पर्न गयो ।

पश्चिमीकरणको सबभन्दा ठूलो प्रभाव ब्राह्मान वर्गमा परेको देख्न पाइन्छ किनभने पश्चिमी प्रभाव परेपछि कतिपय ब्राह्माणहरुले जनै लगाउँनै छोडिसकेका छन् । कहाँ सम्म भने ब्राहमाणहरुको भोजनमा जुन कुरा बर्जित थिए ती वस्तुहरु प्रयोग हुन थालेका छन । उदाहरणको रुपमा : लसुन, प्याज, टमाटर, अण्डा, रक्सी आदिलाई लिन सकिन्छ । उक्त वस्तुहरु पहिले ब्राहमणहरुको भोजनका लागि निषेधित थिए । यसैगरी पहिलेका ब्राह्मानहरु चिकित्सक बन्न चाहँदैन थें किनभने चिकित्सक भएपछि जुनसुकै जातिका रोगीहरुलाई पनि छुनुपर्ने हुन्थ्यो । तर पश्चिममा प्रभावले गर्दा अहिलेका ब्राह्मणहरु डाकटर, इन्जीनियर, सेना आदि पनि बनिसकेका छन् ।

पछिल्लो समयमा पश्चिमीकरणको प्रभाव नेपालका सबैठाउँका सबैजात जातिलाई धेरथोर रुपमा परेका छन् । यसै सन्दर्भमा नेपालका आदिवासी जनजाति अन्तर्गतको एक प्रमुख जाति तामाङ जातिको संस्कार, संस्कृति तथा धर्म परिवर्तनको सन्दर्भमा पनि पश्चिमकिरणको प्रभाव परेको देखिन्छ । हाल तामाङ जातिको संस्कार र संस्कृतिमा पश्चिमीकरणको प्रभाव परेका कारण तामाङ जातिको परम्परागत विवाह संस्कारमा पनि पश्चिमीकरणको प्रभाव परेको देखिन्छ ।

## २.६. हिन्दुकरण :

नेपाल सानो देश भएतापनि धार्मिक विविधताले भरिपूर्ण छ । यहाँ मुख्य धार्मिक सम्प्रदायहरु, हिन्दु, बौद्ध तथा मुस्लिम छन् भने क्रिश्चयन, जैन जस्ता धर्महरु पनि छन् । तर नेपालको संविधानमा प्रष्ट उल्लेख छ : नेपाल एउटा स्वतन्त्र, अविभाज्य र सर्वभौमसत्ता सम्पन्न राजतन्त्रात्मक हिन्दु अधिराज्य हो । (मुलेकी ऐन २०२० )

नेपालमा हिन्दु धर्मावलम्वीहरु तेह्रौ देखि पन्द्रौं शताब्दी सम्म भारत वर्षमा मुसलमानहरुको अतिक्रमण देखि डराएर आर्यहरु नेपाल पस्न थालेदेखि मात्र यो धर्मले पनि उनीहरु सगैं नेपालमा जरो गाड्न थालेको देखिन्छ । शुरुमा यो धर्म अल्पसंख्यामा थियो ।नेपाल भू-भाग लिच्छविकाल पछि क्रमशः टुक्रिदै गयो र यसको एकिकरण गर्ने कार्य पृथ्वीनारायण शाहले गरेको पाइन्छ । नेपालमा हिन्दु धर्मको विकासको लागि शाह वंशिय राजा महाराजाहरुले प्रमूख भूमिका खेलेको पाइन्छ ।

गोरखाली शासक वर्गले राजनैतिक शक्ति हत्याय पछि राष्ट्रिय जीवनका हरेक पक्षमा हिन्दुवादको सर्वोच्चता र आर्यजातको एकाधिपत्य कायम गर्नु, गराउँन खोजे । गोर्खाको शासन हिन्दुशास्त्र अनुसार चलेको थियो । पृथ्वीनारायण शाहले आफ्ना पुर्खाले झैं आफ्नो राज्य हिन्दुशास्त्र अनुसार चलाउन चाहेको कुरा उनको दिव्य उपदेशबाट पनि थाहा हुन्छ । मेरा साना दुःखले अर्ज्याको होईन सबै : सबै जातको फुलवारी हो । सबैलाई चेतना भया । यो फुलवारीको छोटा वडा चार जात छत्तिस वर्णले यो असली हिन्दुस्थान हो आफ्नो कुल धर्म नछोड्नु स्वामितको नुनको उधार गर्नु यसबाट पृथ्वीनारायण शाह सही अर्थमा नेपाललाई हिन्दुस्थान ( हिन्दुराज्य) बनाउन चाहने भन्ने बुझिन्छ । जस्ले गर्दा नेपालमा गैरहिन्दु जातिको संस्कृतिमा हिन्दु संस्कृतिको प्रत्यक्ष प्रभाव पर्न गएको देखिन्छ ।

पृथ्वीनारायण शाहको वर्ण (जातपात) व्यवस्था लागु गर्ने अभिलाषालाई प्रधानमन्त्री जंगवहादुर राणाले पुरा गरे । उनले गोर्खावंश स्थापित भए देखिन उनको पालासम्ममा व्यवहारमा भएका जातपात व्यवस्थालाई संगालेर सन् १८५३ मा बनी ६ जनवरी १८५४ मा मुलुकी ऐन जारी गरे । सन १८५४ को मुलुकी ऐनले सर्वप्रथम नेपाल अधिराज्य भरका विभिन्न वंश, प्रजाति र संस्कृतिका मानिसहरुलाई हिन्दु नीतिशास्त्र स्मृतिका भावना अनुरुप विभिन्न उचनिच स्तरहरुमा विभाजित ग-यो । यो ऐनले आर्य समुदाएलाई चोखो वा शुद्धजात (वर्ग-१)

र अशुद्ध वा अपवित्र जात (वर्ग-४ र ५) को श्रेणीमा राखेको छ। चोखो वा शुद्ध जातमा तीन तह बाहुन, क्षेत्री र वैश्य थिए । अछुत जातमा दुई तह छोइछिटो हाल्नुपर्ने र छोइछिटो हाल्नु नपर्ने । गैर आर्य समाज, आदिवासी प्रजातिलाई मतवाली वर्ग नामाकरण गरिएको थियो । सो अन्तर्गत दुई तह मासिने र (कमारा वनाउन वा मास्न सकिने) र नमासिने (कमारा बनाउन तथा मास्नु नसकिने) श्रेणीमा राखेको थियो । हिन्दुशास्त्र अनुसार मतवाली र अशुद्ध जात दुवै एउटै शुद्र वर्गमा पर्ने भए पनि गैर आर्यसमुदायलाई मतवाली र हिन्दु शुद्रलाई अशुद्ध जात भनियो । त्यस मध्ये तामाङहरु मासिने मतवाली वर्गमा पर्दथ्यो । यसरी तामाङ जातिलाई मासिने मतवाली वर्गमा राखेर शाह र राणा शासक वर्गले तामाङहरु प्रति शत्रुतापुर्ण व्यवहार अपनाएको देखिन्छ ।

धर्म र राजनीतिमा सर्वोच्च स्थान राख्ने चाणक्यनीतिमा परिपक्व आर्यहरुले धर्म प्रचारका साथसाथै मंगोल जातिहरुकाबीचमा द्वन्द्व पैदा गरी वर्णाश्रम व्यवस्थालाई धुर्त्याईपूर्ण तरिकाले प्रवेश गरायो । हिन्दु धर्मको वर्णाश्रम व्यवस्थाअनुसार तागाधारी र मतवाली जातहरुको श्रेणी विभाजन भएपछि शासक र शासित जातिको रुपमा विकसित भयो । राज्यको सम्पूर्ण धार्मिक, आर्थिक र सामाजिक सत्तामा एकाधिपत्य तागाधारीमा सिमित रहन पुगेकाले शासित जातिमा परिणत भएका यी मतवालीहरु आदर्शको स्थितिमा पुगे । आज भोटे (मंगोल) जातिहरुको भाषाहरु संरक्षण नपाएकाले विलयनको बाटो तिर राष्ट्रभाषाको मान्यता प्राप्त नेपाली भाषा व्यापकताको बाटोमा देखिन्छ । हिन्दुधर्म, संस्कृति र भाषाको विकास तथा बिस्तार सत्ताको संरक्षणमा गरेको पाईन्छ । नेपालमा तागाधारी कहलाउने व्यक्तिहरुमा शिक्षा, संस्कृति, उद्योग, व्यापार, कलाकोशलको वृद्धि तीब्ररुपले बढ्दै गयो भने अर्कोतिर मतवालीहरुको आर्थिक र राजनैतिक ह्रास मात्र भएको होईन की उनीहरुको संस्कृति, लिपि, इतिहास, धर्म, भाषा, संस्कार, संस्कृति क्रमशः नष्ट हुंदै गयो ।

तीनै मतवाली अन्तर्गतको एक जाति तामाङ जातिको संस्कार, संस्कृति भाषा, लिपि, इतिहास, धर्म क्रमशः विस्तारै नष्ट हुंदै गएको देखिन्छ । नेपालमा हिन्दु आर्यहरुको प्रवेशसंगै आदिवासी जनजातिको समग्र पक्षमा परिवर्तन र प्रभाव पर्दै गएको देखिन्छ । नेपाल राज्यको कथित एकीकरणसंगै तामाङ जाति उपर हिन्दु अतिवादी, राजपरिवार र राणाहरुले शोसन, दमन र भेदभाव गरेको तथ्य आज सबैमा जगजाहेर छ । जसको कारण तामाङ जातिहरु आज पनि शोसन, दमन र भेदभाव विरुद्ध राज्य तथा हिन्दुअतिवादीसंग लडिरहेका छन् । आज तामाङ जातिको संस्कार तथा संस्कृतिमा हिन्दुकरणको प्रभाव प्रशस्त रुपमा देखिन्छ । यसै सन्दर्भमा तामाङ जातिको परम्परागत विवाह संस्कारमा पनि हिन्दुकरणको प्रभाव परेको देखिन्छ ।

# अध्याय तीन

## ३. अनुसंधान विधि (Research Methodology)

### ३.१. क्षेत्र निर्धारण (Site Selection) :

यस अध्ययनमा बागमती अञ्चलको सबै जिल्लाहरु र जनकपुर अञ्चलको दोलखा र सिन्धुपाल्चोक जिल्लालाई अध्ययनको विषयमा राखिएको छ । यी जिल्लाहरुमा तामाङ जातिको बाहुल्य रहेको साथै यी जिल्लाहरु तामाङको ऐतिहासिक भूमी रहेको कारणले यस जिल्लामा बसोवास गरेका तामाङ जातिहरुबाट अध्ययन गरेर परम्परागत विवाह संस्कारको निष्कर्ष निकालिएको छ भने त्यसमा आएको परिवर्तनवारे अध्ययन गर्न काठमाडौं  जिल्लाको जोरपाटी गा.वि.स.मा रहेका तामाङ जातिलाई अध्ययन क्षेत्र बनाईएको छ । यो ठाउँ तामाङ जातिको परम्परागत विवाह संस्कारमा देखिएको परिवर्तनबारे नमूना अध्यनको लागि अति उपयूक्त देखिन्छ । किनकी यहाँका तामाङहरुमा अहिले विश्वव्यापीकरण, आधुनिकीकरण, पश्चिमीकरण, हिन्दुकरण, इशाईकरण र सूचना, प्रविधि, यातायात, शिक्षा आदि लगाएतका विभिन्न  कारकतत्वहरुले गर्दा व्यापकरुपमा परिवर्तन भएको देखिन्छ । साथै यस गा.वि.स. शहर भएको र यहाँ तामाङ जातिको जनसंख्या अत्याधिक भएकोले पनि यस अध्ययनका लागि यस गा.वि.स. अति उप्यूक्त रहेको छ ।

### ३.२. अनुसन्धान संरचना ( Research Design) :

यस शोध अध्ययनको लागि संरचनात्मक अनुसन्धान विधि (Formative Research Design) अपनाइएको छ । तामाङ जातिको संस्कारवारेमा अध्ययन अनुसंन्धान गर्नु पर्ने र गा. वि. स. भरिका सबै तामाङहरुसंग व्यक्तिगत अन्तर्वार्ता  गर्न नसकिने भएकाले उक्त गा.वि.स.का तामाङहरु मध्येबाट Sampling गरेर IDI (In depth Interview) र FGD (Focus Group Discussion) गरेर महत्वपूर्ण तथ्याङ्क (Data) हरु संकलन गरिएको छ ।

### ३.३. नमूना छनौट तरिका ( Sampling Procedure) :

कुनै एक जाति विशेषको संस्कार तथा संस्कृतिमा आएको परिवर्तनबारे अध्ययन गर्नु पर्ने भएको हुंदा ***असम्भाव्य नमूना छनोट विधि*** (Non- Probability Sampling) को प्रयोग गरिएको छ । यसमा नमूना छनोटका लागि कुनै निश्चित उद्देश्य बनाएको हुन्छ वा निश्चित स्थान छुट्याईएको हुन्छ र त्यही आधारमा निश्चित एकाईहरु मात्र नमूनामा पर्दछन् । यस प्रकार जनसंख्याको प्रत्येक तत्वहरु वा एकाईहरु छनोटमा पर्ने सम्भावना रहदैन भने त्यसलाई Non probability Sampling भनिन्छ ।

यसका विभिन्न स्वरुपहरु मध्ये ***उद्देश्य पूर्ण नमूना छनोट*** (Purposive Sampling) को प्रयोग गरिएको छ । अनुसंधान कर्ताले आफनो निश्चित उद्देश्य पूर्तिका लागि समग्र जनसंख्याबाट छानी छानी केही नमूना मात्र छनोट गरिन्छ भने त्यस्तो नमूना छनोट नै Purposive Sampling हो । यस Purposive Sampling बाट तामाङ समुदायको विवाह संस्कार तथा संस्कृति परिवर्तनको बारेमा उक्त गा.वि.स.का बुढापाका (वृद्धा), बुद्धिजिवी, भद्रभलादमी, समाजसेवी, राजनीतिकर्मी, शिक्षक, संचारकर्मी, लामा, झांक्री (बोन्बो), ताम्बा (तामाङ संस्कार जान्ने व्यक्ति) गान्बा तथा सर्वसाधारण आदिसंग आवश्यक्ता अनुसार सूचना संकलन गरिएको छ ।

## ३.४. तथ्यांकको प्रकृति (Nature of Data) :

शोध अध्ययनमा मौखिक (Primary) तथा सहायक (Secondary) दुवै तथ्यको प्रयोग गरिएको छ । Secondary Data को रुपमा यस भन्दा अगाडि गरिएका अनुसंन्धान र विभिन्न श्रोतबाट प्राप्त जानकारीहरुलाई लिइएको छ भने Primary Data को लागि सम्बन्धित अध्ययन क्षेत्रमा स्वयं आफू गई सूचनाको संकलन गरिएको छ । जसमा अन्तर्वार्ता र लक्षित समुह छलफल विधिको प्रयोगबाट Primary Data हरु प्राप्त गरिएको छ ।

## ३.५. तथ्यांक संकलन तथा तथ्यांक संकलन प्रविधि (Data collection or Technique of Data Collection) :

### ३.५.१. व्यवस्थित नियन्त्रित अवलोकन (Systematic Controlled Observation) :

सामाजिक विज्ञान अनुसन्धानका तकनिकीहरु (Techniques) मा अवलोकन एक प्रमुख तकनिकी हो । समाजशास्त्रीय अनुसन्धान विधिमा तथ्याकं संकलन गर्दा अन्तरवार्ता विधिमा आई पर्ने कठिनाईहरुलाई हटाउदै अवलोकन एक्लैबाट अथवा अन्तरवार्ता र अवलोकन दुवैको संयूक्त सहयोगबाट तथ्यांक संकलनमा निकै सजिलो हुन जान्छ । वास्तवमा अवलोकन कुनै पनि वैज्ञानिक अनुसंधान कार्यमा अनिवार्य र महत्वपुर्ण मानिन्छ । विज्ञानको सुरुवात अवलोकनबाट हुन्छ र यसको अन्तिम प्रमाणिकता पनि अवलोकनमा नै गएर प्राप्त हुन्छ । अवलोकनका धेरै स्वरुपहरु हुन्छन् । ती मध्ये व्यवस्थित नियन्त्रण अवलोकन (Systematic Controlled Observation) यस अध्ययनमा प्रयोग गरिएको छ । यो अवलोकन अन्वेषणात्मक अध्ययनमा बढी उपयोगी हुन्छ । अवलोकन कर्ताले अवलोकनका लागि स्तरीय साधनहरु :- क्यामरा, टेपरिकर्डर, नक्सा, समाजमितिय स्केलहरु प्रयोग गरी अवलोकनबाट प्राप्त सूचनाहरु टिपोट गर्दछ ।

### ३.५.२. प्रश्नावली (Questionnaire):

प्रश्नावली मध्य ***निर्मित प्रश्नावली*** (Structured Questionnaire) को प्रयोग गरिएको छ । यसमा निश्चित ठोस र पूर्व निर्धारित गरिएको हुन्छ । जस्ले गर्दा तथ्याङ्क संकलन गर्न सजिलो छिटो र छरितो हन्छ ।

### ३.५.३. अन्तरवार्ता (Interview):

सम्बन्धित अध्ययन क्षेत्रमा गई त्याहाँका सम्बन्धित व्यक्तिहरु संग Indepth interview को माध्यमबाट सूचना अर्थात तथ्यांक संकलन गरिएको छ अन्तर्वार्तामा ***निर्मित अन्तरवार्ता*** (Structured Interview) को प्रयोग गरिएको छ ।

### ३.५.४. लक्षित समुह छलफल (Focus Group discussion) :

यो शोध अत्यन्तै जटिल भएकोले यस शोधमा सम्बन्धित व्यक्ति संग अन्तर्वार्ता लिएर मात्रै आवश्यक तथ्यांक उपल्बध नहुने भएकोले यस ***लक्षित समुह छलफल*** (Focus Group Discussion) प्रक्रियाको पनि प्रयोग गरिएको छ । जुन यस समाजशास्त्रीय अध्यनको लागि अति उप्यूक्त छ । यस प्रक्रियाबाट व्यक्तिगत अन्तर्वार्ताबाट नआएको यथार्थ तथ्याकं ***लक्षित समुह छलफल*** (Focus Group Discussion) प्रक्रियाबाट सामूहिक रुपमा तथ्याङ्कको तथ्यगत निश्कर्ष निकाल्न सहज भएको छ ।

### ३.५.५. भिडियो सिडि तथा फोटो अध्ययन :

यस शोध अध्ययन तुलनात्मकरुपले हेर्नु पर्ने भएको हुँदा सम्वन्धित क्षेत्रको विवाह संस्कार के कसरी सम्पन्न गरियो भन्नेवारेमा अध्ययन गर्नको लागि उही समयमा र आवश्यक सवै विवाहमा उपस्थित हुन नसक्ने भएकोले उक्त विवाहको भिडियो सिडि तथा फोटोहरु हेर्नु पर्ने हुन्छ । त्यसैले यस शोध अध्ययनमा भिडियो सिडि तथा फोटो अध्ययन पनि गरिएको ।

## ३.६. तथ्याकंको विश्लेषण तथा प्रस्तुतीकरण (Data Analysis and Presentation):

शोध अध्ययनमा गुणात्मक (Qualitative) तथा (Quantitative) दुवै किसिमको तथ्यांकको विश्लेषण (Analysis) गरिएको छ । जस अन्तर्गत सम्बन्धित गा.वि.स.को व्यक्तिहरुसंग आफ्नो जातिय संस्कारमा के परिवर्तन भयो ? पहिले के के गरिन्थ्यो ? हाल के के गरिन्छ भन्ने विषयमा तथ्यहरुको विश्लेषण गरिएको छ ।

## ३.७. अध्ययनको सीमा (Limitation of the study):

यस शोध अध्ययन तामाङ जातिको परम्परागत विवाह संस्कारमा काठमाडौं जिल्ला जोरपाटी गा.वि.स.का तामाङ जातिहरुमा के कस्तो परिवर्तन आएको छ भन्ने विषयमा अध्ययन गरिएको छ । परम्परागत विवाह संस्कारमा विभिन्न तत्वहरुले ल्याएको परिवर्तनवारे अध्ययन गरिने भएकोले अन्य जाति साथै अन्य ठाउँको तामाङ जातिको सन्दर्भमा त्यती धेरै नमिल्न सक्छ । यसवाट प्राप्त तथ्यहरु अन्यत्र ठाउँमा लागु हुन पनि सक्छ, नहुन पनि सक्छ । विद्यार्थीले आफ्नो अध्ययनको विषय भित्र परेको एउटा विषयको मात्र अध्ययन गर्नु पर्ने भएको हुदाँ शिर्षक (Topic) ले खोजे अनुसार वृहत क्षेत्रलाई समेटेर अध्ययन गर्न सकिएको छैन् भने विद्यार्थी भएको र यसमा लाग्ने आर्थिक हिसावको कारणले गर्दा पनि सिमित क्षेत्र भित्रका सवै तामाङहरुलाई अध्ययनमा समेटन सकिएको छैन ।

# अध्याय चार

## ४. अध्ययन गर्ने भूगोलबारे परिचय :

### ४.१. नेपालको परिचय :

भिन्न हावापानी र प्रकृतिक विविधता रहेको हाम्रो देशलाई भौगोलिक दृष्टिकोणले ३ भागमा विभाजित गरिएको छ । भने यस देशको क्षेत्रफल १,४७,१८१ वर्ग कि.मि. मा फैलिएको छ । जसमा १७ % तराई, ६८ % पहाड, र १५ % हिमाल रहेको छ । हाम्रो देश लाई ५ विकास क्षेत्र, १४ अञ्चल र ७५ वटा जिल्लामा विभाजन गरिएको छ । राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालको कुल जनसङ्ख्या २,६४,९४,५०४ रहेको छ, जसमध्ये पुरूष ४८.५० प्रतिशत (१,२८,४९,०४१) रमहिला ५१.५० प्रतिशत १,३६,४५,४६३ रहेका छन् । (राष्ट्रिय जनगणना २०६८) ।

जातिय विविधता, भिन्न संस्कृति, भिन्न भाषा, भिन्न धर्म र भिन्न रीतिरिवाज भएको यस देशमा १२५ जातजाति, ५ भन्दा वढी धर्म र १२३ भाषा वोल्ने गरिन्छ  (राष्ट्रिय जनगणना २०६८) । नेपाल विभिन्न जातजाति, वर्ग र समुदायको संगम स्थल हो ।

आदिवासी जनजाति राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ ले आदिवासी जनजाति भन्नाले आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएको अनुसूची बमोजिमको जाति वा समुदाय सम्झनु पर्छ भनिएको छ । उक्त अनुसूचीमा ५९ वटा जातिलाई आदिवासी जनजाति मानिएको छ । यिनै ५९ वटा आदिवासी जनजाति मध्यको एक तामाङ जाति पनि हो । जुन अध्ययनको विषय रहेका छन् । जस अन्तर्गत '**तामाङ जातिको परम्परागत विवाह संस्कारमा देखिएको परिवर्तनहरु**'बारे हो ।

### ४.२. अध्ययन गर्ने जिल्लाको परिचय :

वागमती अञ्चलको **काठमाडौं जिल्ला** नेपालको राजधानी रहेको जिल्ला हो । यो जिल्ला काठमाडौं उपत्यकाभित्र पर्दछ । यस जिल्लामा चन्द्रागिरी, शिवपुरी र नागार्जुन गरी तीन उच्च पहाडी श्रृखलाहरु मुख्य रुपमा पर्दछन् । यस जिल्लाको क्षेत्रफल ३९५ वर्ग कि.मि. अर्थात ३९५०० वर्ग हेक्टर रहेको छ । देशको कुल क्षेत्रफल मध्ये काठमाण्डौं जिल्लाले ०.२७ प्रतिशत भाग ओगटेको छ । यस जिल्लाको पुर्वी सिमाना भक्तपुर, काभ्रे र पुर्वीउत्तर गरेर सिन्धुपाल्चोक पर्दछन भने उत्तर र उत्तरपश्चिम सिमाना नुवाकोटसंग जोडिएको छ । पश्चिमी सिमाना धादिङसंग जोडिएको छ त्यसैगरी पश्चिम दक्षिण सिमाना मकुवानपुरसंग जोडिएको छ भने दक्षिण सिमाना ललितपुरसंग जोडिएको छ । यस जिल्लामा १ महानगरपालिका र एक नगरपालिका छ भने र ५७ गा.वि.स. छन् । नेपालको सवैभन्दावढी जनघनत्व रहेको जिल्ला यहि हो ।

यस जिल्लामा कुल जनसंख्या १०८१८४५ रहेको छ (२००१ को तथ्याङ अनुसार) ।  जम्मा घरधुरी संख्या २३५३८७ छ (२००१ को तथ्याङ अनुसार) । साक्षरता दर ७७.०७ छ (२००१ को तथ्याङ अनुसार) । यस जिल्लामा नेपाली भाषा पहिलो स्थानमा र तामाङ भाषा दोस्रो स्थानमा छ भने हिन्दु धर्म पहिलो स्थान र बुद्ध धर्म दोस्रो स्थानमा रहेको छ ।

यस जिल्ला शोध अध्ययनको लागि छान्नुको कारण यस जिल्लामा तामाङ जाति  उल्लेख्ये मात्रामा रहेको छ ।

## ४.३. अध्ययन गर्ने गा.वि.स.को परिचय :

काठमाडौं जिल्लाको काठमाडौं महानगर पालिका देखि पूर्वमा पर्ने एक गा.वि.स. जोरपाटी पनि हो । यस गा.वि.स. ३.३४५ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ । यस गा.वि.स.को पूर्वी सिमानामा मुलपानी गा.वि.स. उत्तरमा गोकर्नेश्वर गा.वि.स. पश्चिममा कपन गा.वि.स. र दक्षिणमा काठमाडौं महानगरपालिका रहेका छन् । जिल्लाको राजनीतिक प्रशासनिक विभाजन अनुसार ३ नम्बर संसदिय निर्वाचन क्षेत्रमा पर्दछ । यस गा.वि.स.को कुल जनसंख्या २७५४१ रहेको छ ।

यस गा.वि.स.शोध अध्ययनको लागि छान्नुको कारण यस गा.वि.स.मा तामाङ जाति जनसंख्याको आधारमा तेस्रो जातिका रुपमा रहेका छन् । भने नेपाली भाषा पहिलो र तामाङ भाषा दोस्रो स्थानमा रहेका छन् । त्यसै गरी हिन्दु धर्म पहिलो स्थानमा र तामाङ जातिले मान्ने बुद्ध धर्म दोस्रो स्थानमा रहेको छ ।

## ४.४. जोरपाटी गा.वि.स. अध्ययन क्षेत्रमा पर्नुका कारणहरु :

**“तामाङ जातिको परम्परागत विवाह संस्कारमा देखिएको परिवर्तनहरु”**बारे अध्ययन गर्नलाई दुई किसिमको भौगोलिक क्षेत्रको अध्ययन गर्नु पर्ने भएको हुँदा यस शोध अध्ययनमा तामाङ जातिको परम्परागत विवाह संस्कारको बारेमा अध्ययन गर्नको लागि तामाङ बाहुल्य जिल्लाहरु जुन तामाङ जातिको थाकथलो (आदिम भूमी) जहाँ तामाङ सभ्यता र संस्कृतिको विकास भयो । ती जिल्लाहरु : धादिङ, नुवाकोट, रसुवा, काभ्रे, सिन्धुपालचोक, दोलखा र काठमाडौं उपत्यका जहाँ तीनवटा जिल्लाहरु रहेका छन् । यस सोधमा तामाङ जातिको परम्परागत विवाह संस्कारको बारेमा विभिन्न समयमा विभिन्न तामाङ, देशी तथा विदेशी विद्वानहरुले लेखेका कृतिहरुलाई आधार मान्दै विभिन्न जिल्लाका ताम्बा, गान्बा, चोहो, मुल्मी लगाएतका वासिन्दाहरुसंग अन्तरवार्ता, र समुह छलफल गरेर निष्कर्ष निकालिएको छ । भने ती परम्परागत संस्कारमा के परिवर्तन भयो भनेर काठमाडौं उपत्यका भित्र रहेको तामाङ वस्तीहरुमा गएर तामाङ जातिको परम्परागत विवाह संस्कारमा के परिवर्तन भयो र के हुंदैछ भन्नेबारेमा शोध अध्ययन गरिएको छ ।

तामाङ जातिको परम्परागत विवाह संस्कारमा देखिएको परिवर्तनको सन्दर्भमा काठमाडौं उपत्यका भित्रका जोरजाटी गा.वि.स.का तामाङहरुलाई अध्ययनको विषयबस्तु बनाइएको छ । यस ठाउँलाई अध्ययन क्षेत्र बनाउनुका कारण काठमाडौं उपत्यका भित्र पनि उल्लेख्य मात्रामा धेरै पहिला देखि नै तामाङहरु बस्दै आएको, केही तामाङहरु विभिन्न जिल्लाहरुबाट विभिन्न समयमा आएको र हाल पनि आउँदै गरेको कारण यहाँ रहेको तामाङ जातिमा परम्परागत विवाह संस्कारमा के परिवर्तन रहेछ भन्ने विषयमा अध्ययन गरी निष्कर्ष निकाल्न सहज हुने भएकाले यस क्षेत्रलाई अध्ययनको विषय बनाइएको हो ।

यस अध्ययन क्षेत्रमा रहेको तामाङ जातिहरुमा शहरीकरणका कारण विवाह संस्कारमा के कस्तो संस्कारगत परिवर्तन भयो ? आधुनिकताको कारण विवाह संस्कारमा के कस्तो परिवर्तन गरे ? पश्चिमीकरणको प्रभावका कारण विवाह संस्कारहरु के के छाडे के के अपनाए ? हिन्दुधर्म संस्कारको प्रभावमा परेर कुन कुन संस्कार मान्न थाले ? क्रिस्चियन धर्मका कारण विवाह संस्कार कसरी गर्दछन् ? परिवर्तित सन्दर्भमा तामाङ जातिको विवाह संस्कारमा के कस्तो परिवर्तन आए ? आदि वारेमा गहन शोध अध्ययन गरिएको छ ।

## ४.५. जोरपाटी गा.वि.स.मा रहेका विभिन्न जातजातिहरु :

१. ब्रहमाण २. क्षेत्री ३. तामाङ ४. शेर्पा ५. नेवार ६. गुरुङ ७. हेल्मो ८. राई ९. लिम्बु १०. मगर ११. सुनुवार १२.सुनार १३. घतानी १४.दमाई १५. वि.क. १६. परियार आदि ।

## ४.६. जोरपाटी गा.वि.स.का विभिन्न जातजातिहरुको घरधुरी तथा जनसंख्या विवरण :

**तालिका नं.१.**


| जातजाति | घरधुरी | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| बाहुन | २९९१ | ११६४५ | ३७.७३ |
| क्षेत्री | १३८४ | ५३९४ | १७.४७ |
| जनजाति | ३४४२ | १३४०९ | ४३.४४ |
| दलित | १०७ | ४२१ | १.३६ |
| **जम्मा** | **७९२४** | **३०८६९** | **१००** |

श्रोत : V.D.C. profile -२०६७ जोरपाटी

तालिका नं. १ अनुसार जोरपाटी गा.वि.स. अन्तर्गत जातियताको आधारमा घरधुरी तथा जनसंख्या विवरण हेर्ने हो भने बढी बाहुनको २९९१ घरधुरी र ११६४५ जनसंख्या रहेको देखिन्छ भने सबै भन्दाकम दलितको १०७ घरधुरी र ४२१ जनसंख्या रहेको छ। त्यसै गरी जनजातिको ३४४२ घरधुरी र १३४०९ जनसंख्या रहेको छ।

**जोरपाटी गा.वि.स.का विभिन्न जातजातिहरुको जनसंख्या विवरण साधारण स्तम्भ चित्रमा**

**स्तम्भ चित्र नं. १**




## ४.७. जोरपाटी गा.वि.स.को व्यक्तिगत घटना दर्ताको विवरण :

**तालिका नं.२.**


| क्र.सं. | व्यक्तिगत घटना | संख्या |
|---|---|---|
| १. | जन्म | ४१३ |
| २. | मृत्यु | ७५ |
| ३. | विवाह | १६७ |
| ४. | वसाइसराई | १९९ |
| ५. | सम्बन्ध विच्छेद | ० |
| | **जम्मा** | **८५४** |

श्रोत : V.D.C. profile -२०६७ जोरपाटी

वि.स. २०६७ सालमा जोरपाटी गा.वि.स.मा तालिका नं. २ अनुसारका व्यक्तिगत घटना दर्ता भएका छन् । जसमा जन्म दर्ता ४३१, मृत्यु दर्ता ७५, विवाह दर्ता १६७ र बसाइसराई दर्ता १९९ गरी जम्मा ८५४ व्यक्तिगत घटना दर्ता छन् ।

**जोरपाटी गा.वि.स.को व्यक्तिगत घटना दर्ताको विवरण साधारण स्तम्भ चित्रमा**

**स्तम्भ चित्र नं. २**




## ४.८. धर्मका आधारमा जोरपाटी गा.वि.स.को जनसंख्याको अवस्था :

**तालिका नं. ३.**


| धर्म | घरधुरी संख्या | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| हिन्दु | ५८९१ | २२९२६ | ७४.२६ |
| बौद्ध | १९२४ | ७५०४ | २४.३१ |
| ईसाई | ५१ | २०३ | ०.६५ |
| अन्य | ५८ | २३६ | ०.७८ |
| **जम्मा** | **७९२४** | **३०८६९** | **१००** |

**श्रोत** : VDC Profile -२०६७ जोरपाटी

तलिका नं. ३ अनुसार जोरपाटी गा.वि.स.मा ७४.२६ प्रतिशत हिन्दुधर्म, २४.३१ प्रतिशत बौद्धधर्म, ०.६५ प्रतिशत इसाई र ०.७८ प्रतिशत अन्य धर्म सम्प्रदाय रहेको छ ।

**धर्मका आधारमा जोरपाटी गा.वि.स.को जनसंख्याको अवस्था प्रतिशत वृत चित्रमा**

**वृत चित्र नं.३**




## ४.९. साक्षरताको आधारमा जोरपाटी गा.वि.स.को जनसंख्या :

**तालिका नं.४.**

| साक्षरता | लिङ्ग | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| | पुरुष | महिला | | |
| साक्षर | १२९३० | १२६२६ | २५५५६ | ८२.७९ |
| निरक्षर | २६५५ | २६५८ | ५३१३ | १७.२१ |
| **जम्मा** | **१५५८५** | **१५२८४** | **३०८६९** | **१००** |

श्रोत : V.D.C. profile -२०६७ जोरपाटी

तलिका नं. ४ अनुसार जोरपाटी गा.वि.स. भित्र स्थायी रुपले बसोबास गर्ने ३०८६९ जनसंख्या मध्ये साक्षर २५५५६ जना अर्थात ८२.७९ प्रतिशत रहेको छ जसमध्ये पुरुष १२९३० र महिला १२६२६ रहेका छन् । त्यसैगरी ३०८६९ जनसंख्या मध्ये निरक्षर ५३१३ अर्थात कुल जनसंख्याको १७.२१ प्रतिशत रहेको छ जसमध्ये पुरुष २६५५ र महिला २६५८ रहेका छन् । यसरी हेर्दा जोरपाटी गा.वि.स.मा साक्षरता दर वढी भेटिन्छ ।

## ४.१०. मुख्य पेशाको आधारमा जोरपाटी गा.वि.स.को जनसंख्याको विवरण :

**तालिका नं.५.**


| मुख्य पेशा | जनसंख्या प्रतिशत |
|---|---|
| नोकरी | ६०.४१ |
| व्यापार /व्यवसाय | ३७.६९ |
| ज्याला मजदुरी | ०.४३ |
| कृषि | ०.३३ |
| उद्योग | १.१४ |
| **जम्मा** | **१००** |

श्रोत : V.D.C. profile -२०६७ जोरपाटी

तालिका नं. ५ लाई हेर्दा जोरपाटी गा.वि.स.भित्रका कुल जनसंख्यामध्ये सवैभन्दा बढी ६०.४१ प्रतिशत जनसंख्या नोकरी गर्दछन् । त्यस्तै व्यापार वा आफ्नै व्यवसाय गर्ने जनसंख्या ३७.६९ प्रतिशत छन् । ज्याला मजदुरी गर्ने ०.४३ प्रतिशत छन् भने कृषि तर्फ ०.३३ प्रतिशत र उद्योग तर्फ १.१४ प्रतिशत जनसंख्या रहेका छन् । यस तथ्याङ्क अनुसार जोरपाटी गा.वि.स.को मुख्य आयश्रोत नोकरी र व्यापार / व्यवसाय देखिन्छ ।

**मुख्य पेशाको आधारमा जोरपाटी गा.वि.स.को जनसंख्याको विवरण वृत चित्रमा**

**वृत चित्र नं.४**



# अध्याय पाँच

**५. तामाङ जातिमा विवाह संस्कार :**

तामाङ जातिमा पनि अरु जातजाति झैं विवाह गर्ने परम्परा छ । विवाह यौन सम्बन्धलाई सामाजिक मान्यता दिने प्रक्रिया भएको हुँदा तामाङ जाति पनि यस वैवाहिक बन्धनबाट पर हट्न सकिदैन ।

तामाङ जातिको विवाह संस्कारको आफ्नै प्रचलन रहेको पाईन्छ । खास गरी तामाङ जातिमा मामा चेला फुपू चेली तथा फुपू चेला मामा चेली बीच वैवाहिक सम्बन्ध बढीमात्रामा भएको पाइन्छ । कतै कतै कसै कसैले यी मामा चेला फुपू चेली तथा फुपू चेला मामा चेली बीच विवाह गर्न हक नै लाग्ने भने ता पनि यस्को दरो प्रमाण भने भेटिदैन । तथापि यी सम्बन्धहरु बीच प्रसस्तै मात्रामा विवाह गरेको पाइन्छ ।

तामाङ जातिमा अर्को प्रचलन भनेको तामाङ जातिका केही स्वाँगे थरहरुमा भने विवाह वर्जित गरेको पाइन्छ । यस्तो वर्जित थरहरुबीच विवाह गरेमा समाजबाट वहिस्कृत हुने, पुर्ख्यौली धनसम्पत्तीबाट बंचीत हुने तथा कुलबाट नै हटाउने सम्मको कार्वाही गरिन्छ ।

<u>तामाङ जातिमा विवाह गर्न नमिल्ने स्वाँगे थरहरु :</u>

१. दोङ वर्ग : दोङ/दोङपा, तितुङ/नेकर/माम्बा, गोले, गोङपा/गोङबा, डीम्डुङ/डीमदोङ/डोमदेन, ग्याम्देन/ ग्याम्तेन, गारतेन/गाङदाङ/ काल्तेन, दारताङ, बज्यु, बल ।
२. योन्जन वर्ग : योन्जन, तेबा/ठोङसुबा/बम्जन/बोम्जन, लोपचन/ल्होपा/लोबा, डुम्जन, मिक्चन (मिप्चन) ।
३. थिङ वर्ग : थिङ, न्यासुर/ङ्यासुर/ञेसुर, ब्रोसिंगर/सिंगर ।
४. वाइबा बर्ग : वाइबा, रुम्बा, जिम्बा, ग्याबा, टुपा, चिबा, सुम्बा, मार्फा ।
५. घिसिङ वर्ग : घिसिङ, ग्लान,लो (ल्हो) ।
६. स्याङबा वर्ग : स्याङबो/स्याङबा, ब्लोन ।
७. मोक्तान वर्ग : मोक्तान, पाख्रिन, थोकर/रम्वोत/ज्यापा/थोरपोर/थोक्रा, स्याङतान ।
८. लुङपा वर्ग : लुङपा, लुङबा ।
९. घले वर्ग : घले, रिली, बान्जोर, सामरी, ग्यलदान, बोङसो, डागी, ग्याजरोङ/ग्यासरोङ, पेलोङ ।

माथी उल्लेखित थरहरु बाहेकका थरहरुको स्वाँगे अन्य थरहरु पनि हुन सक्छ । तर हाल थाहा हुन आएको छैन् । तामाङ जातिमा आफ्नै धर्म, संस्कार, मूल्य, मान्यता अनुसार विवाह गरेको पाइन्छ । जुन कतिपय अन्य जातजातिसंग केही मेलखान गए पनि धेरै जसो संस्कृति भने फरक पाइन्छ ।

तामाङ जातिको विवाह संस्कारमा हिन्दु धर्म संस्कारको चाहेर होस या नचाहेर प्रसस्तै प्रभाव परेको पाइन्छ । भने हाल आधुनिकता र पश्चिमीकरणको प्रभाव पनि तामाङ जातिमा बढ्दै गएको पाइन्छ । जुन कलान्तरमा तामाङ जातिको पहिचानको निम्ती घातक हुन सक्छ ।

तामाङ जातिको इतिहास देखि हाल सम्मको विवाहको प्रक्रियालाई हेर्ने हो भने दुई भागमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ । एक खाले परम्परागत विवाह । र अर्को परम्परागत विवाहमा विभिन्न तत्वले ल्याएको परिवर्तन । परम्परागत विवाहमा पनि विभिन्न तरिकाले विवाह गरेको पाइन्छ । जसलाई निम्नानुसार व्याख्या गरेको पाइन्छ ।

धार्मिक आधारमा लामा पुरोहितले केटा र केटीको जन्म वर्ष (ल्हो) र ल्होको खाम (स्वभाव) हेरी मूर्ति छ्योई भन्ने पुस्तकबाट जोखना हेरी जुर्ने नजुर्ने र जुर्ने भए शुभ साइत निकालेको दिन विवाह गर्ने प्रचलन पनि छ ।

तामाङ जातिमा प्रायः कार्तिक, चैत्र र श्रावण महिना, जन्म महिना र जन्म वर्ष (ल्हो) मा विवाह गरिदैन ।

तामाङ बुढापाकाहरु र लामा पुरोहितहरु वैवाहिक सम्बन्ध राम्रो हुने नहुने कुरा केटा र केटीको जन्म बर्ष र त्यसको स्वभाव (ल्हो र खाम) को आधारमा तय गर्दछन् । शत्रु स्वभावको भए विवाह नगर्ने चलन छ । कुनै कारण विवाह भएमा पनि त्यस्तो वैवाहिक जीवन सुखद हुदैन भन्ने धारण छ ।

**ल्हो १२ थरी हुन्छन् :**

१. जीवा (मुसा) २. लाङ (गोरु) ३. ताक (बाघ) ४. ह्योइ (खरायो/बिरालो)
५. डुक (गरुड) ६. डुल (सर्प) ७. ता (घोडा) ८. ल्हुक/ग्यु (भेडा)
९. टे (बाँदर) १०. ज्या (चरा) ११. खी (कुकुर) १२. फाक् (बदेल)

**धुनसुर :** माथिका ल्हो वर्गहरु मध्य पनि निम्न ल्हो वर्गलाई शत्रु वर्गमा राखिएको पाइन्छ । आफ्नो ल्होबाट गन्ति गर्दा सातौंमा पर्ने ल्होलाई **धुनसुर** भनिन्छ । धुनसुर पर्ने ल्हो बिचमा ज्यादै नराम्रो सम्बन्ध हुन्छ भन्ने धार्मिक मान्यता छ । जस्ले गर्दा यी ल्होवीचमा विवाह गर्न उचित मानिदैन ।

१. जीवा (मुसा) र ता (घोडा) २. लाङ (गोरु) र ल्हुक/ग्यु (भेडा) ३. ताक (बाघ) र टे (बाँदर)
४. ह्योइ (खरायो /बिरालो) र ज्या (चरा) ५. डुक (गरुड) र खी (कुकुर) ६. डुल (सर्प) र फाक् (बदेल)

**सिसे :** त्यसै गरी **सिसे** परेमा पनि वैवाहिक सम्बन्ध त्यती राम्रो मानिदैन । सिसे हेर्दा आफ्नो ल्होबाट गन्ती गर्दा चौथोमा पर्ने गर्दछन् । सिसे पर्ने ल्होसंग वैवाहिक सम्बन्ध लगाएत कुनै प्रकारको साझेदारीको काम गर्न उचित हुदैन ।

१. जीवा (मुसा) को ताक (बाघ) २. लाङ (गोरु) को डुक (गरुड) ३. ताक (बाघ) को टे (बाँदर)
४. ह्योइ (खरायो/बिरालो) को ता (घोडा) ५. डुक (गरुड) को ल्हुक/ग्यु (भेडा) ६.डुल (सर्प) को टे (बाँदर)
७. ता (घोडा) को ज्या (चरा) ८. ल्हुक/ग्यु (भेडा) को खी (कुकुर) ९. टे (बाँदर) को फाक् (बदेल)
१०. ज्या (चरा) को जीवा (मुसा) ११. खी (कुकुर) को लाङ (गोरु) १२. फाक् (बदेल) को ताक (बाघ)

**थुन्सुम :** त्यस्तै थुन्सुम परेमा पनि विवाह राम्रो हुन्न भन्ने धार्मिक मान्यता छ । थुन्सुम हेर्दा आफ्नो ल्होबाट गन्ती गर्दा पाँचौमा पर्ने गर्दछन् ।

१. जीवा (मुसा) को डुक (गरुड) २. लाङ (गोरु) को डुल (सर्प) ३. ताक (बाघ) को ता (घोडा)
४. ह्योइ (खरायो/बिरालो) को ल्हुक/ग्यु (भेडा) ५. डुक (गरुड) को टे (बाँदर) ६. डुल (सर्प) को ज्या (चरा)
७. ता (घोडा) को खी (कुकुर) ८. ल्हुक/ग्यु (भेडा) को फाक् (बदेल) ९. टे (बाँदर) को जीवा (मुसा)
१०. ज्या (चरा) को लाङ (गोरु) ११.खी (कुकुर) को ताक (बाघ) १२.फाक् (बदेल) को ह्योइ (खरायो/बिरालो)

## वर्गहरुको बीचको सम्बन्ध

**तालिका नं. ६ (क)**

| वर्ग | मुसा | गोरु | बाघ | खरायो | ड्रागन | सर्प |
|---|---|---|---|---|---|---|
| मुसा | O | O O | O X | O X | O O O | O |
| गोरु | O O | O X | X X | O | O X | O O O |
| बाघ | O X | X X | X | O X | O X | X X |
| खरायो | O | O X | X | O | X X | O X |
| ड्रागन | O O | O X | X X | X X | O | O |
| सर्प | O | O O O | X X | O X | | O X |

## वर्गहरुको बीचको सम्बन्ध

**तालिका नं.६ (ख)**

| वर्ग | घोडा | भेडा | बाँदर | चरा | कुकुर | बनेल |
|---|---|---|---|---|---|---|
| घोडा | O | O O | X | O X | O O O | O X |
| भेडा | O O | O | O X | O X | X | O O O |
| बाँदर | O O | O X | O | O X | O X | X X |
| चरा | O X | O X | O X | X | X X | O X |
| कुकुर | O O O | X | O X | X X | O | O X |
| बनेल | O X | O O O | X | O X | O X | X |

(श्रोत : लामा मुकेश, बाह्रा ल्हो पाँच खाम र ल्हेसार)

O असल, O O ज्यादै असल, O O O उत्कृष्ट, O X तटस्थ,
X असहिष्णुता, X X शत्रुता ।

**एकै ल्होको वैवाहिक सम्बन्ध :**
पुरुष र स्त्री मुसा वर्गहरु बीचको विवाहले सम्पत्ति र उन्नत्ति ल्याउँछ । उनीहरुकाबीचमा वादविवाद हुँदैन । त्यस्तै गरेर गोरु वर्षमा जन्म भएकाहरुको जोडीको पनि त्यस्तै प्रकारले असल जिवन व्यतीत हुन्छ । दुई वटा बाघहरुको जोडीको विवाहले उनीहरुको वालबच्चा तथा सम्पत्तिमाथि नराम्रो हुन्छ भने दुईवटा खरायोहरुको विवाह मध्यम खाल्को हुन्छ । ड्रागन वर्षमा जन्मेकाहरुको जोडिको जीवन सवै पक्षमा ज्यादै असल हुन्छ भने सर्प वर्षमा जन्मेकाहरुको लागि पनि त्यस्तै हुन्छ । दुइवटा बाँदरहरुको जीवन एउटा असल जीवन हुन्छ भने चरा वर्षमा जन्मेकाहरुको जोडीको जीवन वालवच्चाहरु गुमाएर अनि खानेकुराको अभावद्वारा दुखी हुन्छ । कुकुर वर्षमा जन्मेकाहरुको जोडीले आफ्नो भाग्य वनाउँनेछ भने बनेल वर्षमा जन्मेकाहरुको जोडीको जीवनमा कुनै कुराको कमी हुदैन । एक अर्कासंग असुहाउँदो वर्षमा जन्मेकाहरुको जोडी सबै भन्दा खराव हुन्छ ।

त्यसै गरी निम्न ल्होहरुको निम्न ल्होहरुसंग वैवाहिक सम्बन्ध निम्न बमोजिम हुन्छ भन्ने धारणा छ ।
१. जीवा (मुसा) को डुक (गरुड) संग उत्कृष्ठ, लाङ (गोरु) संग ज्यादै असल, जीवा (मुसा) रडुल (सर्प)संग असल, ताक (बाघ) र ह्योइ (खरायो/बिरालो) संग तटस्थ हुने गर्दछ ।
२. लाङ (गोरु) को  डुल (सर्प) संग उत्कृष्ठ, जीवा (मुसा)संग ज्यादै असल, ह्योइ (खरायो/बिरालो)संग असल, लाङ (गोरु)  र डुक (गरुड) संग तटस्त हुने गर्दछ ।
३. ताक (बाघ)को जीवा (मुसा), ह्योइ (खरायो/बिरालो), डुक (गरुड) ताक (बाघ) संग असहिष्णुता, लाङ (गोरु) र डुल (सर्प) संग शत्रुता हुन्छन् ।
४. ह्योइ (खरायो/बिरालो) को जीवा (मुसा), ह्योइ (खरायो/बिरालो) संग असल, लाङ (गोरु) र डुल (सर्प) संग तटस्थ,  ताक (बाघ) संग असहिष्णुता र डुक (गरुड) संग शत्रुता हुने गर्दछ ।
५. डुक (गरुड) को जीवा (मुसा) संग ज्यादै असल, लाङ (गोरु) संग तटस्थ, ताक (बाघ) र ह्योइ (खरायो/बिरालो) संग शत्रुता, डुक (गरुड) र डुल (सर्प) संग असल हुने गर्दछ ।
६. डुल (सर्प) को जीवा (मुसा) र डुक (गरुड) संग असल, लाङ (गोरु) संग उत्कृष्ठ, ताक (बाघ) संग शत्रुता, ह्योइ (खरायो/बिरालो) र डुल (सर्प) संग तटस्थ हुने गर्दछ ।
७. ता (घोडा) को ता (घोडा) संग असल, ल्हुक/ग्यु (भेडा) संग ज्यादै असल, टे (बाँदर) संग असहिष्णुता, ज्या (चरा) र  फाक् (बदेल) संग तटस्थ, खी (कुकुर) संग उत्कृष्ट हुने गर्दछ ।

८. ल्हुक/ग्यु (भेडा) को ता (घोडा) संग ज्यादै असल, ल्हुक/ग्यु (भेडा) संग असल, टे (बाँदर), ज्या (चरा) संग तटस्थ, खी (कुकुर) संग असहिष्णुता, फाक् (बदेल) संग उत्कृष्ट हुने गर्दछ ।
९. टे (बाँदर) को ता (घोडा) संग ज्यादै असल, ल्हुक/ग्यु (भेडा), ज्या (चरा) र खी (कुकुर) संग तटस्थ, टे (बाँदर) संग  असल, फाक् (बदेल) संग शत्रुता हुने गर्दछन् ।
१०. ज्या (चरा) को ता (घोडा), ल्हुक/ग्यु (भेडा), टे (बाँदर), फाक् (बदेल)संग तटस्थ, ज्या (चरा) संग असहिष्णुता र खी (कुकुर) संग शत्रुता हुने गर्दछ ।
११. खी (कुकुर) को ता (घोडा) संग उत्कृष्ट, ल्हुक/ग्यु (भेडा) संग असहिष्णुता, टे (बाँदर) र फाक् (बदेल) संग तटस्थ, ज्या (चरा) संग शत्रुता, खी (कुकुर) संग असल हुने गर्दछ ।
१२. फाक् (बदेल) को ता (घोडा), ज्या (चरा) र खी (कुकुर) संग तटस्थ, ल्हुक/ग्यु (भेडा) संग उत्कृष्ट, टे (बाँदर) र फाक् (बदेल) संग असहिष्णुता हुने गर्दछ ।

**खाम (तत्व/स्वभाव) हरु :**

खाम (स्वभाव, तत्व) हरु पाँच वटा हुन्छन् । तिनीहरु फलाम (च्याक), जल (छु), काठ (सिङ), अग्नि (मे) र माटो (सा) हुन । एक खामको अर्को खामसंग मिल्ने र नमिल्ने सम्बन्ध भएकाले गर्दा व्यक्तिको वैवाहिक सम्बन्धमा पनि खामले काम गर्दछ र त्यही अनुसार वैवाहिक सम्बन्ध हुन्छ भनिन्छ ।

१. अग्नि (मे) तत्वको मिल्नेमा माटो (सा) र काठ, नमिल्नेमा जल (छु) र फलाम (च्याक)
२. माटो (सा) तत्वको मिल्नेमा फलाम (च्याक) र अग्नि (मे), नमिल्नेमा काठ (सिङ) र जल (छु)
३. फलाम (च्याक) तत्वको मिल्नेमा जल (छु) र माटो (सा), नमिल्नेमा अग्नि (मे) र काठ (सा)
४. पानी (छु) तत्वको मिल्नेमा काठ (सिङ) र फलाम (च्याक), नमिल्नेमा माठो (सिङ) र अग्नि (मे)
५. काठ (सिङ) तत्वको मिल्नेमा  अग्नि (मे) र जल (छु), नमिल्नेमा फलाम (च्याक) र माटो (सा)

(श्रोतः लामा मुकेश, बाह्रा ल्हो पाँच खाम र ल्हेसार)

## ५.१. तामाङ जातिमा रहेको परम्परागत तथा आधुनिक (हाल चलन चलतिमा रहेको) विवाहको प्रकारहरु :

१. माग्गी विवाह
२. छोपुवा/चोरी विवाह
३. प्रेम विवाह (प्रेम पछि मागी/प्रेम पछि भागी)
४. जारी विवाह
५. बिधवा विवाह/ (बिधवा ) भाउजु विवाह /विधुर विवाह/
६. अन्तरजातिय विवाह (अन्तरजातिय प्रेम पछि मागी विवाह/अन्तरजातिय प्रेम पछि भागी विवाह/ अन्तरजातिय  मागि विवाह)
७. पेटकाटी विवाह
८. सट्टा विवाह
९. बहुविवाह (बहुपत्ति विवाह/बहुपत्नी विवाह)
१०. घरज्वाँई
११. अदालती विवाह

**परिवर्तन :**

यी माथि उल्लेखित विवाहहरुको चलनमा व्यापक परिवर्तन आएको देखिन्छ । केहि विवाहको प्रक्रियामा परिवर्तन आएको देखिन्छ , भने केहि विवाहको चलन नै परिवर्तन वा लोप भएको पाइन्छ ।

तामाङ जातिमा विवाह परम्पराको अध्ययन गर्दा माथि उल्लेखित सबै विवाहको परम्परागत प्रक्रिया र त्यसमा आएको परिवर्तनबारे अध्ययन गनुपर्ने देखिन्छ ।

**हाल अध्ययन क्षेत्रमा रहेको विवाहको प्रकारहरु :**


**तालिका नं.७**

| क्र.स. | विवाहको प्रकार | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | मागी विवाह | २० | ५० |
| २. | छोपुवा /चोरी विवाह | ० | - |
| ३. | प्रेम विवाह | १० | २५ |
| ४. | जारी विवाह | ० | - |
| ५. | बिधवा/बिधुर विवाह | २ (बिधुवा १,बिधुर १) | ५ |
| ६. | अन्तरजातिय विवाह | ३ | ७.५ |
| ७. | पेटकाटी विवाह | १ | २.५ |
| ८. | सट्टा विवाह | ० | - |
| ९. | बहुपति / बहुपत्नी विवाह | १ (बहुपत्नी) | २.५ |
| १०. | घरज्वाँई | ० | - |
| ११. | अदालती विवाह | ३ | ७.५ |
| | **जम्मा** | **४०** | **१००** |

यस शोध अध्ययन क्षेत्र जोरपाटी गा.वि.स.मा शोध अध्ययनको क्रममा नमुनाको रुपमा ४० जनासंग लिइएको अन्तरवार्तावाट यस क्षेत्रमा तामाङ जातिको विवाहको प्रकारहरु माथि तालिका नं. ७ अनुसार रहेको छ । जसमा सवैभन्दा वढी मागी विवाह २० जना उत्तरदाताले गरेका छन् । यो कुल विवाहको प्रकारहरुको ५० प्रतिशत हो । त्यसैगरी प्रेम विवाह १० उत्तरदाताले गरेका छन् । यो विवाहको प्रकार २५ प्रतिशत हुन्छ । र क्रमशः बिधवा / बिधुर विवाह २ जनाले ५ प्रतिशत, अन्तरजातिय विवाह ३ जनाले ७.५ प्रतिशत, पेटकाटी विवाह १ जनाले २.५ प्रतिशत, बहुपत्नी विवाह १ जनाले २.५ प्रतिशत र अदालती विवाह ३ जनाले ७.५ प्रतिशत रहेको छ । माथि उल्लेखित विवाहको प्रकारहरुमध्ये छोपुवा/ चोरी विवाह पूर्णरुपले लोप भएको छ भने जारी विवाह, सट्टा विवाह र घरज्वाँई राख्ने विवाह पनि गरेको पाइदैन ।

**अध्ययन क्षेत्रमा रहेको विवाहको प्रकारहरु वृत चित्रमा**

**वृत चित्र नं.५**



## १. मागी विवाह

तामाङ जातिमा हुँने गरेको विवाहको किसिमहरु मध्यको एक प्रमुख विवाहको किसिम मागी विवाह हो । तामाङ जातिमा मागी विवाह रीत पुर्‍याई गर्दा अत्यन्तै जटिल र खर्चिलो हुन्छ । जुन पहिला पहिला परम्परागत रुपमै रीत पुऱ्याएर गरिन्थ्यो । यस प्रकारको विवाह हाल प्रचलनमा पाइएता पनि त्यसमा धेरै नै परिवर्तनहरु भेटिन्छ ।

तामाङ जातिको परम्परागत मागी विवाहमा आएको परिवर्तनहरुबारे अध्ययन गर्नु पर्दा तामाङ जातिको परम्परागत मागी विवाहको प्रचलन कस्तो थियो भन्ने बारेमा व्याख्या गर्नु पर्ने हुन्छ । त्यस पछि हाल तामाङ जातिको परम्परागत मागी विवाहको प्रचलनमा देखिएको परिवर्तनहरुबारे व्याख्या गर्न सकिन्छ ।

तामाङ जातिको परम्परागत मागी विवाहको क्रमबद्ध रुपले बुंदागत रुपमा व्याख्या गर्दै यसमा आएको परिवर्तनको वारेमा यसरी व्याख्या गर्न सकिन्छ ।

### (क) केटी खोज्ने :

विवाह गर्ने केटाको उमेर पुगीसके पछि घरको स्वीकृतीमा गान्बा, ताम्बाहरुले केटी खोज्ने काम गर्दछन् । यस्तो काममा केटाको बुबा आफै पनि जान सक्छ । केटी खोज्दा विवाह गर्न चल्ने मिल्ने थरमा खोजिन्छ । **केटाकेटीपक्षकाबीचमा विवाह सम्बन्धी कुरा गर्ने तथा मिलाउनेलाई लमी वा ताम्ल्हेङ भनिन्छ । साधारणतया** विवाहमा केटापक्षको लमीको काम ताम्बाले गर्दछन् । थर र साइनो मिल्ने देखेपछि ताम्बा, गान्बा मार्फत केटीको घरमा 'सगुन पोङ' **पठाई केटी माग्न आउछौं दिने कि नदिने ? अर्थात "तपाईको सुकन्या हाम्रो छोरालाई माग्न आउने भएका छौं कृपया उत्तर पाउँ** ।" भनी समाचार पठाउँछन् । जसलाई तामाङ भाषामा **म्रिग्रंरिदूनिवा** भन्दछन् । (हडसन)

यसरी लगिने सगुन पोङलाई तामाङहरु **फो पोङ** भन्दछन् । यस बखत जाँडको छोकडा १०/१२ माना लानुपर्छ । (हडसन) सकारात्मक जवाफ आएमा केटी पट्टीबाट अर्को एउटा पोङको माग गर्दछन् । नदिने भए स-सम्मान बिदा गरिन्छ । यस सगुन पोङलाई सकारात्मक रुपमा लिई सकेपछि लामाले केटा-केटीको ल्हो (जनावर बर्ष), खाम मे (आगो), सा (पृथ्वी/माटो), च्या (फलाम), क्युई (पानी), र सी (काठ) र जन्मेको बार हेरेर केटाकेटीको सहवास फाप्ने - नफाप्ने टुगों लगाउँछन् । च्यान ल्हो (बाघ वर्ग) र खी ल्हो (कुकुर वर्ग) ल्होका केटाकेटी परेमा विवाह गर्न उप्यूक्त मानिदैनन् । किन भने बाघ र कुकुरको सहवास फाप्दैन भन्दछन् । त्यस्तै, केटाकेटीको मे (आगो) र सी (काठ) खाम (स्वभाव) परेमा पनि विवाह स्वीकारीदैन । किन भने आगो र काठको मिलन भएमा आगोले काठ जलाउँछ भन्ने मानिन्छ । त्यसकारण लामाले केटाकेटीको ल्हो, खाम र जन्मबारको आधारमा विवाह योग्य छ भन्ने टुङ्गो दिएपछि केटीपक्ष कहाँ सगुन पठाउने काम गरिन्छ । (तामाङ परशुराम : तामाङ संस्कार)

<u>परिवर्तन :</u>

पहिला पहिला विवाह गर्ने उमेर भन्नाले १४-१५ वर्ष भए देखि सुरु हुन्थ्यो भने हाल २०-२२ वर्षको उमेर पुगे पछि बल्ल विवाह गर्ने उमेर हुन लाग्यो भन्ने गरिन्छ । **पहिला पहिला विवाह गर्ने प्रमुख आधार उमेरलाई मानिन्थ्यो भने हाल केटा वा केटीको उमेर, योग्यता, क्षमता र आवश्यक्तालाई मानिन्छ ।** कुनै केटाको विवाह गर्ने भएमा सर्वप्रथम उसको प्रेमीका छ छैन् । यदि प्रेमीका छ भने सजातिय हो होइन, होइन भने मागी विवाह गर्न सकिन्छ की सकिदैन, सकिन्छ भने अन्य जातको केटीसंग पनि मागि विवाह गर्न थालेको छ । त्यसै गरी सजातिय भए केटा पक्षबाट भए ताम्बा नभए वरिष्ठ आफन्तहरुलाई मागन पठाउँने चलन छ । माग्न पठाउँनु भन्दा पहिला भए सम्म केटीले आफ्नो प्रेम सम्बन्धकोवारेमा जानकारी गराउँछ । नभए कुनै

माध्येमद्वारा माग्न आउदै छौ भन्ने खवर पठाउँछ । केटी तर्फबाट माग्न आउनुहोस् भन्ने खबर आएमा औपचारीक रुपमा सगुन (पोङ) लिएर जान्छन् । होइन भने त्यतीकै पनि जाने गरेको पाईन्छ ।

हिजो आज पोङको कोशेलीमा पनि परिवर्तन आएको देखिन्छ । कसै कसैले मात्र घरमा पारेको रक्सी, लोकल कुखुराको भाले र रोटी लाने गरेको पाईन्छ । नभए **हाल तामाङ समाजमा वाह्रिय संस्कृतिको प्रभावको कारण आफुलाई सभ्य भन्ने तामाङहरुले सगुन (पोङ) मा फलफूल, दही र कसै कसैले वियर वा अंग्रेजी रक्सी र विभिन्न परिकारका मिठाईहरु लाने गरेको पाइन्छ जुन तामाङ परम्परागत संस्कार बिपरित हो ।**

हाल तामाङ जातिमा विवाह संस्कारमा प्रमूख भूमिका रहने ताम्बाको अपर्याप्तताको कारण लामाद्वारा केटाकेटीको ल्हो, खाम हेर्ने र विवाह गर्न उप्यूक्त छ छैन भनेर हेराउने गर्दछन् । भने कतिपय तामाङले विवाह गर्न मिल्ने थर भएमा ल्हो र खाम नहेर्ने गरेको पनि पाइन्छ । त्यसै गरी कतिपय तामाङहरुले हिन्दु धर्म, संस्कारको प्रभावका कारण विवाहको साइत नेपाली पात्रो अनुसार बाहुन मार्फत साइत हेरी विवाह गर्ने गरेको पाइन्छ ।

**विवाह गर्दाको उमेर :**


**तालिका नं.८**

| क्र.स. | विवाह गर्दाको उमेर | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | १५ देखि २० | ११ | २७.५ |
| २. | २० देखि २५ | १५ | ३७.५ |
| ३. | २५ देखि ३० | ९ | २२.५ |
| ४. | ३० देखि ३५ | ४ | १० |
| ५. | ३५ देखि माथि | १ | २.५ |
| | **जम्मा** | **४०** | **१००** |

माथि उल्लेखित तालिका नं. ८ अनुसार उत्तरदाताहरुको विवाह गर्दाको उमेर निम्नानुसार रहेको छ । जस्मा १५ देखि २० वर्षको उमेरमा ११ जना २७.५ प्रतिशतले विवाह गरेको छ भने त्यसै गरी क्रमश: २० देखि २५ मा १५ जना ३७.५ प्रतिशतले, २५ देखि ३० मा ९ जना २२.५ प्रतिशतले, ३० देखि ३५ मा ४ जना १० प्रतिशतले र ३५ देखि माथि १ जना २.५ प्रतिशतले विवाह गरेको छ ।

**विवाह गर्दाको उमेर वृत चित्रमा**

**वृत चित्र नं.६**



### (ख) कर्जेल पोङ लाने :

केटी पक्ष मञ्जुर भएमा केटा पक्षलाई कर्जेल पोङ ल्याउँन खवर दिइन्छ । त्यसै अनुसार तामाङ केटाको पक्षबाट केटाको बाबु र ताम्बा कर्जेल पोङ **मगनी पोङ** लिएर केटीको घरमा जान्छन् । कर्जेल पोङमा कोकोम्हेन्दो, धुप, एउटा कुखुराको भाले र दुई तीन पाथी रक्सीको पोङ लगिन्छ । कर्जेल पोङ लाँदा केटालाई समेत लाने चलन छ । यस समयमा केटाको तीन पुस्ते वंशावली र मावाली सोध्ने तथा केटा र केटी राजी खुसी बुझ्ने काम गरिन्छ ।

केटाकेटी मञ्जुर भएमा, केटी दिने मञ्जुर भई केटापक्षले ल्याएको पोङ केटीको घरमा भएको भेलामा केटा पक्षको ताम्बागान्बाले यसो भन्छन् । "**माइती तर्फको पञ्च भलादमीहरु (चाहो, मुल्मी, ङात्पा, गान्बा, बोन्बो, दौत्पा, ताम्बा, लामा र गौराई आदि आदि) लाई हामी केटा पक्ष नमस्कार गर्छौं । परा पूर्वकालका मान्यवर राजा, जान्ने बुझ्नेले राखेको रीतिरिवाजलाई जानी नजानी नछोडेर, हामी गरीब तथा अज्ञानी, मूर्ख, ताम्बा, गान्बा र बुढापाका र बर समेतले जानी नजानी यो खाने पिउँने चीजहरु तयार गरी तपाईहरु समक्ष चढाउन ल्याएका छौं, स्वीकार गरिदिनु होस् । कुनै भुल हुन गएको भए माफी पनि माग्दछौं"** भन्दछन् । यसपछि ल्याइएका सम्पुर्ण कोशेलीहरु केटीका माइती समक्ष (अगाडी) राखिदिन्छन् । त्यसपछि केटीका मामा, काकाहरुको उपस्थितिमा पोङको मुखमा अड्याएको कोकोम्हेन्दो (टोटलाको फूल) ले पोङलाई तीन चोटी छ्योत (देउता कुललाई चढाउने पर्साउने) गरेर बाबु माइतीले पोङ समाउँदछन् । यो पोङ समाए पछि केटी दिने पक्का भएको मानिन्छ । यदि केटी दिने वा नदिने कुरा विचारधिन रहेछ भने बाबु माइतीले पोङ समाउँदैनन् र घरमा छाडेर जान अनुरोध गरिन्छ । केटी दिने भएमा छोडेर गएको पोङ समाइयो भन्ने खवर केटा पक्षलाई दिइन्छ, यदि नदिने भएमा पोङ फर्काइ दिने गरिन्छ । पोङ खाँदा केटीको स्वीकृति भएमा मात्र विवाह सम्पन्न गरिन्छ । पोङ खाइसके पछि पनि केटीले केटालाई मन नपराएमा विवाह गर्नु अगावै केटी अन्तै पौइल गएमा केटीको बाबुआमाले केटाको पोङ स-सम्मान फर्काउने गरिन्छ । वा केटीको वहिनीलाई दिने गरिन्छ । कतै कतै पोङको मूल्य निर्धारण गरी दोबर पैसा तिराउँने गरिन्छ ।

<u>परिवर्तन :</u>

केटी पक्ष मञ्जुर भई मगाएको कर्जेल पोङ लिएर ताम्बा, गान्बा जानु पर्नेमा हाल ताम्बाको कमीले गर्दा केटाको आफन्तहरु नै जाने गरेको पाइन्छ । पोङमा पनि कसैले रीतिरिवाज अनुसार लान्छन् भने कसैले आधुनिकताको नाममा बाह्रिय संस्कार तथा संस्कृतिको प्रभावमा परेर पोङको रुपमा फलफूल, दही तथा वियर वा अंग्रेजी रक्सी लाने गरेको पाईन्छ । भने केटी पक्षलाई पोङ बुझाउँदा ताम्बाले बोल्ने वचनको औपचारीकता मात्र गरेर पोङ जिम्मा लगाईन्छ । केटी पक्षले पोङ छुदा भने प्रक्रिया पुरा गर्ने कोशिस गरेको देखिन्छ ।

पोङ खाई सके पछि केटी अन्तै पोईला गएमा हाल केटीको बुबाले साधारण माफी माग्ने गरिन्छ । तर उक्त पोङ फर्काउने गरेको पाइदैन् । र केटापक्षले पनि उक्त पोङ फर्काउँन बाध्य पारेको देखिदैन् । हाल यस्तो घटनालाई सामान्य रुपमा हेर्ने गरेको पाइन्छ ।

**पहिले पोङमा लाने सामानहरु र हाल अध्ययन क्षेत्रको विवाहहरुमा पोङमा लाने सामानहरु :**

**तालिका नं.९**

| पहिले पोङ (सगुन) मा लाने सामानहरु | हाल पोङ (सगुन) मा लाने सामानहरु |
|---|---|
| लोकल रक्सी, जाँड | लेकल रक्सी, वियर, अंग्रजी रक्सी, दही, कोलड्रिङ्गस् (चिसो पेय पदार्थ) |
| सेल रोटी, बाबरे रोटी | सेल रोटी, बाबरे रोटी, खाप्से, र अन्य विभिन्न परिकारका मिठाईहरु |
| लोकल कुखुराको भाले | लोकल कुखुराको भाले, फलफूलहरु : स्याउ, सुन्तला, केरा आदि |

## (ग) ङ्योत्पा पोङ / ताम छ्याल्बा पोङ :

पोङ स्वीकारी सके पछि लामाले 'मुदुची छ्योयी' भन्ने पुस्तक हेरेर विवाहको शुभ साइत निकाल्दछन् । कतै कतै यो काम ताम्बाले पनि गर्दछ । विवाह गर्ने साइत जुरे पछि दोस्रो पोङ लगेर केटाको बुबा र ताम्बा पुनः केटीको घरमा जान्छन् । यसलाई **ङ्योत्पा पोङ** (ठेगान गर्ने वा सोध्ने) पनि भनिन्छ । यो पोङमा एक सोली रोटी, कुखुराको भाले र २-३ पाथी रक्सीको स्याल्गार लगिन्छ । यस पोङमा विवाह के कसरी गर्ने सो सम्बन्धमा छलफल गर्दछन् । कन्यालाई दिदा मावलीलाई पनि एक वचन सोध्ने गर्दछन् । तामाङ परम्परामा मावलीलाई भान्जाको हकदार मान्दछन् त्यसैले मामाको उपस्थिति विना विवाह सम्पन्न हुन सक्दैन । त्यसकारण दास्रो पोङ समाउने बेलामा माइतीलाई पनि उपस्थित गराइन्छ । निस्केको साइत चित्त बुझेमा पोङलाई कोकोम्हेन्दोले छ्योत गरेर स्यालगार बाँडी चुडी खान्छन् । साइत कतै केटी पक्षबाट पनि निकाल्ने गरिन्छ ।

त्यसै गरी कही दोस्रो पोङमा र कही तेस्रो पोङमा रीतभात, मामा-मावली, दाजुभाई, जन्ती आदि विवाह सवै कुराको छिनोफानो गरिन्छ । विवाह कसरी कुन तरिकाले गर्ने, कति कोशेलहरु ल्याउँनु पर्ने, चारदाम रीत कति हो, के कती सामानहरु लिएर आउँनु पर्ने हो ? विवाहमा जन्ती कति आउँने हो ? यस दिननै विवाहका सम्पुर्ण कुराहरु टुङ्गिने हुनाले यस पोङलाई तामाङहरु **रीतभात तोक्ने पोङ (ताम छ्याल्बा ग्याम स्याल्बा पोङ** अर्थात **कुरा टुङग्याउने बाटो फुकाउने पोङ** ) भन्दछन् । यो पोङ छुट्टै लगेमा ५ पाथी चामल, ५ माना तेल, १ खसी, ५ पाथी छोक्रा, एक बीसा बाबर, कोकोम्हेन्दो र धुपी समेत लगिन्छ ।

प्रयःठाउँमा केटीको बुबाआमाले रीतभात खान्छन् भने कतै खादैन । केटीका बाबु माइतीले रीत खाने भयो भने १२ तामाङको दस्तुर (ठीम) बमोजिम विवाहको लागि निम्नबमोजिम रीत केटापक्षसंग अधिक्तम माग गर्न सक्छन् । यसलाई १२ तामाङको रीतभात भन्दछन् ।

**रीतको किसिम :**

**तालिका नं.१०**

| क्र.सं. | कोशेलीको नाम | कोशेलीको विवरण |
|---|---|---|
| १. | **घरको लागि (ठूलो कोशेली)** | (क) १२ मोहर (ख) बाह्र पाथी चामल (ग) १२ पाथीको छ्याङरा (घ) १२ धार्नीको खसी वा राँगा (ङ) १२ वीस रोटी (च) १२ पोङ रक्सी आदि बाह्र थरी |
| २. | **मावलीको लागि (आस्याङ थोयी) :** | प्रत्येक मामाघरलाई भिन्ना भिन्नै आस्याङ / स्याङबो सोली (डालो) बुझाउनु पर्छ । (क) एक मोहर पैसा (ख) एक माना |

| | | |
|---|---|---|
| | | चामल (ग) एक पोङ (सुराई) रक्सी (घ) एक वीस राटी (ङ) एक भाले कुखुरा |
| ३. | **फूपुडालो (आङी स्याङकुर)** | मामा सरह नै दिनु पर्छ । |
| ४. | **आमाको लागि : दुद्यौली डालो (आमा ङेसाई ) :** | (क) एक वीस वा एक सोली राटी (ख) एक भाले कुखुरा (ग) एक ठेकी दुध (घ) एक पोङ रक्सी (ङ) एक जोर कपडा वा ओड्ने पछ्यौरा (च) एक पाथी चामल (छ) बाह्र मोहर पैसा |
| ५. | **बाजे र बज्यैले काक्रो हल्लाए वापत (आखेमाम होहो)** | (क) एक पोङरक्सी (ख) एक वीस रोटी (ग) एक भाले कुखुरा |
| ६. | **ह्रो फेपा (साथी छोडे वापत)** | (क) एक पोङ रक्सी (ख) एक भाले कुखुरा (ग) एक वीस रोटी |
| ७. | **कुथुप कुरुरु (चुला छोडे बापत)** | (क) एक पोङ रक्सी (ख) एक भाले कुखुरा (ग) एक वीस रोटी |
| ८. | **मयूङ थोयी (माइती कोशेली)** | (क) एक पोङ रक्सी (ख) एक भाले कुखुरा (ग) एक वीस रोटी |
| ९. | **केटीको लागि** | केटीको माग बमोजिम गरगहना र लत्ताकपडा लाने |
| १०. | **चार दामको लागि चारदाम डालो /सोली** | (क) एक मोहर चार दाम, आठ दाम र एक दाम (ख) माना चामल (ग) ठटेरो बत्ती/ नाङसाल (घ) भाले पोथी कुखुरा दुई (ङ) सात पोङ रक्सी (सात पोरे) (च) एक वीस रोटी (छ) कलश (भुम्बो) (ज) धुपौरो |

**परिवर्तन :**

कर्जेल पोङ स्वीकारी सकेपछि विवाहको दिन तय भएर जानकारी गराउँन लग्ने गरेको ताम छ्याल्बा पोङ कतै छुट्टै, कतै ङ्योत्पा पोङसगै लाने गरिन्छ । भने हाल यस पोङ नलाने गरेको र लगि हाले पनि ङ्योत्पा पोङ सगै लाने गरेको देखिन्छ ।

हिजो आज विवाहको मिति तय भएमा र रीतभात खाने भए वा विवाहमा यति उति ल्याउँनु, यति जन्ती यसरी आउँनु भनेर कुनै माध्यम मार्फत खवर गर्ने गरिन्छ । ताम छ्याल्बा पोङ र ङ्योत्पा पोङ लाने गरेको पाइदैन् । रीतभातको चलन हराउँदै गएको पाइन्छ । कतै कतै कसै कसैले नमूनाको रुपमा रीत बुझाउने गरेको पाइन्छ । हाल रीतभात बुझाउँने परम्पराको ठाउँमा केटालाई दाइजो दिने परम्पराको विकास हुंदै गएको पाइन्छ । यस्तो परम्पराले भोलिको दिनमा संस्थागत रुप लिन सक्ने देखिन्छ ।
यस शोध अध्ययन क्षेत्रमा ङ्योत्पा पोङ / ताम छ्याल्बा पोङ लगेको देखिदैन । कर्जेल पोङमा नै विवाहको निधो गरेको र त्यस पछिको अन्य समाचार फोन तथा अन्य प्रक्रिया मार्फत गरेको देखिन्छ ।

**(घ) विवाह प्रारम्भ :**

विवाहको तय भैसके पछि विवाहमा मामा, ताम्बा, गान्बा, चोहो, लगाएत इष्टमित्र, छिमेकीलाई निमन्त्रणा गरिन्छ । निमन्त्रणा गर्दा कतै मौखिकै गर्ने गरिन्छ भने कतै मुल घरमा फलानोको विवाहको सगुन भनी पठाउने गर्छ । कतै भने सगुन छ्योत गर्दै विवाहको जानकारी गराइन्छ ।

विवाह प्रारम्भ भएको अघिल्लो दिन केटाको घर सफासुग्घर गर्ने गरिन्छ । त्यसतै कार्य केटीको घर तर्फ पनि गरिन्छ । विवाहमा मामाको अनिर्वाय उपस्थिति हुनु पर्ने भएकाले भान्जा भान्जीको विवाहमा मामालाई सगुन राखेर आमन्त्रण गरिन्छ । सगुनमा एउटा कुखुरा, एक डालो रोटी र एक पोङ रक्सी राखिन्छ । विवाहमा ताम्बाको भुमिका हुने भएकोले ताम्बालाई पनि सगुन राखेर डाकिन्छ । उहाँहरुलाई बेहुलाको घर आउँदा बाटोमा सगुन राखेर स्वागत गर्ने चलन छ । गान्बा र चोहो तथा निम्तारुहरु आइपुगेपछि विवाहको तयारी

सुरु हुन्छ । जन्ती जानु अगाडि केटालाई सुकुलमाथि राडीं गलैंचा आछ्याएको बिछ्यौंना 'ठि' मा बसाइन्छ । केटाको अगाडी थालमा अक्षता टीका र दियो वालेर राखिन्छ । कलश (बुम्बा) र धूप (साङ) पनि राखिन्छ । सगुन भनेर टोटलाको फूल सिउरेर पोङ राखेको हुन्छ । विवाह कार्यको शुभारम्भ गर्नका लागि बेहुलाका बुबाले ताम्बा समक्ष स्यालगार राखेर अनुरोध गर्दछन् । त्यस पछि स्यालगार छ्योत गरेर ताम्बाले विवाह कार्य शुभारम्भ गर्दछन् ।

ताम्बाले गान्बा, गान्सोम, लामा, लाब्ताबा, मुल्मी, चोहो, डाप्ता, गौराई आदि बृद्ध तथा मान्यजनहरुको उपस्थितिमा विवाह कार्य सफलता पूर्वक सम्पन्न होस् भनी सम्पुर्ण लोक, पूर्व, पश्चिम, उत्तर, दक्षिण चारै दिशाको देवीदेवतालाई पानी चढाउछौं भनी प्रार्थना गर्दछन् । त्यस पछि सबै कुल देवतालाई साङ (धूप) चढाउने प्रार्थना गर्दछन् । पानी र धूप चढाउनाले जग्गे (माटो) एवं बेहुला शुद्ध भएको मानिन्छ । ताम्बाले सृष्ठिको काथा (ठुङरप), अठार थर तामाङको पुर्ख्यौली (रुअीछेन च्योप्गो) र वस्त्र उत्पादनको कअीरन (केह्नाप) भनेपछि वेहुलालाई सिँगार्ने काम सुरु हुन्छ ।

**परिवर्तन :**

विवाहको तय भैसके पछि विवाहमा मामा, ताम्बा, गान्बा, चोहो, लगाएत इष्टमित्र, छिमेकीलाई निमन्त्रणा गरिन्छ । निमन्त्रणा गर्दा पहिले पहिले कतै मौखिकै गर्ने गरिन्थ्यो, भने कतै मुलघरमा फलानोको विहेको सगुन भनी पठाउने गर्दथ्यो । कतै भने सगुन छ्योत गर्दै विवाहको जानकारी गराइन्थ्यो । हाल भने यसमा परिवर्तन आएको छ । हाल कतै सुपारी रँग्याएर दिन्छन् भने कतै विवाहको कार्ड छापेर पठाउँने गरिन्छ । विवाह प्रारम्भ भएको पहिलो दिन केटा केटीको घर सफासुग्घर गर्ने, लिप्पोत गर्ने, तथा कतै कतै धजा, पतका गर्ने प्रवेशद्वार (गेट) बनाउने गरिन्छ । शहरवजारमा गुम्बा अथवा पार्टीप्यालेसबाट वैवाहिक कार्यक्रम गर्ने गरेको पाइन्छ ।

भान्जा भान्जीको विवाहमा मामाको अनिवार्य उपस्थिती भए पनि खासै संस्कारगत कार्यमा भने सामेल गराईएको पाईदैन् । भान्जाको विवाहमा मामाले पनि हाल पगरीको सट्टा टोपी (नेपाली) दिने गरेको पाईन्छ । कसै कसैले मामालाई सगुन राखेर निमन्त्रणा गरे पनि कसै कसैले विभिन्न माध्यमद्वारा निमन्त्रणा गर्दछन् । पहिला पहिला जस्तो सगुनै राखेर गरिने औपचारिक स्वागतमा भने कमी आएको छ । त्यसै गरी ताम्बालाई निमन्त्रणा गर्न सगुनको प्रयोग गर्ने देखिएता पनि हाल तामाङ समुदायमा ताम्बाहरु न्यून हुंदै गएको र त्यस ठाउँमा लामाको भूमिका बढ्दै गएको देखिन्छ । लामाले विवाहको प्रारम्भ गर्नु भन्दा पहिले घर शुद्ध गर्ने, बेहुलालाई शुद्ध गर्ने र पूजा गर्ने गरिन्छ ।

**ताम्बा, लामा र अन्यद्वारा सम्पन्न गरिएको विवाह संख्या :**

**तालिका नं.११**

| क्र.सं. | व्यक्ति /संस्था | विवाह संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | ताम्बा | ४ | ५७.१४ |
| २. | लामा | २ | २८.५७ |
| ३. | गान्बा, ठुलाबडा र अन्य | १ | १४.२९ |
| ४. | पण्डित | ० | - |
| | **जम्मा** | **७** | **१००** |

माथि तालिका नं. ११ अनुसार कुल ७ विवाहमा ताम्बाद्वारा ४ वटा ५७.१४ प्रतिशत विवाह गरेको देखिन्छ । त्यसै गरी लामाबाट २ वटा २८.५७ प्रतिशत र गान्बा, ठुलाबडा र अन्यबाट १ वटा विवाह १४.२९ प्रतिशत

विवाह गरेको देखिन्छ । यस तालिका अनुसार ताम्बाद्वारा विवाह गरिएको संख्या धेरै देखिन्छ भने पण्डितद्वारा विावाह गरिएको देखिदैन ।

**विवाह गर्ने स्थानहरु :** **तालिका नं.१२**

| क्र.सं. | विवाह गर्ने स्थान | विवाह संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | घर | ४ | ५७.१४ |
| २. | गुम्बा | ० | - |
| ३. | मन्दिर | ० | - |
| ४. | चर्च | ० | - |
| ५. | पार्टी प्यालेस | ३ | ४२.८६ |
| ६. | अन्य (कोठा वा अन्य ठाउँ) | ० | - |
| | **जम्मा** | **७** | **१००** |

माथि उल्लेखित तालिका नं. १२ अनुसार विवाह गर्ने स्थानहरुमा कूल ७ विवाह मध्ये ४ वटा ५७.१४ प्रतिशत विवाह घरबाट र ३ वटा ४२.८६ प्रतिशत विवाह पार्टीप्यालेसबाट गरेको देखिन्छ । यी माथिको तथ्याङ्क मागी विवाहको सन्दर्भमा लिईएको नमूना विवाहबाट लिइएको तथ्याङ्क भएकोले यसमा अन्य ठाउँ गुम्बा, मन्दिर, चर्च आदि ठाउँबाट सम्पन्न गरिएको विवाहको तथ्याङ्क आएको छैन् ।

**विवाहमा निमन्त्रणा गर्ने तरिकाहरु :**

**तालिका नं.१३**

| पहिले | हाल |
|---|---|
| सगुन मूलघरमा पठाउँने, सगुन बाड्दै हिड्ने (छ्योत गर्ने), सुपारी रंग्याएर दिने । | कार्ड वितरण गर्ने, इमेल/इन्टरनेटको प्रयोग गर्ने । |

**(ङ). बेहुला सिँगार्ने/बेहुली सिँगार्ने :**

पहिले पहिले विवाहमा वेहुलाले तामाङ पोशाक लगाउँने चलन थियो, आजभोली दौरा सुरुवाल र शहर बजारमा सुट पेन्ट लगाउँछन् । यसरी नयाँ कपडा लगाई सकेपछि मामाले वेहुलालाई सेतो फेटा बाँधिदिने गर्दछन् । मामाले लगाई दिएको फेटालाई सगुन मानिन्छ । वेहुलालाई सिंगारने क्रममा ताम्बाले फेरि सवै देवी देवताहरुलाई आएर वेहुलालाई दीर्घायूको आशीर्वाद दिनुहोस् भनेर यसरी मोलम (प्रार्थना) गर्दछन् : **"दक्षिण इश्वरको देशमा बनाएको मुगाको फेटा, तिब्बतीयन ईश्वरको देशमा बनाएको तासको कपडाको जातिय पोशाक, समतल प्रदेशीय ईश्वरको देशमा बनाएको मलमलको पटुका इत्यादी, जुन कपडाहरु बनाउँन, बुन्नुमा डासिङ डोल्मा देवीको समेत परिश्रम परेको छ । यहाँ आएर बेहुलालाई चिरायू (छेरिङगै) भनी सवै ईश्वरहरुले आशिर्वाद दिऊन् ।"**

त्यसपछि ताम्बाद्वारा टीका लगाउँने मोलम गर्दछन् र 'वेहुला' लाई टीका लगाई दिने र आशिर्वाद दिने काम शुरु हुन्छ । आबा-आमा, मेमे-माम, मामा तथा आफन्त नातेदारहरुले टीका र खादा (सेतो स्कार्फ) लगाउने गर्दछन् । ताम्बाले पनि आशिर्वाद दिँदा दही चामलको टीका मिलाएर लगाउँदा निधारमा जसरी टलक्क देखिने हुन्छ त्यसरी नै आफ्नो पुर्खाको धर्म, रीतिरिवाज थामी सवैको हाई ! हाई ! भई संसार चलाएर बस्नु भनी कामना गरिन्छ । यस पछि वेहुलाका बाबुले ताम्बा र गान्बाहरुलाई पनि फेटा पहिर्याउँछन् र जन्तीहरुलाई

कोकोम्हेन्दो घ्यूले लेपी टीका लगाई दिने र खादा पहिरिदिने गर्दछन् त्यसपछि बेहुलालाई 'सगुन' खुवाईन्छ र अरु सबै जन्तीहरुलाई 'रेम' खुवाईन्छ । त्यसपछि जन्ती जाने गर्छ ।

**परिवर्तन :**

तामाङ जातिमा बेहुलालाई सिँगार्दा पहिला पहिला तामाङ जातिले लगाउने भेषभूषा नै लगाउने भए पनि समय अन्तरालमा परिवर्तन भएको देखिन्छ । पहिला तामाङ भेषभूषा लगाउँने तामाङ जातिमा पछि हिन्दु धर्म, संस्कार, संस्कृति तथा राज्यद्वारा संरक्षण गरिएको तथा नेपाली पोशाक दौरा सुरुवालको चलन चलेको देखिन्छ भने हाल दौरा सुरुवाललाई पनि त्यागेर कोट पेन्ट लाउँने गरेको पाईन्छ ।

तामाङ जातिमा विवाहमा लगाउने बेहुलाको पहिरन ठाउँ अनुसार हाल पनि फरक पाईन्छ । तामाङ बाहुल्यता भएको पहाडी तथा हिमाली गाउँहरुमा नेपाली पोशाकको प्रभाब नपरेको ठाउँमा तामाङ भेषभुषा नै लगाउँछन् भने नेपाली पोशाकको प्रभाव परेको ठाउँमा नेपाली पोशाक र आधुनिकता तथा पश्चिमी संस्कार तथा संस्कृतिको प्रभाव परेको ठाउँमा कोट, पेन्ट र टाई लगाएको देखिन्छ । त्यसै गरी जन्तीको पहिरनमा पनि ठाउँ अनुसार परिवर्तन आएको देखिन्छ ।

त्यसै गरी हाल तामाङ जातिमा बेहुली सिँगार्दा पहिला पहिला तामाङ भेषभुषामा नै सिँगार्ने गरिए पनि हाल गुन्यू चोलीमा सिँगारीने गरेकको पाईन्छ भने माथिबाट चुनरी लगाउँने गरिन्छ ।

विवाहमा मामाले लगाई दिने फेटामा पनि ठाउँ अनुसार परिवर्तन आएको देखिन्छ । कसै कसैले नेपाली टोपी लगाई दिने गरिन्छ भने कसै कसैले फेटानै बाँध्ने गरेको पनि पाइन्छ ।

**यस अध्ययन क्षेत्रमा तामाङ जातिको बेहुलाले टोपी वा फेटा लगाएको विवरण :**

**तालिका नं.१४**

| क्र. सं. | पहिरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | फेटा | ३ | ४२.८५ |
| २. | टोपी नेपाली | २ | २८.५७ |
| ३. | टोपी तामाङ | १ | १४.२९ |
| ४. | फेटा र टोपी (दुवै) | १ | १४.२९ |
| | **जम्मा** | **७** | **१००** |

माथि तालिका नं. १४ अनुसार यस अध्ययन क्षेत्रमा तामाङ जातिको विवाहमा बेहुलाले कुल ७ विवाहमा ३ वटा ४२.८५ प्रतिशत विवाहमा फेटा लगाएको देखिन्छ । भने २ वटा २८.५७ प्रतिशत विवाहमा नेपाली टोपी लगाएको देखिन्छ । त्यसै गरी १ वटा १४.२९ प्रतिशत विवाहमा तामाङ टोपी र १ वटा १४.२९ प्रतिशत विवाहमा वेहुलाले नेपाली टोपी र फेटा लगाएको देखिन्छ । फेटा काँधबाट तेर्सो गरेर बाँधेको देखिन्छ ।

यस अध्ययन क्षेत्रका तामाङ जातिको बेहुला बेहुलीले विवाहमा लगाएको भेषभूषा (पहिरन) :

**विवाहमा वेहुलाले लगाएको भेषभूषा :**

**तालिका नं.१५**

| क. सं. | भेषभूषा | विवाह संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | परम्परागत तामाङ कपडा | २ | २८.५७ |
| २. | दौरा सुरुवाल | १ | १४.२९ |
| ३. | कोट पाइन्ट | ४ | ५७.१४ |
| ४. | अन्य | ० | - |
| | **जम्मा** | **७** | **१००** |

माथि तालिका नं. १५ अनुसार यस शोध अध्ययन क्षेत्रको विवाहमा बेहुलाले लगाएको भेषभूषा हेर्दा कुल ७ विवाह मध्ये २ वटा २८.५७ प्रतिशत विवाहमा बेहुलाले तामाङ भेषभूषा नै लगाएको छ भने १ वटा १४.२९ प्रतिशत विवाहमा दौरा सुरुवाल र ४ वटा ५७.१४ प्रतिशत विवाहमा कोट पेन्ट लगाएको देखिन्छ । यस तथ्याङ्कले पश्चिमी भेषभूषा बढी लगाएको देखिन्छ ।

**विवाहमा वेहुलीले लगाएको भेषभूषा :**

**तालिका नं.१६**

| क. सं. | भेषभूषा | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | परम्परागत तामाङ कपडा | २ | २८.५७ |
| २. | गुन्यो चोली | ५ | ७१.४३ |
| ३. | अन्य | ० | - |
| | **जम्मा** | **७** | **१००** |

माथि तालिका नं. १६ अनुसार विवाहमा वेहुलीले लगाएको भेषभूषा हेर्दा कुल ७ विवाहहरु मध्ये २ वटा २८.५७ प्रतिशत विवाहमा बेहुलीले तामाङ पहिरण लगाएका छन् भने ५ वटा ७१.४३ प्रतिशत विवाहमा बेहुलीले गुन्यू चोली लगाएको छ ।

विवाहमा तामाङ जातिले लगाउने भेषभूषाबारे ४० जना उत्तरदाताहरु र ७ वटा विवाहमा वेहुला बेहुलीले लगाएको भेषभूषको अध्ययन गर्दा पछिल्लो समय तामाङ जातिमा संस्कार र संस्कृतिकोवारेमा चेतनाको विकास भएको र आफ्नो भेषभूषाको संरक्षण गर्नु पर्छ भन्ने मान्यताको विकास भएको पाईन्छ ।

**(च) जन्ती :**

जन्ती जाने तयारी भएपछि बेहुलाको बाबुले जन्तीहरुलाई टीका कोकोम्हेन्दोले घ्यूले लेपी लगाईदिने र खादा पहिरी दिने गरिन्छ । त्यसपछि कतै कतै लामाले पुस्तक पढ्दै बेहुला र जन्तीहरुलाई वाङ (आशिर्वाद) दिने गर्दछन् । त्यस पछि आमा ढोका भित्र र छोरा बाहिर रही आमाले छोरालाई सगुन खुवाउँछ । अनि छोराले आमालाई ढोगेर जन्तीसंग हिँडने काम हुन्छ ।

घरबाट निस्किदा बाटाका दुवै छेउमा भरी पानीको घडा र रक्सी जाँड भरेका स-साना पोङका सगुन राखेर दिदी बहिनीहरु बस्दछन् । सगुन छ्योत गरी घडामा मोहर रुपैयाँ चढाँई बेहुला अगाडि बढ्दछन् । जन्तीमा बेहुलाका साथमा कुमारी दिदी बहीनीहरुले बुम्बा (कलश) र ठटौरो तथा ताम्बाले बज्र निशान हतियार पनि बोकेर हिड्दछन् । यस्तो भित्र कुशुम फूलको रसयूक्त पानी र बुम्बाको मुख्मा आँप, बर पिपलको पात र

टुटीमा दुबोको झुप्पा राखिएको हुन्छ । सो बुम्बाको घाँटी र टुटीमा धागो र खादाले बाँधिएको हुन्छ । जन्ती निस्किने अवसरमा बन्दुक पड्काउने पनि गर्दछन् ।

त्यसपछि ताम्बा, गान्बा, लामा, लाप्ताबा, बोन्बो तथा भद्रभलादमीहरु जन्ती हिड्दछन् । एकजना गान्बा हातमा तरबार बोकेर अघि लाग्दछन् । डम्फुरेहरु नाच्दै गाउँदै अगिअगि हिँड्छन् । तामाङ परम्परामा जन्ती जाँदा डम्फुबाहेक अरु बाजा बजाउँदैनन् । जन्ती जाने ठाउँ टाढा भए बीच बाटोमा चेलीवेटीको घर रहेछ भने चेलीबेटीले सगुन राखेर बाटो छेक्ने पनि देखिन्छ । जन्त जादाँ चारदाम पोङ, आस्याङ पोङ, आङी पोङ, दुध्यौली पोङ, बाबु माइती पोङ आदि पनि साथै लिएर जान्छन् ।

<u>परिवर्तन :</u>

जन्ती घर बाट निस्किदा बाटाको दुबै छेउमा भरी पानीको घडा र रक्सी जाँड भरेका स-साना पोङका सगुन राखेर दिदी बहिनीहरु बस्ने चलन गाउँ तिर यथावतै भए पनि शहर बजारमा भने विस्तारै परिवर्तन हुँदै गएको पाईन्छ । जन्तीमा बेहुलाका साथमा कुमारी दिदी बहिनीहरुले बुम्बा (कलश) र ठटौरो तथा ताम्बाले बज्र निशान हतियार पनि बोकेर हिड्ने चलन गाउँ घरमा पनि हराउँदै गएको पाइन्छ भने शहर बजारमा यो चलन हराई सकेको जस्तो देखिन्छ ।

तामाङ जातिको विवाहको कार्यक्रममा सुरु देखि अन्तिम सम्म बजाउने डम्फु बाजाको चलनमा भने व्यापक कमी आएको देखिन्छ । पहिला पहिला डम्फु बजाउने चलनले व्यापक्ता पाएको र हाल त्यस ठाउँमा विभिन्न किसिमको बाजागाजा, गित, संगीत, तथा पंञ्चेबाजा र हाल वेण्डबाजाको कारण डम्फु र डम्फुरेहरु लोप हुँदै गएको देखिन्छ । डम्फुरेहरुका अनुसर **'कसै कसैले गाउँघरमा र कसै कसैले शहरवजारमा विवाह गर्दा वोलाउने गरेता पनि डम्फुरेहर प्रसस्त नहुनु र विवाहमा अन्यबाजा प्रयोग गरेका कारण डम्फुको प्रयोग खासै भएको छैन ।'**

त्यसै गरी जन्ती जादाँ लाने पोङहरुमा चारदाम पोङ लाने गरे पनि अन्य रीतका पोङहरु भने खासै लगेको देखिदैन् । कतै कतै कसै कसैले रीतमागेको कारणले लगेता पनि हाल रीतभात खाने चलनमा कमी आएको कारणले अन्य पोङहरु खासै लाने नगरेको र लगे पनि औपचारिकताको लागि मात्र लाने गरेको देखिन्छ ।

**यस अध्ययन क्षेत्रको तामाङ जातिले विवाहमा बजाउने बाजाहरु :**

**<u>तालिका नं.१७</u>**

| क्र. सं. | बाजाहरु | विवाह संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | डम्फु | ४ | ५७.१४ |
| २. | पञ्चेबाजा | १ | १४.२९ |
| ३. | वेण्ड बाजा | ० | - |
| ४. | रेकर्डिङ | २ | २८.५७ |
| ५. | अन्य | ० | - |
| | **जम्मा** | **७** | **१००** |

तालिका नं. १७ अनुसार यस अध्ययन क्षेत्रको तामाङ जातिले विवाहमा बजाउने बाजाहरुमा कुल ७ विवाहमा डम्फु ४ वटा ५७.१४ प्रतिशत विवाहमा बजाएको देखिन्छ । भने पञ्चेबाजा १ वटा १४.२९ प्रतिशत र रेकर्डिङ २ वटा २८.५७ प्रतिशत विवाहमा बजाएको देखिन्छ । वेण्ड बाजा भने तामाङ जातिले प्रयोग गरेको देखिदैन ।

हाल यस शोध अध्ययन क्षेत्रको तामाङ जातिमा विवाहमा डम्फुरेहरु नै ल्याउन पर्छ र डम्फुनै बजाउँन पर्छ भन्ने चेतनाको / विचार विकास भएको देखिन्छ । विवाहमा डम्फुरेहरुकै प्रयोग गरेता पनि पार्टी (भोज) पार्टीप्यालेशहरुमा गरेको कारणले प्रय: विवाहको पार्टीहरु रेकर्डिङहरु पनि बजेको पाइन्छ ।

**(ज) भातखरुवा :**

जन्ती कन्या (बेहुली) को घरमा पुगेपछि बन्दुक पड्काएर बढाईद्वारा बेहुलीपक्षलाई जन्ती आएको खवर दिन्छ । ताम्बा जन्ती आएको खवर दिन २/३ जना साथीसहित बेहुलीको घर रक्सीको पोङ लिएर जान्छन् । यसलाई सगुन नै भनिन्छ । यसरी पहिले जानेहरुलाई अन्य समुदायमा भातखरुवा भन्दछन् । यसवेला गाउँका ठिटा ठीटीहरु भेलाभई भातखरुवासंग ठट्टामजाक गर्ने गर्दछन् । कतिपय ठाउँमा भातखरुवालाई सिस्नो र बुङ्गो (केराको बुङ्ग) को माला र खोर्सानीको धुलो भरेको हुक्का चिलम र अखाध्य बस्तुहरु पनि खान दिन्छन । कहीं त मान्द्रोमाथि तोरीको गेडा र त्यसमाथी गुन्द्री राडी ओछ्याएर भात खरुवा बस्नासाथ चिप्लिने गरी बनाएर रमाइलो हस्सीठट्टा गर्दछन् । केटीको घरतर्फ पनि बन्दुक पड्काएर जन्तीको स्वागत गर्दछन् ।

**परिवर्तन :**

जन्ती पक्ष बेहुलीको घर नजिक आई पुग्दा बन्दुक पड्काएर जन्ती आएको खबर दिने चलन गाउँ घरमा केही मात्रमा भए पनि शहर बजारमा भने यस चलन पूर्णरुपमा हराएको देखिन्छ । राज्यले हतियार बोक्नुलाई गैर कानूनी भनी दण्ड जरिवाना गर्ने भएको हुँदा पनि यस चलन हराएको देखिन्छ । त्यसै गरी विवाहमा ताम्बा जन्तीको खवर दिन बेहुलीको घरमा जाने चलन भने छदैछ । ताम्बा नभएमा गान्बा तथा अन्य व्यक्तिहरु जाने गर्दछन् । ठिटा ठीटीहरु भेला भई भातखरुवासंग हाँसी मजाक गर्ने चलन पनि यथावत छन् । तर शहरवजारमा भने यस संस्कार छाड्दैं गएको पाईन्छ । यस अध्ययन क्षेत्रको अध्ययन गरिएको विवाहहरुमा भातखरुवा (भाते कटुवा) गएको देखिदैन ।

**(झ) कोरुवा लावा/जन्ती पर्सिने :**

जन्ती वेहुलीको घरमा पुगेपछि बेहुला पक्षले आँगन कुल्चने पोङ राख्दछन् । यसलाई **खाङग्रा नाङ्बा पोङ** भनिन्छ । त्यस पोङ स्वीकारी सके पछि जन्तीहरु आँगनमा पस्दछन् । त्यसपछि जन्तीलाई केटीको बाबु माइती र निम्तारुहरुले स्वागत गर्दछन् । स्वागतका लागी पोङ, रोटी, दियो (बत्ती) र डम्फुरेहरु राखिएका हुन्छन् । बेहुलालाई पहेंलो रंगको कपडाले मोडेको काठको पिर्कामाथि उभ्याईन्छ । जन्तीहरु बेहुलाकै पछाडि उभिन्छन् । त्यसपछि केटालाई बाबु माइतीहरु र कन्याकेटीहरु टीका अक्षेताको सर्दाम राखेको टपरी बोकेर पानीको कलशले बेहुलालाई छेक्दछन् । यसलाई **कोरुवा लावा** भन्दछन् । जन्तीमा लोकन्तीहरु, बेहुलाका दिदी बहीनीहरु पनि सहभागी हुन्छन् । उनीहरुले बेहुलीलाई लगिने सरसामानहरु बेक्ने काम गर्दछन् । अनि जन्ती पर्साउने काम हुन्छ । यसरी जन्ती पर्साउँदा निरोगी हुने, वनजंगल, दोबाटो, धारा खोलाबाट पछि लागेका भूत प्रेत, आरिस, डाहा र आँखा लागे पनि भाग्छ भन्ने विश्वास गरिन्छ ।

त्यसपछि बेहुलालाई विशेषरुपमा बनाईएको विवाह मण्डपको विशेष स्थानमा बसाईन्छ । लामा राखी जग्गे गर्ने भएमा जग्गेकै विशेष स्थानमा बेहुलालाई राखिन्छ, यो जग्गे गर्ने चलन भने सबै ठाउँमा पाईदैन । जन्तीहरुलाई बेहुला वरिपरि बसाईन्छ । बेहुला तर्फबाट लगेको मूल कोशेली (ठोङ डाङ) आफ्नो पक्षको जन्तीहरुलाई र ग्युर्जे डाङ वेहुली पक्षकालाई खुवाईन्छ । यसरी खुवाउँदा बेहुलालाई दुई भाग दिने गरिन्छ । बेहुलाले खान सुरु गरे पछि अरुले पनि खान सुरु गर्छन् । त्यसपछि बेहुला तथा जन्तीका साथै ह्यूल्वाका आमन्त्रित सवैलाई भोज भतेरमा लगिन्छ ।

**<u>परिवर्तन :</u>**

बेहुला पक्षले राख्ने आँगन कुल्चने पोङ भने कतै कतै कसै कसैले राखेको देखिए पनि यस चलन हराउँदै गएको देखिन्छ, कसै कसैलाई त थाहा पनि नभएको पाईन्छ । तामाङ जातिको विवाह संस्कारको यो संस्कार पनि अति औपचारिक संस्कार हो जुन हराउदै गएको पाईन्छ ।

जन्तीलाई स्वागत गर्ने चलनमा भने व्यापक्ता र औपचारिकता पनि बढेको देखिन्छ । हाल हुने, सक्नेले प्रत्येक जन्तीलाई स्वागत गर्दा खादा लगाईदिने गर्दछन् । जस्ले जन्ती र विवाह कार्यक्रमको सोभा बढाएको पाईन्छ । त्यसै गरि कोरुवा लाबा काम पनि हुन्छ । हाल यस संस्कारले निरन्तरता नै पाएको देखिन्छ । कोरुवा लावा परम्परामा भने ठाउँ अनुसार परिवर्तन आएको देखिन्छ ।

यस शोध अध्ययन क्षेत्रको विवाहमा कोरुवा लावा संस्कार सवैले गरेको देखिन्छ । जग्गे राख्ने परम्परा भने सवै ठाउँको तामाङ जातिमा छैन ।

**(ञ) रीतभात बुझाउने :**

भोजभत्तेर (डोनसोल्) समाप्त भएपछि दुवै तर्फका नातेदार, गान्बा, ताम्बा, लामाहरु भेला हुन्छन् । केटापक्षले केटीपक्षलाई पूर्व निर्धारित शर्त अनुसार रीतभात बुझाउने काम शुरु हुन्छ । कतिपय ठाउँमा विवाह खर्च वापत राँगा, खसी, चामल, छ्याङ, रक्सी विवाहको दिनभन्दा दुई चार दिनपहिले बुझाउँने चलन पनि छ । भने प्रयः जसो विवाहकै दिन रीतभात बुझाउँने काम हुन्छ ।

बेहुलाको गान्बाले माइतीका अगाडि ‘रीत’ (खाने पिउँने कोशेली) राखिसकेपछि ताम्बाले यसो भन्ने गर्छ : “ **मान्यवर माइतीहरु तथा सज्जनवर्गमा नमस्कार छ । परापूर्वको रीमठिम अनुसार हामी ताम्बा गान्बाहरुले बनाई राखेको परम्परा राख्न विनम्रतापूर्वक थोर बहुत खाने पिउँने चिज कोशेली रीतलिई तपाई हजुरका पाउँमा चढाउँन हाजिर भएका छौं । कृपापूर्वक ग्रहण गरिदिनु होला ।”**

माइतीले कोशेली ग्रहण गरिसकेपछि बेहुलीका ताम्बाले यसो भन्दछन् : “**कुनै दिन नबिराई सूर्य भगवान बिहानै पूर्वबाट उदाएर पश्चिमतिर अस्ताउँछन् । पृथ्वीलाई शीतोष्ण पारी अन्न उब्जाई दिन्छ । सूर्य भगवान नउँदाएका भए संसार अन्धकारमय भएर कुनै कुरो उब्जनी हुने थिएन बाँच्ने पनि थिएनौं ।**

**भगवानका दयाले संसारमा अनेकौ प्राणीहरु र चीजबीजहरुको सृष्टि हुन गयो । उनकै ज्योतीका आधारमा बाँचेका हुनाले आज हामीहरुको भेट भयो । अन्धकारदेखि उज्जालो ज्योती भएको संसारमा वेहुला वेहुलीको जन्म भयो । मानिसले आफना परापुर्खादेखिको रीति र भगवान मान्नु पर्ने हुनाले हाम्रा १२ तामाङको रीतिथिति अनुसार ‘चेली दिएँ’ भन्ने, माइतीका मुखबाट आज्ञा गर्नु होला भनी ‘पोङ’ राखी निवेदन गर्दछु ।”**

माइतीले पूर्व सहमति अनुसार रीत र कोशेलीहरु भएमा रीतभात बुझ्यौं भन्दछन् । यो कुरा ताम्बाले सबैलाई देख्नु भयो भनी ३ पटक सोद्छन् । उपस्थित सबै गान्बा गान्सोमहरुले देख्यौं भनी ३ पटक जवाफ भन्दछन् । कसैले रीतभातलाई बेहुलीको मूल्य ( Bride Price) पनि भन्दछन् । तर तामाङहरु त्यस्लाई बेहुली मूल्य होइन छोरीचेली दिए वापत सम्मान वा शिर उठाउँनी हो भन्ने मान्दछन् ।

यस पछि बेहुली पट्टीका गान्बा, ताम्बाहरुले उक्त रीत एवं कोशेलीहरु चारदाम को मूल स्यालगारकै वरिपरि राख्दछन् । पश्चिमका तामाङ (धादिङ) ले भने १२ तामाङको दस्तुर स्वरुप १२ रुपैयाँ, आमालाई मिक्ली फ्या वापत १ गुन्यू, काकाबाबुलाई औल्या वापत १० रुपैयाँ, बाबुलाई युन्दे वापत १ फेटा, केटीको मण्डौलीलाई ५ रुपैयाँ र केटीको साथीलाई १ मुर्चुङ्गा दिने चलन छ ।

**कोशेलीहरु :**

१. मुई डाङ (भैंसी कोशेली)
२. रा डाङ (बाख्रा कोहेली)
३. नाका डाङ (कुखुरा कोशेली)

**रीतहरु :**

१. आमाङे साई (दुधको भारा)
२. आस्याङ थोई ( मामाको हक)
३. आङी स्याङकुर (फुपू कोशेली)
४. मामबुजी (बजैले बोके बापत)
५. आखे हो हो ( बाजेले कोक्रो हल्लाएबापत)
६. ह्रो फे (साथी छोडे बापत)
७. कुथाप कुरुरु (चुल्हो छोडे बापत)
८. मयूङ थोओी (दाजुभाई माइती कोशेली)
९. बेहुलीको गर गहना लत्ता कपडा

**परिवर्तन :**

हाल तामाङ समुदायमा ठाउँ अनुसार रीतभात खाने गरिन्छ । पहाडी तथा हिमाली गाउँहरुमा केही मात्रामा मात्र यस संस्कारले निरन्तरता पाएको देखिन्छ, हाल तामाङ समुदायमा रीतभात खाने चलनमा व्यापक परिवर्तन भएको देखिन्छ । कतै कतै कसै कसैले रीतभात खाने गरे ता पनि धेरै जसो तामाङ समाजमा रीतभात खाने परम्परालाई न्यूनीकरण गर्दै लगेको देखिन्छ । रीत भातको रीत पुर्‍याउने तर मात्रामा भने कमी गरेर ओपचारिकतामा मात्र सिमित गर्ने गरिन्छ । भने कतिपय गाउँघर र शहर बजारमा यस परम्परा छाड्दै गएको देखिन्छ ।

हाल तामाङ समाजमा रीतभातको ठाउँमा दाईजो दिने चलन बढ्न थालेको छ । दाईजो नै भनी नदिए पनि एक सरो फर्निचर (पलङ, दराज, सोफासेट), दछ्याउने-ओढने (Bedding), भाडा-कुडा लगाएत गर-गहना आदि पनि हैसियत अनुसार दिने गरेको पाईन्छ । जुन तामाङ समाजमा विभिन्न जातिको नक्कल गर्ने परिपाटिले गर्दा विकृति भित्रिएको छ भन्न सकिन्छ ।

यस अध्ययन क्षेत्र जोरपाटी गा.वि.स.मा तामाङ जातिले विवाहमा रीतभात खाने चलन संस्कार तथा संस्कृति जगेर्णा गर्ने उद्देश्य र परम्परालाई निरन्तरता दिने तरिकाले मात्रात्मक रुपमा नभई नमूनात्मक रुपमा आर्थिक भार नपर्ने गरी रीतभात लिने गरेको पाइएकोछ ।

यस क्षेत्रमा गरिएको विवाहमा हाल संस्कार तथा संस्कृति जर्गेना गर्नु पर्छ भन्ने मान्यता विकास भएको कारण रीतहरुलाई महत्व दिइएको देखिन्छ । जुन नमूना अध्ययनको लागि लिइएको ७ वटै विवाहमा रीत पुर्‍याउने प्रयास गरेकोले पनि प्रष्ट हुन्छ । यी रीतहरु चारदामको समयमा लिने र दिने गरिएको देखिन्छ ।

**(ट) चारदाम :**

सामान्यतया मध्यरातमा तामाङ विवाहको महत्वपूर्ण रीत चारदामको तयारी हुन्छ । यो रीत मध्यरातमा गर्नुको कारण कुटुम्बवीचको कूल, वंश र चालचलन कुलाचारको बारे शत्रुलाई थाहा नदिनु हो भन्ने अर्थको रुपमा लिईन्छ । बेहुली पक्षले नबोलाए सम्म ताम्बा र डम्फुरेहरु डम्फु नाच नाचेर बस्दछन् । डम्फुरेहरुले

डम्फुबजाउँदै गीतबाट चारदामको लागि अनुरोध गर्दछन् भने बेहुला पक्षको ताम्बाले चारदामको लागि अनुरोध स्वरुप सगुन पठाउँदछन् । त्यस पछि प्रतिउत्तरमा बेहुली पक्षको ताम्बाले पनि सगुन पठाई चारदामको लागि निमन्त्रणा गर्दछन् । त्यसको अर्थ चारदाम (ड्हामेन ब्ली) बुझाउनु आउनु भन्ने हो । केटापक्षको ताम्बा हातमा तलवार (वर्ज्र) लिएर घरभित्र पस्न खोज्दा ढोका बन्द गरेर कन्यापक्षका ताम्बाले धेरै कुराहरु सोध्दछन् । (गीत जान्ने ताम्बाले गितबाटै सोध्छन्) : "**तल चाँदीको माथि सुनको ठेला भएको र झ्याल तथा ढोकामा सुनको खापा, राखिएको यो अल्कापुरीको दरबार हो । मान्यजनहरु यो अलकापुरी दरबारमा राँगो, गोरु, खसीको व्यापार हुदैंन । उत्तर दिशामा हिउँ परेर, पूर्व, पश्चिम र दक्षिण दिशामा खोलानाला बढेर बाटोहरु पनि बन्द भएका छन् । अतः यस्तो समयमा पनि के कामका लागि कसरी र किन यहाँ आउँनु भयो ?**"

बेहुला पक्षका ताम्बाले चित्त बुझ्दो जवाफ दिन सक्नु पर्छ । होइन भने बेहुला पक्षका ताम्बाले परिवाना स्वरुप पोङ राख्नु पर्दछ । त्यसैले बेहुला पक्षको ताम्बाले यसरी उत्तर दिन्छन् : "**यो ऐश्वर्याशाली अलकापुरी दरबारमा , मातापिता सुनचाँदीको आसनमा र अन्य गन्यमान्य सभासदहरु दर्जानुक्रमले आ -आफनो स्थान ग्रहन गर्नुहोस् । हामीलाई ज्ञात थियोकी यो दरबारको झ्याल ढोकाहरु, ठेला र थामहरु तथा खापाहरु समेत सुनचाँदीद्वारा निमार्ण भएको छ । यस्तो स्थानमा राँगो, गोरु, खसीको व्यापार हुन्छ भनि कल्पना समेत गर्न सकिन्न । अत : उत्तर तर्फ हिउँले पूर्व, पश्चिम र दक्षिण दिशाहरुमा खोलानाला बढेर बाटोहरु पनि बन्दछन् । तर हामी डाँफे, मुनाल जस्तै फुरुरु उडेर आयौं । किनकी यो ऐश्वर्याशाली दरबारका सुकुमारी, आयुष्मती कन्याको आजको दिनमा शुभ विवाह हुने थाहा पाएर हामीले पनि शोभाबढाई दिनुपर्ने कर्तव्य भएकोले आएका हौं ।**" यसरी दुवै पक्षको ताम्बाहरु वीच यसरी केहीक्षण दोहोरो प्रश्न उत्तर चल्दछ । त्यसै गरी दुवै पक्षका डम्फुरेहरु पनि गीत मार्फत जुहारी खेल्दछन् ।

चित्त बुझ्दो उत्तर पाएपछि बेहुली पक्षको ताम्बाले ढोका खोली दिन्छन् । सही उत्तर दिन नसकेमा दण्ड स्वरुप बेहुला पक्षको ताम्बाले पोङ राख्नु पर्ने हुन्छ । अनि मात्र ढोका खोल्दछन् । यस्तो पोङलाई **म्राप ठोङबा पोङ** (ढोका खोल्ने पोङ) भनिन्छ ।

ढोका खुलेपछि बेहुला र उनको बाबु, दाजुभाईहरुलाई भित्र पसाईन्छ । रीतभात बुझाउँदा प्रत्येक माइती (केटीको दाजुभाईको गन्ती) अनुसार माइती डालो, आमाको दुध्यौली डालो, आस्याङ डालो (मामाको भाग) र आङी डालो (फुपूको भाग) आदि केटा पक्ष र केटीपक्षका वीचमा सहमती भएको अनुसार बुझाउँनु पर्दछ । यो मूल स्यालगारकै वरिपरि राखिन्छ । बोम्बोलाई भूमे भाग (शीब्दा भाग) र ताम्बालाई निशान भाग दिनुपर्छ । अनि बेहुली पक्षको दाजुभाईहरुलाई माइती कोशेली (मैयुङ डाङ) र चारदाम (१ माना चामल, बत्ती, एक पोङ रक्सी, दुई वीस रोटी, नुन, तेल, मसला, धुपौरो, निशान, दुईवटा कुखुरा (एउटा जिउदो र अर्को काटेको) सामानहरु बुझाउनु पर्दछ । यसको अतिरिक्त चारदाम वापत रु १ मोहर ४ दाम बेहुलीको नजिकका माइतीहरु (काका, बाबुका छोराहरु) का निम्ति र ८ दाम बेहुलीका नजीकका दाजुभाईहरु (काका, बडाबाबुका छोराहहरु) का निम्ति र १ दाम केटीको लागि (बाँकी दाम) अलग अलग राखेर बुझाउनु पर्दछ ।

त्यस्तै त्यस पछि बेहुलीलाई बेहुलाको देब्रेपट्टि छेउमा केटापक्षले ल्याएको गर गहना र कपडाले सिँगारेर ल्याई वसाउँदछ । त्यस पछि ताम्बाले चारदामको मेलो थाल्दछन् । ताम्बाले सगुनका पोङहरु बेहुला बेहुलीका बाबु (सम्धी) हरुलाई समाउँन लगाउँदछन् । कतै बेहुलाले मात्र सगुन पोङ बोक्ने गर्दछन् । यस्तो पोङ ताम्बाहरुले पनि एक एक वटा सगुन (पोङ) समाउदछन् । यस्तो पोङमा बिजोरवटा टोटलाको फूल (कोम्हेन्दो) सिउँरिन्छ । यस्तो सगुन पोङसाथ भएसम्म काँचको थालमा एक माना चामल बत्ती राखी घुडाँटेकी बोकी बस्नु पर्दछ । साथै धुपौरोमा धुपीको धुप बालेर सुगन्धित पारिन्छ ।

तामाङ परम्परामा दिदी हुँदाहुदै बहिनीको बिहे (चारदाम) गर्नुपरे विवाहका दिन बहिनीको चारदाम गर्नु अघि एक पोङ (स्याल्गार) र १ मोहर राखेर दिदीको शिर उठाउनु पर्ने प्रचलन छ ।

छ्याङदीमा चारदामको सामाग्रीहरु, दुवै तर्फका बुम्बा (कलश), बेहुला तर्फवाट ल्याएको हतियार (तरवार) सहितको सगुन पोङ कोशेलीहरु मण्डपमा राखिन्छ । तरवार कतै कतै मण्डपकै छेउमा गाडेर राख्ने पनि गरिन्छ । शुरुवातमा ताम्बाले छ्यु (पानी चढाउने) र साङ सेरगेम (धूप वत्ति चढाउने) गर्दछन् । त्यस पछि ताम्बाले साछ्यानाम्छ्या व्हाई, संसारको सृष्टि, मानव, देवी देउता, अठार तामाङको उत्पतिको कथा बताउँछन् । अनि खेङा (पाँच तामाङ थर योन्जन, मोक्तान, घिसिङ, बल र ब्रोकचन इत्यादीका पुर्खाहरु) लाई साक्षी राखेर चारदामको काम थाल्दछन् ।

त्यसपछि दुवै तर्फका ताम्बाहरुले पुनः आ-आफनो नालीवेली खातल्ने गर्दछन् । जस्लाई **ताम्बा ताम** भनिन्छ । ताम्बाले बेहुलालाई म्हुइम्हेन्दो (चाँदीको फूल) र बेहुलीलाई म्हार म्हेन्दो (सुनको फुल) नाम राख्दछन् । त्यसपछि वेहुला पक्षको तामबाले वेहुली पक्षको माईती समक्ष चारदाम (एक पैसा) राखी केटी माग्ने गर्दछन् । त्यसबखत वेहुला पक्षको ताम्बाले यसो भन्दछन् : “**माइती खलकहरु आजदेखि फलाना छोरी फलानाको छोरा फलानालाई दिएँ भनेर चारदाम पोङ समाती बचन दिनुहुनेछ भनेर बसेका छौं ।** त्यसपछि बेहुलीका बाबु वा दाजुभाईले उक्त पोङ, चारदाम र अन्य कोशेलीहरु ग्रहण गर्दछन् । ग्रहण गर्नु पूर्व माइतीले वाग्दान बोल्नु पर्दछ । आफ्नै बाबु वा दाजुभाई नभएमा नजिकको दाजुभाई, त्यो पनि नभए त्यसै थर (Clan) को माइती उभ्याई बोल्न लगाईन्छ । बेहुली पक्षको ताम्बाले माइतीलाई यसो भन्न लगाउँछन् : **“परापूर्वकाल देखि पुर्ख्यौली जान्ने ताम्बा, विद्वान दोत्पा, गान्बाहरुले बनाएको र कुलले चलाई आएका रीमठिम अनुसार मेरी फलाना छोरी फलानाको छोरा फलानालाई दिएँ । बाबुको रगत, आमाको मासु आजदेखि फरक भयो र हाम्री चेलीको कुल आजदेखि भिन्न भयो । तर आत्मरुपी हाड (रुई) मात्र माइतीको हुनेछ । हाम्री चेली मरेपछि हामी माइतीको उपस्थिति वेगर लास उठाउँने, दागबत्ती दिने र घेवामा नाम पोल्ने (मिन्जयाङ) गर्न पाइनेछैन ।”** अनि माइतीले **पूर्वका समुन्द्र दक्षिणका समुन्द्र जस्तै ज्वाँई छोरीको आयु लामो होस्,** (छेरिङगै) । भनी आशिर्वाद दिन्छन् ।

अनि अघि राखिएको १ मोहर ४ दाम केटीका बाबु माइतीहरुलाई समाउँन दिइन्छ र बाँकी १ दाम केटीलाई दिइन्छ । त्यस्तै ८ दाम बेहुलीका नजिकका दाजु भाइलाई समाउँन दिइन्छ । नजीकका माइतीले १ मोहर ४ दाम बुझ्नुको अर्थ रुप, शील, र रगत मासु दियौं भन्ने हो भने ८ दाम बुभ्नुको अर्थ आफ्नो दाजु भाइले विवाह गरी भित्र्याएकी भाउजू बुहारी कथंकदाचित तल माथी भएमा सास भए सास नभए लास, त्यो पनि देखाउँन नसके हाड भए पनि दुल्हीका बाबु माइती लाई बुझाउँने र तामाङ दस्तुर बमोजिम कर्म गर्न लगाउँने साक्षी र जिम्मा लिन्छौं भनी शपथ ग्रहण गर्नु हो १ दाम बेहुलीको साथमा राख्नुको अर्थ शरीरको रुप, सीप, गुण । मासु दिए पनि हाड दिएका छैनौं भन्ने हो ।

त्यसपछि दुवै पक्षको ताम्बाले यसो भन्दछन् : **“फलानो थरकी फलानाले आफ्नी छोरी फलानालाई फलाना थरको फलानाको छोरा फलानालाई तामाङ जातिको रीमठिम अनुसार ‘वाकदान’ आकाश पातालका नागनागीनी, हिमालको डाँफे, मुनाल, तराईको मयूर, आकाशको पन्छी, पानीको माछा, वनको बाघ र अग्नि, वायु, चन्द्र, सूर्य, धर्तीमाता, कुल देवता, देवी देउरालीलाई साक्षी राखी सार्वजनिक गर्दछौं ।”** भन्दछन् ।

त्यस्तै यस कुरा-“पूर्व पश्चिम,उत्तर दक्षिण र माझ पृथ्वीका देवी देवतालाई पनि थाहा भयो । पूर्व **बङ्गाल, पश्चिममा पेशेवार, उत्तरमा तिब्बत, दक्षिणमा बेतिया, पश्चिम उत्तरमा काबुल, र काश्मिर, पूर्वदक्षिणमा बर्मा, दक्षिण पश्चिममा सिलोन सबै देश देशावरका देवीदेवता, शास्त्री, ध्यानी, सज्जनहरुले थाहा पाए अनि यहाँ उपस्थित हुनुभएका सबै सज्जन महानुभावहरुले पनि देख्नुभयो ? भन्दछन् ।**

सवैलाई थाहा भयो ? भनी तीन पटक सोधिन्छ । उपस्थित सवै भद्र भलादमी र सज्जन महिला, हरुले थाहा भयो भनेर तीनपटक दोहोर्‍याउँछन् । यसरी विवाहमा सामाजिक स्वीकृति आवश्यक मानिन्छ । त्यस पछि सम्धीहरुले सगुन पोङ तीन चोटी साटासाट गर्दछन् ।

साथै, गान्बा २, ताम्बा २, माइती १, मामली १, चारदामको सगुन भूईबाट उचालेर तीनपटक आकाश तर्फ र तीन पटक भूईतर्फ छ्योत गर्दछन् । बेहुलाले पोङ समातेको भए टोटलाको फूलले तीन चोटी आकाश तर्फ र तीन चोटी पाताल तर्फ छ्योत गरी मैयुङ लाई दिन्छन् र फेरी मैङले यो छ्योत गरि सकेपछि बेहुली तर्फको ताम्बाले यसो भन्छ : **"कुमालेले बनाएको माटोको पोङमा छोरीचेलीले बनाएको अमृत रुपी रक्सी (स्यालगार) राखेको र तामाको गडुवामा राखेको पानी प्रकृति स्वरुप ईश्वरको उपज हो । यसलाई समुद्रको किनारामा ईश्वरले सिर्जना गरेको टोटला (कोम्म्हेन्दो) को फूलरुपी चम्चाले ईश्वरलाई चढाउँदछन् । किनकी यस बखत केटीको घरमा सुशान्त दुःख निम्ती तिनै ईश्वरसँग प्रार्थना गर्दछौं ।"**

त्यसपछि त्यस सगुन (रक्सी) सर्व प्रथम वर बधुलाई खान दिई अरु उपस्थित सवैलाई वितरण गरिन्छ । र एकै साथ फ्याफुल्लो भनेर हात जोडेर माथि उठाउँदै नमस्कार गरेर मात्र खान्छन् । यसलाई विवाहको सामाजिक स्वीकृति मान्नुपर्छ । कतै कतै हिन्दु प्रभावमा परेर चारदाम गर्दा बेहुला बेहुलीको गोडा पाऊ धुने चलन पनि देखिन्छ । खुट्टा धुने चलन हुने तामाङले छोरीचेलीलाई कन्यादान गर्ने गर्दछन् ।

वाग्दानको काम सकिएपछि बेहुलाले चारदामको लागी ल्याएको जिउँदो कुखुराको भालेलाई बेहुलीको घरको मुल ढोकामा एकै चोटीमा च्वाट्ट छिनाएर काट्नु लगाइन्छ । यसरी कुखुरा काटनुलाई जारी प्रथा रहेको बेला जार काट्न पाउँने प्रचलन को रुपमा लिइन्छ । यो चलन बोनधर्मको प्रतिकस्वरुप लिइन्छ । यस अवसरमा बेहुलालाई एउटा साथी पनि दिइन्छ । जस्ले बेहुलाले काटेको कुखुराको टाउको काट्न सघाउँने र काटिय पछि टाउँको समाउने काम गर्दछन् । यदि उक्त कुखुराको टाउँको बेहुली पक्षले भेटेमा बेहुला पक्षलाई दण्डित गर्ने गर्दछ ।

त्यसपछि बेहुलाले काटेको कुखुरालाई बहुलापक्षले मात्र घरबाटै ल्याएको मरमसला, नून, तेलमा पकाएर र घरवाटै काटेर लगेको अर्को कुखुरा चाहि बेहुली पक्षले चारदाम पोङसंग खाने काम हुन्छ । यस्तो सगुन खुवाउँदा पहिला बेहुला बेहुलीलाई खुवाएर मात्र अन्य उपस्थित भद्र भलादमीहरुलाई बाँडी चुडी खुवाउँने काम गरिन्छ । तर यो चलन भने सवै ठाउँको तामाङ जातिमा पाइदैन ।

यस्तै विवाहको दिन फोल्दोङ लगेको छ भने चारदाम पोङ छ्योत गरेपछि मैयुङ (माइती) हरुले खुकुरीले काटेर टुक्रा टुक्रा पारी उपस्थित भद्रभलादमीहरुलाई बाँडेर खुवाउँछन् ।

त्यस पछि ताम्बाले बेहुलाबेहुलीलाई बेहुला पक्षका, बेहुली पक्षका गान्बाहरु समेत बसेर मानी ल्याएको रीतिथिति अनुसार कुलमा चढाउँदछन् । यसलाई **रुइला लारी सेबु सेमुदा फुलबा** भनिन्छ ।

त्यसपछि ताम्बाहरुले बेहुला बेहुलीलाई उपदेश यसरी दिने गर्दछ । ताम्बाले बेहुलालाई भन्दछन् : **कोरी-बाटी चिल्लो भई राम्रो लुगा लगाएकी अर्काकी स्वास्नी देख्दा, आफ्नी स्वास्नी फाटेको लुगा लगाई दाउरा घाँस, पानी बोकी आएको , जुठो भाडा माझ्केको, घरघन्दा, कुटपीन, गाईगोठ, खेताला पात तथा छोराछोरी स्याहार सुसार गर्दा हिलो मैलो लाग्दा कपाल फुस्केर जिङरिङ हुन्छ । र अहिले दुलही बन्दा जस्तो राम्री नदेखिन सक्तछ । त्यस्तो अवस्थामा स्वास्नी नराम्री भई वा नराम्री रहीछ । भनी हेला गर्न पाउँदैनौं ।"**

अनि दुलहीलाई पनि बाचा गराउँदछ,: **"खेतवारीमा हलोकोदालो गर्दा धुस्रो फुस्रो हुन्छ , दाउरा घाँस गर्दा असिन पसिन हुन्छ । तथा दिनभरी रुझी भिजी काम गरी बेलुका हलो जुवा काँधमा बोकी घर फर्कदा अहिले दुलहा हुँदा जस्तो चिटिक्क र सुन्दर ठिटो देखिदैन । त्यसवेला 'फलानोको लोग्ने राम्रो मेरो नराम्रो' भनी धर्म**

**नबिगार्नु, स्वधर्म ठानी आफ्नै लोग्ने राम्रो छ भनी देख्नु, सम्झनु । आज देखि दुवै जनाको रगत मासु एक भयो । एउटै प्राण एउटै कुल भयो । मानिस र छाँया, ढुङ्गा र माटो, रुख र रुखको बोक्रा सरि एउटै जिउँ भएर मलसाप्रोको भाले पोथी जस्तै प्रेमगरी बस्नु । पूर्वको समुन्द्र, पश्चिमको समुन्द्र जस्तै लामो आयु होस् ।"** यसलाई बेहुलाबेहुली वीचको शपथ ग्रहणको रुपमा पनि लिईन्छ ।

यसरी छोरी चेली दिदा तामाङले रुईवा (हाड) नदिने हुनाले नै विवाह पश्चात् पनि तामाङ चेलीको थर परिवर्तन नभएको हो । सामान्यतया चारदाम गर्दा राती गरेको देखिन्छ । साथै, यो दिउँसो पनि गर्न सकिन्छ । यस अवसरमा डम्फुरेहरु गीत गाउँदछन् । यो ताम्बाबाट थालनी गरिन्छ । विवाहमा गाईने यस गीतलाई **ह्वामा** भनिन्छ ।

चारदाम नै तामाङ विवाहका सवै भन्दा महत्व पूर्ण कडी हो । यो सम्पन्न नगरे सम्म त्यस्ताबाट जायजन्म भै विवाह गर्न लायक भएपनि समाजले विवाह गर्न स्वीकृति दिदैन र छोरा छोरीको विवाह रोकिन्छ । छोरा छोरीको विवाह हुनु भन्दा अगावै बाबु आमाको चारदाम गर्नु पर्ने चलन छ । चारदाम नगरी नै केटी मरेमा तामाङ समाजमा नराम्रो मानिन्छ ।

**परिवर्तन :**

चारदाम तामाङ जातिको विवाह संस्कारको प्रमुख संस्कारगत कार्य हो यो तामाङ जातिमा अनिवार्य गर्नु पर्ने हुन्छ । कुनै कुनै ठाउँ (तिमाल) को तामाङहरुले चारदामको काम विवाह पछि गर्ने गरेको पाइन्छ । विवाह संगै चारदाम गरेमा अफाप हुने भन्ने धारणा रहेको पाइन्छ । यस्तो अवस्थामा पछि छोराछोरीको विवाह गर्दा बाबुआमाको चारदाम गर्ने गरेको पनि पाइन्छ । भने कतै मृत्यु भएमा दाह संस्कार गर्नु भन्दा अगाडि चारदाम गर्ने गरेको पाइन्छ ।

चलन वा केटी पट्टिबाट माग भई आए अनुसारको रीत कोशेलीहरु नलगे ता पनि चारदामको रीत भने अनिवार्य लाने गरेको पाईन्छ । यस चारदामाको कार्य विधि पुर्वक नै गरेको दखिन्छ । यदि ताम्बाको उपस्थिति नभए पनि लामा वा अन्य गान्बा द्वारा भए पनि चारदाम प्रक्रिया पुरा गर्ने गरेको पाईन्छ । जुन तामाङ जातिको विवाह संस्कारको सकारात्कम पक्ष हो । ताम्बा नभएमा ताम्बाले जसरी रीत पुर्वक भनाइहरु राख्न नसके पनि मेलो भने ल्याउँन खोज्दछन् । तामाङ जातिमा चारदाम जानी नजानी भए पनि सवैले गर्ने गरेको पाइन्छ ।

हालका दिनहरुमा विवाहको दिनमानै चारदाम गर्न थालेको पाइन्छ । रातमा विवाह गर्दा विभिन्न समस्या आइपर्ने र राम्रो संगले व्यवस्थापन गर्न कठिन हुने, सवैसंग फुर्सद नहुने आदि कारणले हालका दिनहरुमा विवाह दिनमानै गर्ने गरेको पाइन्छ । विहान जाने र वेलुका वेहुली लिएर आउने गर्दछन् । विहान गएर वेलुका आउने हुँदा विवाहको रीतहरु पनि छोटकरी तरीकाले गर्ने गर्दछन् । विवाह एकदिने गर्ने भएकोले चारदाम पनि दिनमै गर्ने गर्दछन् । हाल तामाङ जातिमा हिन्दु संस्कार संस्कृतिको कारण गोडधुवा गर्ने चलन पनि कतिपय तामाङहरुमा चलेको देखिन्छ । भने दाइजो दिने संस्कारको पनि विकास भएको छ ।

यस जोरपाटी गा.वि.स.मा शोध अध्ययनको क्रममा नमूनात्मक रुपमा लिइएको ७ वटै विवाहमा चारदाम गरेको पाइयो ।

**(ठ) टीकाटालो (बेहुलीको घरमा) :**

चारदामको कार्यक्रम सकिएपछि बेहुला बेहुलीलाई बेहुलीका बुबाआमा, माइती खलक, मामाखलकहरुले टीका लगाउने र आशिर्वाद दिने गर्दछन् । टीका लगाउँदा केही अक्षेता शिरमा छरेर मात्र निधारमा टीका राख्दछन् ।

अथवा नौनी घ्यूमा टोटलाको फूल (को-को म्हेन्दो) टाँसेर लगाउँने गरिन्छ । उत्तर धादिङ तिर भने टीका लगाउने टीका दिनेले टीका थालीवाट एकैचोटी दुवै हातको औंलाले अक्षेता वा नौनी घिऊ लिन्छन् र हात क्रस गराएर बेहुलालाई दाहिने हात र बेहुलीलाई देब्रे हातले टीका लगाई दिन्छन् । टीका लगाउँदा मर्यादाक्रम अनुसार लगाइन्छ । जेठी सासुले ज्वाँईलाई र जेठाजुले बुहारीलाई टीका लगाउँने चलन छैन् ।

**<u>परिवर्तन :</u>**

यस संस्कारले भने निरन्तरता नै पाएको देखिन्छ । विरलै रुपमा रातो टिका लाउने गरेता पनि धेरै जसोले सेतो टिकानै लाउने गर्दछन् । त्यसै गरी नौनी घ्यूमा टोटलाको फूल (को-को म्हेन्दो) पनि लगाउँने गर्दछन् । साथै खादा लगाउँने पनि गरिन्छ । हाल खादा लगाउँने चलनमा भने वृधि भएको पाईन्छ ।

यस अध्ययन क्षेत्रमा गरिएको शोध अध्ययनको क्रममा केही उत्तरदाताले विवाहमा रातो रंगको टिकोको प्रयोग गरेको भनिएता पनि यस अध्ययन क्षेत्रको ७ वटा नमूना अन्तरगत लिइएको विवाहमा भने रातो रंगको प्रयोग गरिएको पाइदैन ।

बेहुलीको घरमा टिकोटालो कार्यक्रम गर्दा आफन्तीहरु, नातेदारहरु, तथा अन्य आमन्त्रितहरुले टिका र खादा लगाई गच्छे अनुसार उपहार वा नगद नै दिने गरिन्छ । जुन यस अध्ययन क्षेत्रको विवाहहरुमा पनि देखिन्छ ।

**(ण) ढोगभेट :**

त्यसपछि ससुराली सम्धी ढोगभेट गर्ने गरिन्छ । स्यालगार एक अर्काको सामु सारेर शिर निहुराएर ढोगभेट गर्दछन् । ढोगभेटमा दुवै सम्धीले शिर झुकाएपनि केटापक्षले ढोगको थालनी गर्नुपर्छ । अर्थात् लिनेले दिने समक्ष झुक्नु पर्दछ । त्यसपछि बेहुलीले आफुभन्दा ठूलो साइनोको बाबु आमा, माइतीलाई  पोङ र मोहर पैसा राखेर ढोग्दछन् । अनि बेहुलाले पनि ससुरा, सासु, मेमे, मम, तथा दुलहीले मान्नु पर्ने ठूलो साइनो पर्नेलाई पालैपालो सर्वप्रथम दुई हात जोडेर उभिएर नमस्कार गर्ने, अनि जोडेको हातलाई छातीको सामु ल्याउँने र घुँडा मार्ने अनि हात फुकाएर हत्केला पंजाले मान्नु पर्ने पंक्तिको सामु जमिनमाथि टेक्ने र शिर भुई छुनेगरि ढोग्ने गर्दछन् । ढोग लिनेले दुई हात-पंजा हत्केला) जोडेर बाहिर पट्टी उत्तानो पारी ढोग लिने गर्दछन् । बराबर साइनो पर्ने भएमा समान रुपमा झुक्नु पर्दछ । त्यसपछि बेहुलीलाई घरभित्र पठाइन्छ । बेहुला रातमा जन्तीसँगै कटेरो वा टहरोमा बस्दछन् ।

**<u>परिवर्तन :</u>**

यस परम्पराले पनि निरन्तरता पाएको देखिन्छ । हाल भने तामाङ समाजमा औंपचारीकताको विकास हुँदै गएको, आफ्नो संस्कार तथा संस्कृतिलाई बढवा दिनुपर्ने मान्यता र चेतनाको कारण यस संस्कारले निरन्तरता पाएको देखन्छ । यस शोध अध्ययन क्षेत्रमा गरिएको शोध अनुसन्धानमा पनि यस संस्कारले बढवा पाएको देखिन्छ ।

**(त) करनमरन रेम :**

भोलीपल्ट बेहुला बेहुली र जन्तीलाई बिदावारी गर्नु भन्दा पहिला खुवाईपियाई गर्ने गरिन्छ । यसलाई करनमरन रेम खुवाई रमाइलो गर्ने भनिन्छ । यसमा वेहुला पक्षबाट रितभात वापत लगिएको खसी, राँगोको खप्पर, च्यापु, पुच्छर, नलीहाड, करङ, सिङ, खुर आदि पकाई केटीको माइतीहरुले सवै जन्तीलाई मासु रोटी र रक्सी दिई केटापट्टीको गान्बालाई सिङ, गीत गाउँदा मुख दुख्यो भनेर ताम्बालाई च्यापु, नाँचनेलाई खुर बन्दुकेलाई कान दिन्छन् । यो हेर्दा दिल्लगी गरे जस्तो लाग्छ । र यसमा प्रसस्त हासी मजाक ठट्ट हुन्छ । तापनि यस्को अर्थ रीतभात बेहुला पक्षले बुझाएको थियो त्यो सब सकियो भन्ने हो ।

**परिवर्तन**

भोलीपल्ट बेहुला बेहुली र जन्तीलाई बिदावरी गर्नु भन्दा पहिला खुवाईपियाई गर्ने चलन गाउँघर तीर यथावत नै भय पनि यस शोध अध्ययन गर्ने क्षेत्र जोरपाटी गा.वि.स.मा रहेको देखिदैंन । किनकी हाल एकदिने विवाहको चलन चलेको हुदाँ यस किसिमको संस्कार गरेको पाइदैंन । यदि बेहुला पक्षबाट रितभात लगेमा, जिउदो खसी नभइ काटेको खसी लाने गरेको पाइन्छ । भने राँगो लगेको पाइदैन ।
राँगो र खसीको खप्पर, च्यापु, पुच्छर, नलीहाड, करङ, सिङ, खुर आदि पकाई केटीको माइतीहरुले सबै जन्तीलाई मासु रोटी र रक्सी दिई केटापट्टीको गान्बालाई सिङ, गीत गाउँदा मुख दुख्यो भनेर ताम्बालाई च्यापु, नाँचनेलाई खुर बन्दुकेलाई कान दिने चलन अझ पनि कतैकतै छ भन्ने गरिए पनि यस शोध अध्ययन क्षेत्रमा रहेको पाइदैंन ।

**(थ) बेहुली माग्ने :**

करमरेमको कार्यक्रम सकिएपछि साइत अनुसार बेहुली माग्ने कार्यक्रम हुन्छ । बेहुला पक्षले सगुन पोङ राखेर बेहुली माग्ने गर्दछन् । यता डम्फुरेहरु बेहुली माग्ने डम्फु गीत गाउँछन् । माइतीले सगुन स्वीकारी सकेपछि दाजुभाई माइतीले दुलाहा र दुलहीलाई बोकेर घरभित्रबाट बाहिर ल्याउँछन् । यस बखत पुनः बेहुला पक्षका ताम्बा गान्बाहरुलाई बेहुली पक्षकाले सगुन खुवाएर पठाउँछन् । यसलाई **नाङ्गु पोङ** भनिन्छ । अनि बेहुलीलाई आँगनमा निकालिन्छ । अनि बिदाई ढोगभेट हुन्छ । यस बखत आँगनमा एउटा सगुन पोङ र पैसा राखेर बेहुली अघिअघि बेहुला पछिपछि गर्दै बेहुलीपट्टिका आफन्त तथा मान्यजनहरुलाई घुँडा मारेर ढोगी आशिर्वाद माग्ने गर्दछन् । यसलाई **फ्यादेन** भनिन्छ । मान्यजनहरुले पनि दक्षिणा र छेरिङगााईको आशिर्वाद दिन्छन् । बिदाई गर्नु अगाडि बेहुला बेहुलीलाई चोटामा लगेर खाना खुवाइन्छ । तब बेहुलाका ताम्बाले कन्यापक्षलाई बेहुलीको बिदावारीको अनुमतिका लागि बिदावारी सगुन **फोवा** राख्दछन् ।

यस बखत कतिपय तामाङ गाउँठाउँमा बेहुलीलाई दाईजो भनेर तसला, थाल, कचौरा, अंखरा (लोटा), हुनेले गाई, बाखा दिन्छन् जो पेवा हुन्छ । काम गरेर खाओस् भनेर हँसिया, कोदालो पनि दिने गरिन्थ्यो । (हडसन)

**बेहुली लाने बेलाको गित (व्हाई) :**

| **तामाङ भाषामा** | **नेपाली भाषामा** |
|---|---|
| **१.** | |
| तेङला लादा न्हे फुल्ला | बासुकी नागलाई दुध चढाई |
| होकला लुदा म्ला फुल्ला | स्वर्गको देउतालाई धुपचढाई |
| बर ला चन्दा म्ला फुल्ला, | भक्ति गर्दछु बारम्बार, |
| गान्बा गान्सुम फ्याफुल्ला | सज्जन जतिलाई नमस्कार ॥ |
| **२.** | |
| पोइकर साङसे साङसी नाम | भैरुङ पाती सुनपाती |
| स्युकपा बरलो से साङसी नाम | मालागिरि भुजा पात |
| सुनपाती से साङसी नाम | सालधुप तितेपातीको |
| भैरुङ साङसे साङसी नाम, | चन्दन, भिमसेन पातीको |
| सुर्चन साङसे साङसी नाम | बासना चलने धुप वाली |
| तकपा साङसे साङसी नाम | भगवानलाई चढांउँदै, |

सेमु ङान्से साङसी बोर्ला ॥

लान्छौं बेहुली रमाउँदैं ॥

३.

मारला बुम्बा छ्युई से नो
मुइला बुम्बा छ्युई से नो
साङगी बुम्बा छ्युई से नो
फाईगी बुम्बा छ्युई से नो
साही बुम्बा छ्युई से नो
गंगै ति ङला छ्युई से नो
सिलो सिलो विसी नाम
सेमु सिलसी ङान बोरला ॥

फलाम ताँबा माटोको
सुन चाँदीको कलशमा
चारै 'गंङ्गा' को जल हाली
बासना चलने धुप बाली
भगवानलाई चढांउँदै
लान्छौं 'वेहुली' रमाउँदै ॥

४.

दुदै कलस थान्सी नाम ।
मारला दादर थान्सी नाम ।
मुइला दादर थान्सी नाम ।
केवै डेन्छेन फाबा दा
केवै डेन्छेन आमा दा
सेबा चमरी तोक थान्सी
सेमु स्युसि ङान बोरला ॥

सुन चाँदीको कलशमा
ध्वजा राखी अगाडी ।
वेहुला बेहुली वीचैमा
तामाङ दस्तुर नछाडी
नाच्दै, डम्फु बजाउँदै
लान्छौं बेहुली रमाउँदै ॥

५.

लोङमर पोते टाङमा राङ
मेन्दो पोते टाङमा राङ
लाङ्गै पोते टाङमा राङ
लेम्बो पोते टाङमा राङ
निङला लाङछ्याङ टाङसी नाम
पुमो टाङसी ङान बोरला ॥

काँक्रा, फर्सी, बिमिरा,
ज्यामिर, निबुवा, भोगटे
टिप्छन् मुन्टो चुढाँई ।
बाबु आमाको पियारो,
मुटुको डोरी यो छोरी
कुटुम्बले चुडाँई
लान्छन् अब उडाँई ॥

६.

सेबुला छ्यारी पान छयोगी,
सेमुला छ्यारी पान छयागो,
आसेङ सम्दी दान स्योगो
माया से खिसी सेम थान्गो
सेमला ब्रदो दा ख्यामो ॥

'बेहुला' लाई दिनु सुपारीपान
'बेहुली' लाई दिनु सुपारीपान
'धर्माती' बाबु आमाले
छोरी दिए कन्यादान ।
खायौं पियौं विदा पाउँ
अव हामी घरमा जाउँ
माइती सवै बस्नु होस्
मायाले मनलाई कस्नुहोस् ॥

**वेहुलीका तर्फबाट डम्फेले**

| तामाङ | नेपाली |
|---|---|
| आब ज्यो स्युगो स्युदानरी । | रगत मासु कुल देवता |
| आम ज्यो स्युगो जिन नाङरी | भित्र भई म एउटा |
| मयुङ स्युगो स्युदानरी | जानुपर्ने अर्काको घर |
| चाङ बुरुङ स्युगु फोक साङरी ॥ | छाड्नु पर्ने माइतीको घर |
| कायाई प्रात्चि मयुङ से | निष्ठुरी चलन यो धर्म । |
| स्याई प्रात्चि मयुङ से | छोरीको कस्तो यो कर्म ॥ |
| रुईबाला चरी मयुङ ला | माइतीको हड्डी मेरो पास |
| नासो थान्सी ङा चीला | जेलै जाला एक मुट्ठी सास |
| सिसम रुईबाला चु चरी | खरानीको होला राश ॥ |
| किनबारी ज्योन गाउँ डाजाङरी ॥ | तामाङ दस्तुर थाम्नालाई |
| | जलेको हड्डी टुक्रालाई |
| | सबै माइती दाजुभाइ |
| | घेवामा आउँनु माग्नलाई ॥ |

(श्रोत : लामा सन्तविर,स्येबु-स्येमु)

**परिवर्तन :**

बेहुलीको विदावारी गर्ने चलनमा भने समय र विभिन्न जात जातिको प्रभावको कारण केही फरकपना देखिन थालेको छ । बेहुली माग्दा बेहुलाले काठको पिर्का (घोडा) मा चढेर बेहुली निकाल्ने तिर फर्केर दुईहात दश औंला जोडेर (नमस्कार गरी) बस्ने, र बेहुली निकाली सकेपछि बेहुलीको आफन्तले बोकेर बेहुला बेहुलीलाई केही टाढा सम्म लाने गरेको पनि पाइन्छ ।

यस बखत कतिपय तामाङ गाउँठाउँमा बेहुलीलाई दाईजो भनेर तसला, थाल, कचौरा, अंखरा (लोटा), हुनेले गाई, बाखा दिन्छन् जो पेवा हुन्छ । यसमा भने वृधि नै भएको पाइन्छ । तर काम गरेर खावोस् भनेर हँसिया, कोदालो पनि दिने चलन भने केही गाउँठाउँमा भए पनि शहरवजारमा हटेको छ । धेरै ठाउँको तामाङलाई त यस चलनको बारेमा थाहा पनि छैन् ।

त्यसै गरी वेहुली लाने बेलाको गित (व्हाई) भने डम्फुरेहरु भएमा गाउँने र नभएमा अन्यबाजाहरु जस्तै : पञ्चेबाजा, वेण्डबाजा, रेकर्डिङ्ग आदि बजाउने चलनमा वृधि भएको छ । जस्को कारण डम्फुरेहरु हराउँदै गएको छ ।

यस शोध अध्ययन क्षेत्रको ७ वटा तामाङ जातिको विवाहको नमुना अध्ययन गर्दा ४ वटा विवाहमा डम्फु र डम्फुरेहरुको प्रयोग गरेको कारण उक्त ४ वटा विवाहमा बेहुली लाने बेलाको गीत गाएको देखिन्छ । तर गीतमा भने भिन्नता भेटिन्छ ।

**(द) जन्तीको विदावारी :**

बेहुली लैजाने वचन पाएपछि बेहुली पक्षकाले केही पर बाटो वा आधाबाटोसम्म ताम्बा, डम्फुरे, बन्दुके आदि मिलेर बेहुला बेहुलीले पुर्याउँन जान्छन् । कतै कतै बेहुली पुर्याउँन एक ⁄दुई माइती बेहुलाको घर सम्मै जाने गर्छ । भने कतै बेहुलीकी वहिनी मात्र जाने गर्छन् । बेहुलीको घर देखि केही अगाडि माइती तर्फबाट सगुन राखिन्छ । त्यो सगुन बेहुला बेहुलीले छुयोत गर्नुपर्दछ । बेहुलाको बाबुले सगुनको पैसा तिर्ने चलन छ ।

त्यसपछि बन्दुकेले बन्दुक पड्काएर बाटोमा बन्दुक तेरस्याएर बाटो छेक्दछन् । ताम्बा र डम्फुरेहरुले डम्फुले बाटो छेक्दछन्, भात पकाउँनेले दाविलोले र दमाईले कर्नालले आदि आदि । त्यसलाई केटाको बाबुले आफ्नो गच्छे अनुसार पैसा दिएर बाटो खोल्नु पर्दछ । त्यस पछि जन्ती बेहुली लिएर बेहुलाको को घरतर्फ प्रस्थान गर्दछन् । बेहुली लिएर फर्केका डम्फुरेहरु हर्षले सेलो गाउँदै र नाच्दै हिड्छन् ।

**परिवर्तन :**

यदि विवाहमा गाडी लिएर आएको छ भने बेहुला बेहुलीलाई बोकेर गाडीलाई दाहिने पारेर तीन पटक घुम्ने गर्दछन् । र दुलहीको आमाले दहीको सगुन पहिला बेहुलीलाई अनि पछि बेहुलालाई खुवाई विदाई गर्ने गरिन्छ ।

बेहुली लाने बेलामा बेहुली पक्षले सगुन, बन्दुक आदि राखेर बाटो छेक्ने गर्दछन् । यस संस्कारले भने प्राय गाउँघरमा सबै ठाउँमा निरन्तरता पाएको देखिन्छ । तर शहरबजार र यस अध्ययन क्षेत्रमा भने गरिदैन् । सगुन राखेर बाटो छेक्ने र बन्दुक पड्काउँने चलन यस शोध अध्ययन गरेको क्षेत्रमा छैन । सवै विवाहमा गाडीको प्रयोग गरेको छ ।

**(ध) बेहुली पक्षको ताम्बाको बिदाई :**

जन्तीको बिदाबारी पछि केटीपक्षले आफ्नो ताम्बालाई एक पोङ रक्सी, एउटा कुखुरा र एक डालो रोटी र सकेको जाति पैसा आदिको सगुन राखी ताम्बालाई स-सम्मान बिदाइ गर्दछन् । ताम्बाले पनि विधिवत रुपमा देवीदेउता, सिमेभुमे, नागनगेनी, भुतप्रेत, पितृ सबैलाई आ-आफनो ठाउँमा  थान्को लगाउने साङसेरगेम गर्दै डम्फु थन्काउने गीतमार्फत कार्यक्रमको अन्त्य गर्दछन् ।

**परिवर्तन :**

यदी विवाहमा ताम्बाको उपस्थिति छ भने विदाई गर्दा विधिपुर्वक (माथि उल्लेखित प्रक्रिया अनुसार) नै गर्ने गरिन्छ । अनि ताम्बाले पनि माथि उल्लेखित प्रक्रिया अनुसारनै कार्यक्रमको अन्त्य गर्दछन् ।

**(न) रत्यौली खेल्ने :**

बेहुली नल्याए सम्म बेहुलाको घरमा घर गाउँले दाजुभाइहरु रात भर गीत गाई नाचगान गरेर बस्छन् । कतै कतै भने महिलाहरु मात्र नाचगान र ख्याल ठट्टा गरी वस्ने गर्दछन् । क्षेत्री बाहुन लगाएतका केही जातले यसलाई र्त्यौली खेल्ने भन्दछन् । तामाङ जातिमा यो चलन सवै ठाउँमा पाइदैंन ।

**परिवर्तन :**

रत्यौली खेल्ने चलन तामाङ जातिमा खासै रहेको पाइदैन् । कुनै कुनै ठाउँमा बेहुली नल्याए सम्म बेहुलाको घरमा घर गाउँले दाजुभाइहरु रात भर गीत गाई नाँचगाँन गरेर वस्ने गर्दछन् । क्षेत्री बाहुन लगाएतका अन्य जातको प्रभावमा परेका ठाउँमा महिलाहरु मात्र नाँचगाँन र ख्याल ठट्टा गरी बस्ने गर्दछन् । क्षेत्री बाहुन लगाएतका केही जातले यसलाई र्त्यौली खेल्ने भन्दछन् । तामाङ जातिमा यो चलन सवै ठाउँमा पाइदैंन ।

यस शोध अध्ययन गरिएको क्षेत्रमा कसै कसैले रत्यौली खेलेको देखिएता पनि परम्परागत रुपमा रत्यौली खेलेको शोध अध्ययन गर्दा पाइएको छैन् ।

**(प) बेहुलीको स्वागत :**

घर आइपुगेका बेहुला बेहुलीलाई घरको सँघारमा सगुन राखी चेलीहरुले स्वागत गर्दछन् । अनि बेहुलाकी आमाले सगुन खुवाउछिन् (कतै आमाले दही चामलको टिका लगाइदिने पनि गर्दछन्) ।  त्यस पछि बेहुलाबेहुली सगुन छ्योत गरी आँगनमा प्रबेश गर्दछन् । मण्डपमा बेहुला बेहुलीलाई बसाएपछि जितौरी रेम

(तिसा नाङवा रेम) खुवाइन्छ । जितौरी खुवाउँनु भन्दा पहिले आँगनमा सुकुल राडि ओछ्याएर बनाएको आसन 'ठी' मा बेहुलाबेहुलीलाई राखिन्छ । त्यसको अगाडि माछा, कुखुराको अण्डा, छ्याङ, दुध, दही, रोटी, बलेको दियो (ठटौरो), बुम्बा (कलश) र टीकाको थाली हुन्छ । अनि बेहुलाको बाबुआमाले मण्डपमा राखेका बुम्बामा पूजा गरी बेहुला बेहुली र मण्डपलाई भित्र पारी तीन पटक फेरा लगाउँदछन् । यसलाई **कोरवा लावा** भनिन्छ । यसो गर्दा बेहुलाको बाबु अघिअघि धुपौरोमा धुप लिएर पछिपछि आमा पानीको धारा नटुटाई ३ पटक घुम्ने गर्दछन् । बेहुला बेहुलीलाई राखी केटापट्टिका बाबुआमा तथा इष्टमित्रले टीका लगाईदिने र राख्ने गर्दछन् ।

**परिवर्तन :**

घर आइपुगेका बेहुला बेहुलीलाई घरको सँघारमा सगुन राखी चेलीहरुले स्वागत गर्ने चलन हराउदै गएको छ । तर बेहुलाकी आमाले सगुन खुवाउँने चलन भने सबै ठाउँमा पाइन्छ । **कोरवा लावा** चलन पनि प्रयः सबै ठाउँमा गर्ने गरिन्छ । बेहुला बेहुलीलाई राखी केटापट्टिका बाबुआमा तथा इष्टमित्रले टीका लगाई दिने चलन सवैतिर पाइन्छ ।

**(फ) टिकाटालो (बेहुलाको घरमा) :**

कुनै कुनै ठाउँमा कसै कसैले चारदाम गर्दैनन् । चारदाम नभएको भए पनि ढोकभेट र सामान्य टिकाटालो गर्दछन् । टिकाटालो गर्दा पहिला बुबाआमाले अनि श्रेणी अनुसारका ठुलो साइनो पर्नेले लगाउँछन् । त्यसै गरि इष्टमित्र, मान्यजनहरुले टीका लगाई गच्छे अनुसारको पैसा पनि दिने गरिन्छ ।

तामाङ जातिमा चारदाम गरेको छैन भने छोरी वा बुहारी कच्चै रहने धारणा छ । चारदाम कच्चै राखिएका छोरी वा बुहारीको अंशवण्डा र जारीमा समेत केही अधिकार रहदैन । अनि यी कच्चै राखिएकी छोरी वा बुहारीबाट जायजन्म भएका सन्तान मावलीकै अधिकारमा रहनु पर्ने धारणा छ । त्यसैले घर भित्र्याउँदा पछि चारदाम गर्ने शर्त राख्ने गरिन्छ ।

**परिवर्तन :**

प्रयः मागी विवाह गरेका छन् भने ढोकभेट र टिकाटालो गर्ने गरेको पाइन्छ । टिकाटालो गर्दा पहिला बुबाआमाले अनि श्रेणी अनुसारका ठुलोबाट लगाउँन सुरु गर्छन् । त्यसै गरी इष्टमित्र, मान्यजनहरुले टीका, खादा लगाई गच्छे अनुसारको पैसा पनि दिने गर्दछन् ।

यदि विवाहमा चारदाम गरेको छैन् भने पछि भएपनि चारदाम गर्दछन् । माथि उल्लेखित चलनहरुमा खासै परिवर्तन देखिदैन ।

**(ब) लगन :**

यसपछि बेहुला बेहुलीले क्रमशः अगाडि राखेको बुम्ब निशान (हतियार) र सगुनहरुलाई पूजा गर्दछन् । अनि बेहुला बेहुलीको तीनचोटी टाउँको ठोकाउँने दुलहाको जूठो दुलहीलाई खुवाउन राखेको र ठाउँ सारेर बसाउँने गरिन्छ । यसलाई तामाङहरु लगन भन्दछन् । यस बखत हिन्दुकृत तामाङहरुले बेहुलीको सिउँदोमा सिन्दुर हाल्ने गर्दछन् । तर तामाङ रीतिमा सिन्दुरको महत्व र स्थान भएको पाइदैंन । चेलीको लगन गरेको माइतीले हेर्नु हुदैन भन्ने भनिन्छ । र माइतीहरु चेलीको लगन भएको हेर्दैनन् । यदि यस प्रकारको संयोग परेमा दुलहीले माइतीलाई सगुन राखेर ढोगभेट गर्नुपर्छ । त्यसैले लगन गर्दा कपडाले छेकेर गर्ने चलन छ ।

**परिवर्तन :**

लगन गर्दा प्राय धेरै ठाउँमा माथि उल्लेखित प्रक्रिया अनुसारनै गरेको पाइन्छन् । भने कसै कसैले हिन्दु संस्कारका प्रभावका कारण बेहुला बेहुली बीच सुपारी खेलाउने गरेको पनि पाइन्छ । त्यसै गरि हिन्दु धर्मको

प्रभाव परेको कारण तराई भेग, शहर बजार र केही पहाडी भेगतिर पनि सिन्दुर पोते गर्ने गरेको पाइन्छ । यस बखत माइतीले हेर्नु हुँदैन भन्ने मान्यता छ । यस संस्कारलाई तामाङ समाजले समयमै बुझ्नु जरुरी छ ।

**यस अध्ययन क्षेत्रको तामाङ जातिले लगन गर्दा गरिने सिन्दुर पोतेको स्थिति :**

**तालिका नं.१८**

| क्र. सं. | विवाहको विवरण | विवाह संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | सिन्दुर पोते गरेको विवाह | ५ | ७१.४३ |
| २. | सिन्दुर पोते नगरेको विवाह | २ | २८.५७ |
| | **जम्मा** | **७** | **१००** |

तलिका नं. १८ मा हेर्दा तामाङ जातिले विवाहमा हिन्दु धर्म संस्कार तथा संस्कृतिको प्रभावमा परेर ७१.४३ प्रतिशतले सिन्दुर पोते गरेको देखिन्छ भने २८.५७ प्रतिशतले सिन्दुर पोते नगरेको देखिन्छ । पछिल्लो समयमा तामाङ जातिमा सिन्दुर पोते गर्न हुन्न भन्ने मान्यताको विकास भएता पनि व्यवहारमा लागु भने गरेको पाइदैन ।

**(भ) घर भित्र्याउँने :**

त्यसपछि बेहुलालाई घर भित्र्याउने कार्य हुन्छ । ९-१० हातको सेतो कपडा ढोकाभित्र बाहिर आधा आधा पर्ने गरी ओछ्याइन्छ । त्यस कपडामाथि ७ ठाउँमा एक-एक मुठी सद्बिउ राखिन्छ । ती सातै सद्बिउमाथि दियो वा बत्तीबालेर राखिन्छ । घरभित्र पस्दा नयाँ बेहुलीले ढोकाको दायाँ बायाँमा राखेको साइतको पानीको घडा ( पानीले भरिएको गाग्री) मध्य एक काखीमा बोक्नुपर्दछ । नयाँ बेहुलीले साइतको गाग्रो काखीमा बोकेर खुट्टाले बलेको बत्ति निभाउदै घरको मूल ढोकाबाट भित्र पस्दछन् । मूल ढोका नाघ्दा दाहिने खुट्टाले नाघ्नु पर्दछ भन्ने चलन छ । कतै कतै यतिवेला बेहुला बेहुलीका दिदी बहिनीले ढोका थुन्ने र केही दिने वचन पाएमा ढोका खोल्ने गर्दछन् । दुलही पसे पछि बेहुला पनि सगुनको पोङ र धुप धुपौरो बोकेर बेहुलीको पछि पछि पस्दछन् । बेहुला बेहुली भित्र पसेपछि लोकन्तीले संघारमा  ओछ्याएको कपडा उठाउछिन । यसबाट बेहुलीले घरमा सहकाल (शुभ समय) ल्याउने तथा रिस राग मारी शान्ति र प्रगती ल्याउछे भन्ने विश्वास गरिन्छ । बेहुला बेहुलीले बाहिरबाट ल्याएका साइतको घडा, सगुन तथा धुपौरो ढिकुटीमा लगेर राखिन्छ ।

**परिवर्तन :**

माथि उल्लेखित प्रक्रियाहरु अनुसार सवै ठाउँमा घर भित्र्याउँने गरिदैन् । कतै कपडा ओछ्याइदैन भने कतै सद्विउ र दियो राखिदैन् । कसैले पानीको घडा राख्दैन भने बेहुलीलाई बोक्न लगाइदैन् । सामान्यतया यस्तो चलन गाउँघरमा गर्ने गरेको पाइएता पनि सहरबजारमा भने छैन भन्दा हुन्छ । तर बेहुला बेहुली घर भित्र पस्नखोज्दा बेहुलाका दिदी बहिनीले ढोका थुनेर छेक्ने चलन भने गाउँघर, शहरबजार सबै ठाउँमा पाईन्छ ।

**(म) फेटा फुकाउँने :**

त्यस पछि मामाले बेहुलाको टाउकोबाट फेटा फुकाउने कार्य गर्दछन् । जसरी मामाले बेहुलाको टाउकोमा फेटा लगाउँदा ताम्बा गीत र कर्मकाण्ड भएको थियो । त्यसैगरि फेटा फुकाउँदा पनि ताम्बाले बिशेष गीत र कर्मकाण्डद्वारा फुकाउँदछन् । फेटा फुकाले पछि मात्र डम्फु थन्क्याउने गीत गाइन्छ । अनि डम्फु थन्क्याइन्छ । यसरी औंपचारिक रुपमा विवाहको मुख्य कार्य समाप्त हुन्छ । बेहुली घर ल्याउँदा उनका माइतीहरु चेलीलाई

घर सम्मै पुर्‍याउन आएको छ भने त्यसका लागि माइती समक्ष बेहुला पक्षले स्याल्गार (अनुरोध पोङ) राख्नु पर्दछ । यो कार्य पुरा भएपछि भोजभतेर खाने गर्दछन् ।

**परिवर्तन :**

माथि उल्लेखित प्रक्रियाहरु मर्फत फेटा फुकाउँने चलन रहेता पनि कसै कसै बेहुलाले आफै फेटा खोल्ने गर्दछन् । भने कसै कसैले रितपुर्वक फेटा खोल्ने गर्दछन् । शहरबजारमा फेटा कसै कसैले मात्र लगाउँने र धेरै जसोले टोपी लगाउँने गरेको हुँदा खासै औंपचारिक तरिकाले टोपी फुकाउँने कार्य गरिदैन ।

बेहुली घर ल्याउँदा उनका माइतीहरु चेलीलाई घर सम्मै पुर्‍याउन आएको छ भने त्यसका लागि माइती समक्ष बेहुला पक्षले राख्नु पर्ने स्याल्गार (अनुरोध पोङ) राख्ने गरिन्छ । यो कार्य पुरा भएपछि भोजभतेर खाने गर्दछन् । सामान्तया सहरबजारमा भोज भतेर पनि पार्टीप्यालेसहरुमा गर्ने गरिन्छ ।

**(य) शपथ ग्रहण :**

तामाङ जातिमा कतै कतै ठाउँमा कुनै कुनै ताम्बाले बेहुलाकी बाबुआमालाई राखेर शपथ ग्रहण (बाचाबन्धन) गराउँदछ । शपथ ग्रहण गराउँदा ताम्बाले यसो भन्ने गर्दछन् : **"यिनी बेहुलीलाई सानोमा धेरै दुःख गरेर भोको हुँदा आमाले दुध खुवाएर, बाटोमा हिँड्दा ठेस लाग्ला, आगोमा पर्ला, पानीमा डुब्ला, भीरबाट लड्ला भनी हेरचाह गरी धेरै माया गरेर बढाँई हुर्काएकी चेली हुन । धेरै दाइजो ल्याएन र अर्काकी छोरी त हो भनी हेला गर्न पाउँनु हुन्न । तपाईले आफु बुहारी भएको सम्झेर आफ्नै छोरी विवाह गरी दिँदा हुने पीर सम्झेर नौलो पौलो बुहारीलाई सम्झाई बुझाइ काम गर्नु गर्न लगाउनु र आफ्नै छोरी जस्तो ठानेर व्यवहार गर्नु ।"** यती भनी ताम्बाले तपाईहरुलाई यो कुरा मञ्जुर छ ? भनी सोध्दछन् । सासुससुराले मञ्जुर छ भन्ने बाचा दिनु पर्दछ । त्यसपछि ताम्बाले (ठुङराप) संसारको सृष्टिको कथा, देवीदेवताको उत्पत्तिको कथा र महान अठार तामाङको उत्पत्तिको कथा बताउदै पाँच तामाङ प्रमुख थर (मोक्तान, योन्जन, घिसिङ, बल र ब्रोकचन) को मेमेहरुलाई उपस्थित गराएर सगुन छ्योत गर्दछन् ।

**परिवर्तन :**

माथि उल्लेखित शपथ ग्रहण (वाचाबन्धन) सवै ठाउँको ताम्बाले गरेको पाइदैन् । हाल झन ताम्बाको कमीले गर्दा शपथ ग्रहन गर्ने र ताम्बाले भन्ने कुराहरु भन्ने गरेको पाइदैन् । यस संस्कारगत प्रक्रियामा भने कमी देखिन्छ । यस शोध अध्ययन क्षेत्रमा शपथ ग्रहण गरिएको पाइएको छैन् ।

**(र) बुहारी भत्तेर :**

सामान्यतः विवाहको भोलीपल्ट अर्थात बेहुलीको घरबाट फर्कने दिन बेहुलाको घरमा बुहारी भत्तेर ख्वाउने चलन छ । यो बुहारीलाई सामाजिकीकरण गर्ने कार्य हो । यसमा दाजुभाइ कुलकुटुम्बलाई आफ्नो बुहारी चिनाउने काम हुन्छ । यो काम ढोगभेटको माध्यामबाट गरिन्छ । ढोगभेट गर्दा बेहुलाले अघि अघि र बेहुलीले पछि पछि ढोक्दै जान्छन् । र त्यस पछि बेहुलीले सासुलाई ढोक्दा भने पोङ र मोहर राखेर ढोक्ने चलन छ । तामाङ परम्परामा ढोगभेट गर्दा सानाले ठूलालाई घुडाँमारेर दुई हात जोडेर नमस्कार गर्ने अनि भुईमा हात र निधार पुर्‍याएर ढोग्ने चलन छ । त्यसपछि वेहुला वेहुलीलाई यज्ञ मण्डपमा रखी बुहारी भत्तेर सुरु गरिन्छ । बेहुला बेहुलीले सवै निम्तालुहरु तथा भत्तेर खान सुरु गर्छन् । कतै कतै बेहुलाबेहुलीको हातबाट भत्तेर बाँड्ने पनि गरिन्छ ।

**परिवर्तन :**

सामान्यतः विवाहको भोलीपल्ट अर्थात बेहुलीको घरबाट फर्कने दिन बेहुलाको घरमा बुहारी भत्तेर खुवाउने चलन छ । हिजोआज गाउँघरमा भोज घरमै खुवाउँने गरेता पनि शहरबजारमा भोज पार्टीप्यालेसमा गर्दछन् । घरमा ठाउँ नभएर र झंझटिलो हुन्छ भनेर पनि हो ।

माथि उल्लेखित अन्य चलनहरु यथावत छन् । बेहुला बेहुली र सवै निम्तालुहरु भत्तेर खान सुरु गर्छन् । तर बेहुला बेहुलीको हातबाट भत्तेर बाँड्ने चलन भने हराइसकेको छ । यस अध्ययन क्षेत्रमा गरिएको शोध अध्ययनमा बेहुलाबेहुलीको हातबाट भत्तेर बाँड्ने गरेको देखिदैन ।

**(ल) दुलही फर्काउर्ने (दोबारी निबारी) :**

विवाह भएको तीनदिन पछि दुल्हन फर्काउने चलन छ । यसलाई तामाङहरु **दोबारी निबारी** भन्दछन् । सगुन सहित आएका छोरी ज्वाँईलाई घरबाट चेलीले थालमा पोङ सहित बत्ति बालेर घर भित्र्याईन्छ । यस पछि माइतीको हातमा कोशेली बुझाइन्छ । त्यस पछि घरमा उपस्थित भएका आफन्तहरुलाई बेहुला बेहुलीले पालै पालो ढोग्ने गर्दछन् । यसरी ढोग्दा बेहुली अघि अघि र बेहुला पछि पछि चिनाजान गराउँदै ढोग्ने गर्छ । ढोग्दा

बेहुलाले सासुलाई खुट्टामा पैसा राखी छोएर र जेठी सासुलाई पैसा राखी नछोएर परैबाट ढोग गर्ने प्रचलन छ । बेहुला बेहुलीले सबैलाई ढोग गरे पछि माइतीहरुले सगुनको थालमा दक्षिणा राखि दिने गर्दछन् । यसपछि मूल माइतीले सगुन उपस्थित सबैको हातमा हाली छयोत गरेपछि सो सगुन बाडेर खाने गर्दछ । यसै क्रममा बाबु आमा, आस्याङ आङी, दाजुभाइ सबैलाई पोङ, खसी अथवा कुखुरा र रोटी लगेर प्रत्येकको घरघर जाने गर्नछन् । सगुनका साथमा पूर्वेली तामाङहरु भात मुछी बनाएको फ्लोदोङ लगि माइतीलाई चढाउने गरिन्छ । माइतीले पनि सो फ्लोदोङ आकाश तर्फ फ्याकी जमिनमा खस्दा फुटेन भने बेहुला बेहुलीको सम्बन्ध राम्रो हुने र फुटेमा सम्बन्ध कटुता र कष्टपुर्ण हुन्छ भन्ने मान्यता राख्दछन् ।

एक दुई दिन पछि वेहुला वेहुली पुनः घर फर्कन्छन् । घर फर्कदा बाबु माइतीले सकेको कोसेली र दाइजोपात पनि दिने गरेको देखिन्छ । यो रीतपछि बुहारी एक्लैले माइती आउने जाने गर्न सक्छिन् ।

**परिवर्तन :**

माथि उल्लेखित चलन हाल पनि तामाङ जातिमा प्रचलनमा नै रहेको छ । शहरबजारमा केही कारणले तीन दिन भित्रमा बेहुली फर्काउन नसके पनि केही दिन पछि माथि उल्लेखित प्रक्रिया अनुसारनै बेहुली फर्काउने गरिन्छ । माथि उल्लेखित चलनमा खासै परिवर्तन भएको देखिदैन । यस शोध अध्ययन गरिएको क्षेत्रमा पनि यस चलन यथावत देखिन्छ ।

**(व) वर्षे डाङ :**

तामाङ जातिमा बिहे भएको बर्ष दिनमा एक खसी, एकसोली रोटी, र एक गाग्रो रक्सी लिई माइती जानु पर्दछ । त्यसलाई बर्षे डाङ भनिन्छ । यो चलन सवै ठाउँको तामाङ जातिमा छैन् । छोरा पाएपछि माइती कहाँ बुछ्याङ डाङ (एउटा खसी, एक सोली रोटी र एक गाग्री रक्सी र एउटा कुखुरा, एक पोङ रक्सी र एक डालो रोटी) लगेर जानु पर्छ । यो माइतीलाई बुझाए पछि माइतीले गच्छेअनुसार चेलीलाई आवश्यक एकसरो कपडा, पेवापात, गाग्रो, थाल, कचौरा, भैसी, गाई, खड्कुलो, आदि दिने गर्दछन् । धेरै दिन नसक्नेले पनि त्यस अवसरमा कचौरा, झ्यागा दिने  चलन छ । तर यो चलन पनि सवै ठाउँको तामाङहरुमा छैन् ।

**परिवर्तन :**

सवै ठाउँको सवै तामाङ जातिमा वर्षे डाङ गर्ने चलन पहिला पनि थिएन र अहिले पनि छैन । त्यसै गरी छोरा पाएपछि माइती कहाँ लाने **बुछ्याङ डाङ** लाने चलन पनि सवै ठाउँमा छैन ।

**(श) वाङ्दे :**

पूर्वका तामाङले चारदाम गरे जस्तै पश्चिमका तामाङहरु वाङदे गर्दछन् । पूर्वतिर वाङदे गर्ने चलन देखिदैन् । वाङदे बेहुला बेहुलीको आर्थिक अवस्था र अनुकूलता हेरेर गर्दछन् । वाङदेमा केटा पक्षले केटीका बाबु आमा र

दाजुभाईलाई परम्परागत रीतभाँत बुझाउँनुपर्छ । त्यसको बदलामा केटी पक्षले आफ्ना छोरीचेलीलाई कोदाली, बटुका र हँसिया तथा आफ्नो गच्छे अनुसार सम्पत्ति, सुनचाँदी, गरगहना र चौपाया पनि अनिवार्य रुपमा दिन्छन् । वाङ्दे नगरी छोरीचेली मरी भने पनि मरेको दिन भएपनि वाङदे गर्न लगाई कोदाली, हँसिया, बटुका लाशलाई भएपनि दिनु पर्छ । जिउँदो छँदै गर्ने चारदामलाई **गासा** र मरेपछि गर्ने चारदामलाई **सीसा** भनिन्छ ।

साथै वाङदे नगरेको दम्पत्तिबाट जन्मेका छोरा छोरीले विवाह गर्ने सामाजिक स्वीकृति पाउदैनन् । वाङ्दे नगरी जन्मेका शिशुले आमाको थर लिनुपर्दछ भनिन्छ । उनले विवाहमा प्राप्त गरेको कोदाली र हँसिया उनकै मृत्यु भएमा उनका लोग्नेका म्हा (ज्वाई) हरुले उनको दाह संस्कार गर्ने स्थान बनाउँन प्रयोग गर्नको लागि हो । बटुका चाँहि आमाबाबु तथा छोरी नभएका दाजुभाइको मृत्यु भएमा मृतकको मुख धोई दिनका लागि उपयोग गरिन्छ ।

**परिवर्तन :**

विवाहमा नै चारदाम गर्ने भएको हुदाँ वाङ्दे गर्ने चलन हराउँदै गएको छ । यस शोध अध्ययन गर्ने क्षेत्रमा वाङदे गरेको पाइदैन ।

**(ष) सम्धी-सम्धीनी भेट :**

दुई परिवारवीच वैवाहिक नाता सम्बन्ध गाँसी सकेपछि केटाको बुबाआमा केटीको घरमा र केटीकी बुबाआमा केटा (ज्वाँई) को घरमा सजिलै जान आउँन सकुन भनेर सम्धी-सम्धीनी भेट गरिन्छ । यसमा सम्धी-सम्धीनीहरु पालो पालो एक अर्काको घरमा गई खाने पिउने गर्दछन् । यस्तोमा मामा-फूपु चेलाचेली वीच विवाह भएको छ । भने एक अर्काले एक अर्कालाई आस्याङ-आङी (मामा-फूपु) अथवा जीउ साइनो लगाएर दाजुबहीनी अथवा दिदी भाई र म्हा-स्याङपो अथवा स्याङपो- माक्पा भनेर  सम्बोधन गर्दछन् ।

औंपचारिक रुपमा यो संस्कार नगरुनजेल सम्धी सम्धीनी भेट गर्ने तथा एक अर्कोको घरमा जाँदैन भने यस संस्कार गरे पछि बाटो खुल्ने देखिन्छ ।

**परिवर्तन :**

तामाङ जातिमा सम्धी सम्धीनी भेट औंपचारिक रुपमा माथि उल्लेखित प्रक्रिया अनुसारनै गरेको पाइन्छ । नभए औंपचारिक रुपमा सम्धी सम्धीनी भेट गरेको पाइदैन् यस चलन हाल गाउँघर शहरबजार सवै ठाउँमा पाइन्छ । यस चलनमा खासै परिवर्तन आएको देखिदैन । ढिलो चाडो औंपचारिक रुपमा सम्धी सम्धीनी भेट गर्ने गरेको पाइन्छ ।

## २. छोपुवा / चोरी विवाह :

तामाङ जातिमा यस किसिमको विवाहको चलन कहिले देखि चल्यो भन्ने एकिन प्रमाण हालसम्म कतै उल्लेख गरिएको पाईदैन । यस किसिमको विवाहको चलन मानव विकासको क्रम सँगै तामाङ जातिमा पनि विकास भएको हो भन्न सकिन्छ । यस किसिमको विवाहको चलन पितृसत्ताको विकास सगै तामाङ जातिमा पनि विकास भएको हो भन्न सकिन्छ । किनकी यस किसिमको विवाहको प्रचलनमा एक पुरुष अर्थात केटाले आफुले मन पराएकी महिला अर्थात केटीलाई उसको इच्छा विपरित जवरजस्ती विवाह गरेको पाइन्छ । यस किसिमको विवाहमा केटाले मन पराएको र केटीले मन नै नपराइकन केटीलाई बाटोघाटो, मेलापात, हाटबजार, घाँस दाउरा गर्नजादा बल प्रयोग गरेर तानेर लैजाने चलन छ ।

यसरी लैजादा केटीले मानेमा केटाको आमाबुबाले टिकाटाला गरी औंपचारिक रुपमा घर भित्र्याउने चलन छ । केटी राजी नभएमा तीन दिन सम्मा केटीलाई लुकाई राख्ने चलन छ । तीन दिन सम्मा पनि राजी नभएमा भने केटीलाई  स-सम्मान फर्काई दिने चलन छ । यस अबधिमा केटी भेटेमा माइती पक्षले खोसेर लाने पनि गर्दछन् । केटी राजी भएमा गााउँको गान्बा, ताम्बा मार्फत तपाईकी छोरी/चेली फलाना काहाँ छ भनी जानकारी गर्न सगुन पोङ/ठेगान पोङ लगिन्छ । केटी पक्षले सगुन पोङ स्वीकार गरी अनुमती दिएमा माइती पक्षले रीतभातको लागि छोरी ज्वाँईलाई घरमा बोलाउँछन् । यसबेला केटा पक्षबाट केटी पक्षलाई चोरी गरे बापतको कोशेली (ह्यो पोङ) बुझाउँनु पर्दछ । यस पछि रितभात चारदाम गर्ने, दुलहा दुलहीलाई टीकाटालो गरी औंपचारिक रुपमा विवाह गरिन्छ । यस किसिमका विवाहलाई **बलसिंह विवाह** पनि भन्ने चलन छ ।

आर्थिक रुपमा कमजोर भएका कारण वा केटाले केटी मन पराएकी तर केटीले केटा मन नपराएको कारण, समय र पैसाको बचत गर्ने उद्देश्यले वा आर्थिक तथा सामाजिक रुपमा कुनै एक पक्ष कमजोर भएको कारण यस किसिमको विवाह भएको देखिन्छ ।

***परिवर्तन :***

यस किसिमको विवाह हाल कतै कतै पहाडी तथा हिमाली दुर्गम क्षेत्रमा प्रचलनमा रहे पनि यसता विवाहलाई कानूनले पूर्णरुपमा निशेध गरिएको छ । यस किसिमको विवाह इच्छा विपरित हुने भएकोले हाल समाजले पनि स्वीकारेको पाइदैन । प्राचिन कालबाट तामाङ समुदायमा यस किसिमको विवाहको विकास भए पनि हाल यस किसिमको विवाहको रुप परिवर्तन भई प्रेम विवाहमा परिणत भएको पाईन्छ । यस किसिमको विवाहको चलन अध्ययन क्षेत्रमा रहेको पाइदैन् ।

नेपाल तामाङ घेदुङबाट प्रकाशित तामाङ संस्कार र संस्कृति निर्देशिका २०५८ ले **"केटीको राजीखुशी मन्जुरी बाहेक जोरजुलुम जवरजस्ती केटी तानेर लैजान नपाउने"** भनी लेखेकाछन् ।

## ३. प्रेम विवाह (प्रेम पछि मागी / प्रेम पछि भागी) :

तामाङ जातिमा प्रेम विवाहको विकास प्राचिन कालबाटै भएको पाइन्छ । केटा केटीले माया पिरती लगाएर गरिने विवाहलाई प्रेम विवाह भनिन्छ । तामाङ युवायुवतीहरुले घाँस दाउरा, मेलापात, हाटबजारमा संगै जादाँ आउँदा माया पिरती गाँसेर यस किसिमको विवाह गरेको पाइन्छ । केटा केटीले आफै प्रेम प्रस्ताव राख्न नसकेमा लमी मार्फत पनि प्रेम प्रसंग अघि बढाइ विवाह गर्ने गर्दछन् । त्यसैगरी तामाङ केटा केटीहरु जत्रामा जाँदा सेलो, साइकोले, म्हेन्दोमाया जस्ता जुहारी गीत गाउँदछन् । र यस मार्फत तिनीहरु एक अर्काका थर पत्ता लगाउँदछन् । केटा केटी एकै थर वा स्वाँगे थरको परेमा पोङ राखेर चेली माइती मान्ने गर्दछन् । भने केटाकेटी कुटुम्बेरी थरको परेमा हार जितको बाजी राखेर गाउँने नाच्ने पनि गर्दछन् । गीतकै मार्फत केटीले जितेमा केटालाई नोकर सम्म बनाउने र केटाले जितेमा केटीलाई विवाह गर्ने सम्मको बाजी राख्ने गर्दछन् । यसरी केटाकेटी बीच प्रेम सम्बन्ध निर्माण भएको पाइन्छ । अनि बाँसको काइयो, थाक्रो र विनायो जस्ता वस्तुहरु उपहार स्वरुप साटासाट गरेको पाइन्छ ।

तामाङ जातिमा जुन सुकै तरिकाले माया पिरती गाँसे पनि विवाह भने दुई तरिकाले गर्ने गरिन्छ । पहिलो मागी विवाह र दोस्रो भागी विवाह । प्रेम सम्बन्धलाई वैवाहिक जिवनमा प्रवेश गराउन प्रेम सम्बन्ध भएका केटा केटीले  आ-आफनो घर परिवारमा जानकारी दिन्छन् र दुवै तिरबाट स्वीकृत भएमा केटाले भगाएर केटीलाई घरमा ल्याउँछन् । अथवा परम्परागत रुपमा विवाह गर्दछन् । दुवै तिरबाट अस्वीकार भएमा भने भागी विवाह गर्ने गर्दछन् । यसरी भागी विवाह गर्दा केटा केटीले भाग्ने दिनको निधो गर्दछन् । र रातारात केटाको घरमा पुर्याउँदछन् । यसरी भाग्दा उही दिन घर पुग्नु पर्ने मान्यता छ । यसरी घर पुगी सके पछि केटाको घरमा बुबाआमाले दैलोमा बत्ती बालेर अक्षता दहीको टिका लगाएर घरभित्र भित्र्याउने गर्दछन् ।

त्यसरी ल्याएको तीन दिन पछि गान्वाहरुलाई सगुन कोशेली पठाइन्छ । यसलाई **ठेगान पोङ** भनिन्छ । केटीको बाबुआमालाई केटा मन परेको छैन भने सो पोङ लग्ने ताम्बा गान्बा लाई घरमा नहुल्न पनि सक्छ । यद्यपी, धैर्यताका साथ प्रतीक्षा गर्नुपर्दछ । केटा मन पराएको छ भने यो पोङ पुग्ने वित्तिकै स-समान घरभित्र हुल्छ ।

**ठेगान पोङ** लाने ताम्बा गान्बाले कोशेली बुझाई केटीको बाबुआमालाई यसो भन्ने गर्दछन् । “तपाईकी चेली

फलाना कहाँ छ । तल माथि केही परेको छैन । पिर मान्नु पर्दैन । पखेटा उम्रीसकेकी चरी आफनो लक्ष्यमा उडेर गएकी मात्र हो र त्यसको चिनो यो कोशेली हो ।” प्रत्युतरमा माइती पट्टिका गान्बाले यसो भन्ने गर्दछन् । “हिजो सम्मा हाम्री चेली भीरबाट लडेकी, खोलाले बगायो कि भनेर पीर लिएका थियौं तर हैन रहेछ । कुटुम्बको वस्तु कुटुम्बकाहाँ नै पुगेछ । अब हामीलाई पीर छैन् ।'' त्यस पछि उक्त सगुन पोङ ग्रहण गरी सम्पुर्ण उपस्थित व्यक्तिहरुले खाने गर्दछन् ।

अन्त्यमा कोशेली सहित छोरी ज्वाइँलाई चलेको रीत अनुसार घरमा भिकाइन्छ । यसरी रीतभात गर्न आउँदा **ह्यो डाङ** (चोरी कोशेली) र साथमा लमीलाई पनि एक कोशेली लानु पर्दछ । जसलाई **ग्याम्बा डाङ** भनिन्छ । यो माइतीको आज्ञा बिना नै लुकीछिपी जाने लाने गरेवापत माइतीको मान, इज्जतमा प्रतिकूल असर नपरोस भनी बाबु माइतीको शिर उठाउँनी हो । आर्थिक अवस्था कमजोर भएको अनि तामाङ जातिको मागी विवाहको रीतिथिति अत्यन्तै खर्चिलो भएका कारण प्रेम पछि भागेर विहे गर्ने चलन चलेको पाइन्छ । अनि केटी पक्षका बाबुआमा माईतीसंग सम्पर्क राखेर सोलीडोली, जन्ती, कोशेली लगेर लगन र चारदाम गर्ने गरिन्छ ।

**<u>परिवर्तन :</u>**

तामाङ जातिमा प्रेम विवाहको विकास धेरै पहिले भएको देखिन्छ ।  तामाङ केटा केटी बीचको प्रेम सम्बन्ध पश्चात गरिने विवाहको रुपमा पनि खासै भिन्नता रहेको पाइदैन । किनकी पहिले पनि प्रेम पश्चात केटा केटीलेविवाहको स्वीकृतिको लागि आ-आफ्ना बाबु आमालाई प्रस्ताव राखेको पाइन्छ । प्रस्ताव स्वीकृत भएमा मागीविवाह हुने गरेको र प्रस्ताव स्वीकृत नभएमा भागेर जाने चलन अहिले पनि उस्तै देखिन्छ । हाल भागी विवाह गर्दा उही दिनमा घर पुग्नु पर्छ भन्ने मान्यतामा भने कमी आएको छ भने कसै कसैलाई त थाहा पनि छैन ।  हाल आधुनिकता र प्रविधिको विकाससंगै प्रेम गर्ने तरिकामा भने केही परिवर्तन भेटिन्छन । जसले गर्दा टाढाँ टाढाँका युवायुवतीहरु बीच प्रेम सम्बन्ध स्थापना भई विवाह हुने गरेको पाइन्छ । त्यसै गरी प्रेम सम्बन्ध पनि स्वजातिमा मात्र नभई अन्य जातिमा पनि हुने गरेकाले प्रेम विबाहको क्षेत्र र तरिका दुबैमा विस्तार भएको देखिन्छ ।

हाल अध्ययन क्षेत्रमा पनि प्रेम विवाहको प्रचलन बढ्दै गएको देखिन्छ । यस शोध अध्ययनको क्रममा २५ प्रतिशत प्रेम विवाह गरेको देखिएको छ । जस्मा प्रेम पछि मागेर र भागेर गरिएको विवाहहरु छन् ।  भने प्रेम विवाहमा पनि अन्तरजातिय प्रेम विवाहको रुप पढ्दै गएको देखिन्छ । जुन शोध अध्ययनले पनि देखाएको छ ।

**प्रेम विवाहको किसिम :** **<u>तालिका नं.१९</u>**

| क्र. सं. | प्रेम विवाहको किसिम | विवाह संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | प्रेम पछि मागी विवाह | ६ | ६० |
| २. | प्रेम पछि भागी विवाह | ४ | ४० |
| | जम्मा विवाह संख्या | १० | १०० |

तालिका नं. १९ अनुसार यस शोध अध्ययन क्षेत्रमा प्रेम विवाहको किसिमबारे अध्ययन गर्दा शोध अध्ययनको क्रममा अन्तवार्ता लिंदा १० वटा विवाह प्रेम विवाह भेटिएको छ । जसमा ६ वटा ६० प्रतिशत विवाह प्रेम पछि मागि विवाहको रुपमा परिणत भएको छ भने ४ वटा ४० प्रतिशतले प्रेम पछि भागि विवाह गरेको देखिन्छ ।

## ४. जारी विवाह

श्रीमान जीवित छदै कुनै अर्को पुरुषले श्रीमतीलाई फकाएर लगि विवाह गरेमा त्यसलाई **जारी विवाह** भनिन्छ । यस्तो विवाहमा पहिलो श्रीमानलाई दोस्रो श्रीमानले समाजले भने बमोजिम जारी बुझाउँनु पर्दछ ।

सामान्यतया तामाङ समुदायमा यस किसिमको विवाहको चलन सामान्य झैं देखिन्छ । कुनै विवाहित महिलालाई कुनै पुरुषले श्रीमान हुदाँ हुँदै श्रीमानकै घर वा माइतीबाट भगाएर लाने गर्दछन । यस्तोमा कतै कतै भने माइतीको पनि भूमिका देखिन्छ । यस्तो अबस्थामा पहिलो श्रीमानलाई जारी तिर्न माइती पक्षलाई पनि सामेल गराइन्छ । जारी तिर्दा दुवै पक्षको ताम्बा, गान्बा, चुहो, मुल्मी आदि बसेर कुन किसिमको विवाह भएको थियो, व्यक्तिको इज्जत र शक्ति  अनुसार खर्चको मूल्याङ्कन गरी तिर्न लागाइन्छ । जारीले जारखत तिरीसके पछि अन्य कुनै रीत बाबुमाइतीलाई तिर्नु पर्दैन । समाजले तोकेको जारी बुझाए पछि  केटीको माइती पट्टि ढोगबेट र आते जाते फुकाइन्छ ।

यस्तो विवाहमा साधुलाई जारले जारी नबुझाउँदा सम्म माइतीले ढोगभेट फुकाइदैन । यदि जारी नबुझाउँदै केटीका बाबुमाइतीले ढोगभेट दिएमा  माइतीको पनि सहमति रहेछ भनि साधुले भने जतिनै जारी माइती पक्षले नै तिर्नु पर्ने सामाजिक नियम छ । जारी खत बाबु माइतीले तिरेमा दोस्रो ज्वाइँ वा जारी वालाले केटी माग्दा  तिर्नु पर्ने रितभात  र नियमहरु बाबुमाइतीलाई बुझाउँनु पर्दछ । जारीखत तिरे पछि पनि सासु ससुरालाई ढोगभेट गर्ने सगुन (एक पोङ रक्सी, एक डालो रोटी र एक वटा कुखुरा भाले ) र रीतभात वापत एक सोली रोटी, खसी र एक गाग्रो रक्सी लानु पर्ने थिति पनि देखिन्छ । यसैमा चार दाम गरिदिने चलन छ ।

यसरी सम्बन्ध बिच्छेद गर्दा  सिन्का चिरेर दुईभागमा विभाजन गरी सम्बन्ध बिच्छेद गरिन्छ भने कतै कतै केटा र केटी दुवैको एउटै लामो काँचो धागोले कम्बरमा बाधेर  वीचमा चुडालिन्छ । र यसलाई सम्बन्ध बिच्छेदको प्रतिकात्मक रुपमा लिइन्छ ।

तामाङ जातिमा जारी विवाह पहले पहिले व्यापक रुपमा हुने गरेको र यसलाई तामाङ समाजले सहजै रुपमा स्वीकारेको पाइन्छ । भने जार र साधु पनि एकै गाउँमा रहने, संगै हिड्ने, बस्ने गरेको पाइन्छ ।

**परिवर्तन :**

तामाङ जातिमा यस्तो विवाहको चलन हाल पनि आंशिक रुपमा रहेको पाइन्छ । प्रयः गरेर पहाडी भेगको तामाङ बस्तीहरुमा यस चलन बढी मात्रामा पाइन्छ । भने सहर बजार लगाएत अन्य ठाउँमा पनि यस किसिमको परम्परा नरहेको भन्न सकिदैन ।

हाल तामाङ जातिमा जार तिर्ने परम्परामा भने केही परिवर्तन भएको देखिन्छ । पहिले पहिले जारीको रकम सामान्यतया गाउँको ताम्बा, गान्बा, मूल्मी, चोहो आदि बसेर कचहरी द्वारा निर्णय गरिन्थ्यो । तर पछि जारी लिनेदिने कुरा कानूनले तोकिदियो । हिजो आज जारी लिने दिने चलन हराउँदै गएको देखिन्छ ।

हाल आधुनिकताको विकाससंगै जारी विवाहमा न्यनू हुँदै गए पनि  यस किसिमको संस्कारको विकास भने पशिचमी समुदायमा नै व्यापक रुपमा पाइन्छ । जस्ले गर्दा नेपाली समाज तथा समुदायमा यस किसिमको विवाह संस्कारको अन्त्य हुन्छ भन्ने कल्पना पनि गर्न सकिदैन । किनकी हाल नेपालीहरुमा पशिचमी संस्कार र

संस्कृतीले जरा गाड्दै गएको छ । भने तामाङ जातिमा पनि जारसँग जारखत लिने परम्पराको अन्त्य हुँदै गएको देखिन्छ । हिजो आज तामाङ जातिको केटा केटीले पनि अन्य जातजातिसँग विवाह गर्ने भएको हुँदा जारखत लिनेदिने कुरामा खासै मतलब गरेको देखिदैन । हिजो आज यस किसिमको विवाह विकृतिको रुपमा विकास भएको छ । तथापी अध्ययन क्षेत्रमा सिमित व्यक्तिहरुसंग गरेको अध्ययन तथा अनुसन्धानमा यस किसिमको विवाह गरेको भेटिएको छैन् ।

नेपाल तामाङ घेदुङबाट प्रकाशित तामाङ संस्कार - संस्कृति निर्देशिका २०५८, ले **"लोग्ने मानिस र स्वास्नी मानिस दुबैलाई जारी विवाह गर्न निषेध गर्ने"** भनिएकोछ ।

## ५. बिधवा विवाह / बिधुर विवाह :

लोग्नेको मृत्यु भएपछि अर्को पुरुषसँग गरिने विवाहलाई **बिधवा विवाह** भनिन्छ । भने श्रीमतीको मृत्यु भएपछि अर्को केटीसँग गर्ने विवाहलाई **बिधुर विवाह** भनिन्छ । कहिले कँही यस्तो विवाह भने बिधुरले बिधवासँग नै गरेको पाइन्छ ।

तामाङ जातिमा बिधवा विवाह गर्नुको कारण यहि भन्न नसके पनि एक महिला जो आफ्नो सन्तानको रेखदेख तथा पालन पोषण गर्न नसक्ने र अर्को तिर सन्तान नहुँदै श्रीमानको मृत्यु हुँदा आफ्नो जिवनको साहारा नहुने हुँदा पनि बिधवा विवाह गरेको पाइन्छ । भने प्राकृतिक तथा शारिरीक रुपमै आवश्यक यौन सम्बन्ध ( चहाना) कै कारण पनि बिधवा विवाह गर्ने गरेको पाइन्छ भन्ने कुरालाई नकारन सकिदैन् । जस्ले गर्दा सामाजबाट निशेधित अनैतिक यौन सम्बन्धको पनि अन्त्य हुन्छ । भने बिधवालाई लगाइने अनेक थरी लाञ्छनाको पनि अन्त्य हुने देखिन्छ । जुन हाम्रो नेपाली सवै जातजातिमा बिधवा विवाहलाई वढवा दिन जरुरी छ । यसको लागि राज्यबाटै आवश्यक नीति ल्याउन र पहल गर्न जरुरी छ ।

तामाङ जातिमा पनि अन्य जातजातिभ्रै बिधुर विवाहलाई सामान्य तरिकाले लिएको पाइन्छ । प्रायः पुरुषहरु श्रीमतीको मृत्यु पश्चात विवाह नगरी वसेको अपवादको रुपममा एक दुई घटना बाहेक पाउँन सकिदैन । जुन पितृसत्ता र वंश परम्पराको कारण पनि हुन सक्छ ।

त्यसै गरी तामाङ जातिमा कतै कतै चलन चलतीमा भेटीएको भनिने भाउजू विवाहको विकास कहिले र कहाँ देखि सुरुवात भयो भन्नेवारे थाहा हुन नआए पनि दाइको मृत्यु पछि भाइले भउजूको तथा छोराछोरीले दुखः पाउने वा बिचल्ली हुँने कारणले गर्दा भाउजू स्याहार्ने गरेको पाइन्छ । तर दाइ हुँदा हुँदै भाउजूसंग अनैतिक सम्बन्ध राखेमा वा भाउजू विवाह गरेमा भने राम्रो मानिदैन । यसलाई समाजले हेयको दृष्टिकोणले हेर्ने गरेको पाइन्छ । भने यस्तोलाई अंश नदिने, सामाजिक बहिष्कार गर्ने वा गाउँबाटै निकाला गर्ने चलन छ ।

**परिवर्तन :**

नेपाली समाजमा बिधुर र बिधवा विवाहलाई खासै महत्व नदिईरहदा भने तामाङ जातिले बिधवा तथा बिधुर विवाहलाई पनि सहजै स्वीकार गरेको पाइन्छ । जुन विकसित तथा विचारशिल समाज, समुदाय तथा जातिको उत्कृष्ट नमूना मान्न सकिन्छ । नेपाली समाजले खासगरी खस समुदायले बिधवा विवाहलाई वर्जित नै गरेको पाइन्छ । भने पितृसत्ताको कारण विधुर विवाहलाई सामान्य स्वीकृति दिएको छ ।

हाल पश्चिमी संस्कार तथा संस्कृतिलाई नक्कल गर्ने परम्परा वढिरहदाँ भने तामाङ जातिमा यस परम्पराको प्रचिन काल देखिनै विकास भएको पाइन्छ । जुन मानवताको उच्च नमूना हो भन्न सकिन्छ । भाउजू स्याहार्ने विवाह हाल तामाङ जातिमा लोप भई सकेको छ ।

नेपाल तामाङ घेदुङबाट प्रकाशित तामाङ संस्कार - संस्कृति निर्देशिका २०५८, ले **"बिधवा विवाह पुनः चारदाम गरी मान्यता दिने चलन कायमै राख्ने"** भनिएकोछ ।

**बिधवा वा बिधुर विवाहको स्थिति :**

**तालिका नं.२०**

| क. सं. | विवाहको किसिम | विवाह संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | बिधुर विवाहको संख्या | १ | ५० |
| २. | बिधवा विवाहको संख्या | १ | ५० |
| | **जम्मा** | **२** | **१००** |

यस अध्ययन क्षेत्रमा बिधवा वा बिधुर विवाहको स्थिति बारे अध्ययन गर्दा ४० जाना दिइएको अन्तरवार्ताबाट तालिका नं. २० अनुसार २ वटा विवाहमा १ वटा ५० प्रतिशत बिधुर विवाह र १ वटा ५० प्रतिशत बिधवा विवाह गरेको देखिन्छ । यसबाट तामाङ जातिमा बिधवा र बिधुर विवाहको स्थिति वरावर रहेको देखिन्छ ।

## ८. अन्तरजातिय विवाह (अन्तरजातिय प्रेम पछि मागी विवाह / अन्तरजातिय प्रेम पछि भागी विवाह / अन्तरजातिय मागी विवाह) :

तामाङ जातिमा पनि अरु जातजाति झै सामान्यतया पुरुषलाई अन्तरजातिय विवाह गर्न छुट दिएको देखिन्छ । भने महिलालाई अन्तरजातिय विवाह गर्न कठोरता अपनाएको पाइन्छ । तामाङ जातिमा केटाले अन्य जातकी केटीसंग विवाह गरेमा, पहिला लामा वा ताम्बाद्वारा कर्मकाण्डसम्मत रुपमा एक समारोह बीचमा तामाङ जातिकै विवाह गर्न थर मिल्ने थरकालाई माइती उभ्याई थर प्रदान गरिन्छ । त्यस पति उक्त माइतीकै चेली मान्छे । अनि त्यस्ती चेलीलाई भेदभाव, छोइछिटा वा हेयको दृष्टिले हेरिदैन ।
यस्तो थर दिने समारोहमा छिमेकका इष्टमित्र नाता गोता कुटुम्बहरु सबैलाई भोजमा डाकिन्छ । यस्तो भोजमा कालो दाल र पहाडतिर कालो ढिडो अनिर्वाय रुपमा राखिएको हुन्छ । भोजभतेर पस्केर दिने काममा ती तामाङकृत महिला सम्मिलित हुन्छिन् । त्यो भोजको अर्थ ती महिलालाई तामाङ कुलमा चढाउँनु हो । यसलाई दाल भात चल्नु पनि भनिन्छ ।

तामाङ जातिमा हिन्दु धर्मको प्रभावको कारण कथित तामाङ जातिको सामाजिक संस्कृतिक मुल्य र मान्यताको बिरुद्ध भेदभाव र जातपात अनुसार व्यवहार गर्नु पर्ने कानून बनाइएकोले तामाङ समाज भित्र **छिरी, चुही र झरी** जस्ता नियमहरु उत्पन्न भएको देखिन्छ ।

**छिरी :** तामाङ जातिभन्दा नेपालको कानूनले माथि तोकिएका कथित क्षेत्रीवाहुन जातका स्त्री विहेगरी ल्याएमा माइतीले चारदाम नदिने हुँदा उनको कर्मकाण्ड गरिदैनथ्यो तर स्त्रीको दाँत र जिब्रोमा सुनको सियोले रगत निकालने र रुईस्याल गर्ने र शुरुफुरु चलाउने तथा त्यस्ता स्त्रीले जन्मेको शिशुको रुईस्याल गर्न नसकिएमा त्यसको तेस्रो पुस्ता देखि स्वत कुलको सदस्य हुने चलन थियो । त्यस्तो प्रथालाई छिरी भन्दछन् ।

**चुही :** यदि नायरा जातिका स्त्री ल्याई तिनको कोखबाट जन्मेका शिशुलाई तामाङहरु ङार्बा भन्दथे । यस्ता सन्तानलाई तीन पुस्तापछि मात्र तामाङ जातिभित्र शुरुफुरु र दाल ढिडो चलाए पछिमात्र त्यो व्यक्तिको तामाङ विधिअनुसार कर्मकाण्ड सम्पन्न गर्न सकिन्थ्यो तर आज भोली यी व्यवस्थाहरु व्यवहारमा पाइदैन ।

**झरी :** तामाङहरु हाडनाता विवाहका कटर विरोधी देखिन्छन् । हाडनातामा विवाह गर्नेलाई समाजबाटै बहिस्कार गर्ने चलन आजपनि छन् । त्यसलाई तामाङहरु झरी भन्दछन् ।

तामाङ जातिका पुरुषहरुले बाहुन क्षेत्री र ठकुरी श्रीमती ल्याई त्यसबाट जन्मेका सन्तानलाई **साङ्री** भन्दछन् । नेवार थरी श्रीमतीबाट जन्मेको सन्तानलाई **ङार्बा** भन्दछन् । शेर्पा, मगर, गुरुङ, राई, लिम्बुबाट जन्मेका सन्तानलाई **गोथर** भन्दछन् भनि ताम्बा काईतेन, जिकतेन ताम छयोई मा उल्लेख गरेका छन् ।

तामाङ जातिको विवाह संस्कारमा पनि विभिन्न तत्वहरुको प्रभाव पाइन्छ । पछिल्लो समयमा आधुनिकताको विकाससंगै तामाङ जातिमा पनि विवाह संस्कारमा नरमता आएको पाइन्छ । तामाङ जातिका केटाहरु अन्य जातका केटीहरुसंग विवाह गर्ने र तामाङ जातिका केटीहरु पनि अरु जातका केटाहरुसंग विवाह गर्ने गरेको पाइन्छ । भने पश्चिमीकणको प्रभावका कारण  विबाह गर्ने परम्परागत संस्कारमा पनि परिवर्तन भएको पाइन्छ । हाल पश्चिमी संस्कार, संस्कृति, धर्म र विश्वव्यापीकरणको प्रभावले तामाङ जातका केटाकेटीहरुले विदेशी केटाकेटीहरुसंग कतै आफ्नै संस्कार अनुसार त कतै विदेशी संस्कार अनुसार विवाह गर्ने गरेको पाइन्छ । हाल क्रिस्चियन धर्ममा लागेका तामाङ केटाकेटीहरुले सोही धर्मको रितीरिवाज तथा संस्कार अनुसार विवाह गर्ने गरेको पाइन्छ ।

**परिवर्तन :**

पहिला पहिला तामाङ जाातिमा अन्तरजातिय विवाह गर्दा प्रेम पछि भागेर विवाह गर्ने चलन थियो । भने हाल आएर तामाङ जातिमा पनि प्रेम पछि मागी विवाह गर्ने चलन बढेर गएको पाइन्छ । तामाङ जातिमा यसरी विवाह गर्दा केटा तामाङ हो भने केटीको जात अनुसार र केटी तामाङ भए तामाङकै रित अनुसार विवाह गर्ने गरेको पाइन्छ । तामाङ केटाले विवाह गर्दा भने चारदाम गर्ने चलन छ । यस्तो विवाहमा दुवै जातिको संस्कृतिको मिश्रण पाइन्छ । यस शोध अध्ययन क्षेत्रमा यस किसिमको विवाहको चलन बढ्दो रुपमा रहेको देखिन्छ ।

**अन्तरजातिय विवाहको किसिम**

**तालिका नं.२१**

| क्र. सं. | अन्तरजातिय विवाहको किसिम | विवाह संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | अन्तरजातिय प्रेम पछि मागी विवाह | १ | ३३.३३ |
| २. | अन्तरजातिय प्रेम पछि भागी विवाह | २ | ६६.६७ |
| ३. | अन्तरजातिय मागि विवाह | ० | - |
| | **जम्मा** | **३** | **१००** |

तालिका नं. २१ अनुसार अन्तरजातिय विवाहको किसिम कूल ३ मध्ये अन्तरजातिय प्रेम पछि मागी विवाह १ वटा ३३.३३ प्रतिशतले गरेको र अन्तरजातिय प्रेम पछि भागी विवाह २ वटा ६६.६७ प्रतिशतले गरेको देखिन्छ । हाल यस किसिमको विवाहको चलन भने बढदोरुपमा रहेको छ ।

## ७. पेटकाटी विवाह (फो थासी विवाह)

दिदी भन्दा पहिला बहिनी बिहे गर्ने प्रचलनलाई **पेटकाटी विवाह** भनिन्छ । तामाङ जातिले यस्तो विवाहलाई **फो थासी विवाह** भन्दछन् । तामाङ जातिमा यस्तो विवाह भएमा ज्वाँईले दण्डस्वरुप अविवाहित जेठी सासुलाई विवाहको दिन ढोग गरी बेहुलीलाई दिएजतिकै गरी एकसरो लुगा दिने चलन छ । कतै कतै पैसा दिने चलन पनि छ । यस्तो विवाहको चलन मागी विवाहको रुपमा कमै पाइन्छ । भने प्रेम विवाह बढी जस्तो भएको पाइन्छ ।

**परिवर्तन :**

तामाङ जातिमा पेटकाटी विवाह, पहिले पहिले मागी विवाहको रुपमा कमै पाईन्छ । पहिले पहिले दिदी छदैं बहिनीलाई मागेमा मागी विवाहको रुपमा नदिने गरिन्थ्यो । तर हाल भने यस्तो किसिमको विवाहको चलनमा लचक्ता अपनाएको पाइन्छ ।

यस अध्ययन क्षेत्रमा शोध अध्ययन गर्दा यस किसिमको विवाह गरेको देखिन्छ । यस शोध अध्ययनमा गरिएको विवाहको अध्ययनमा १ वटा विवाह यसै किसिमको विवाह रहेको छ ।

## ८. सट्टा विवाह (कोरोली सट्टा)

तामाङ जातिमा मामाचेला फुपूचेली तथा फूपुचेला मामाचेली बीच बढी मात्रामा विवाह हुने हुँदा एउटै परिवारमा वैवाहिक सम्बन्ध हुने हुनाले यस्तो विवाहलाई **सट्टा विवाह** (कोरोली सट्टा) भनिन्छ । तामाङ जातिमा यस्तो किसिमको विवाहको चलन विगतमा धेरै मात्रामा भएको पाइन्छ ।

**परिवर्तन :**

तामाङ जातिमा मामा चेलाचेली तथा फुपू चेलाचेली बीच हुने विवाहमा ज्यादैनै कमी आएको पाईन्छ । हाल सट्टा विवाहको चलनमा भने कमी हुँदै आएको छ । आधुनिकताको विकास, पश्चिमीकरणको प्रभाव, अनि हिन्दुकरणको प्रभाव (क्षेत्री बाहुनमा मामा चेलाचेली तथा फुपू चेलाचेली बीच दाजुभाई तथा दिदी बहिनीको साइनो हुने) को कारणले पनि यस किसिमको विवाहमा कमी आएको छ । भने आर्थिक, सामाजिक अवस्था, केटाकेटीको व्यक्तिगत हैसियत (कोही पढेलेखेको कोही नपढेको वा कम पढेको, वा जागिरे), अरु नै संगको प्रेम सम्बन्धका कारण पनि यस्तो विवाहमा कमी आएको देखिन्छ । यस अध्ययन क्षेत्रमा शोध अध्ययन गर्दा यस किसिमको विवाह गरेको पाइदैन ।

## ९. बहुविवाह (बहुपत्ति / बहुपत्नी विवाह) :

पहिले पहिले तामाङ जातिमा बहुविवाहको चलन पनि रहेको पाईन्छ । तामाङ जातिमा बहुपत्नी बिवाह हाल पनि कतै कतै रहेको पाइन्छ । पहिलो पत्नी जिबीत रहदा रहदै दोस्रो श्रीमती ल्याउँनुलाई बहुविवाह (बहुपत्नी विवाह) भनिन्छ । पहिलो श्रीमतीबाट सन्तान नभएमा दोस्रो श्रीमती ल्याउने गरिएता पनि कसै कसैले पहिलो श्रीमती तर्फ सन्तान हुँदा हुँदै पनि अर्को श्रीमती ल्याएको पाइन्छ । खास गरी मागी विवाह, प्रेम विवाह तथा अन्य तरिकाले पहिलो श्रीमती ल्याईन्छ, भने दोस्रो श्रीमती प्रायः प्रेम गरेर अथवा छलेर (ढाँटेर) ल्याएको देखिन्छ । यसरी दोस्रो श्रीमती ल्याएमा मिले सम्म सँगै नभए छुट्टा छुट्टै राख्ने गरिन्छ । पहिलो श्रीमतीको स्वीकृति बिना दोस्रो श्रीमती मागेर विवाह गरेको पाइदैंन । यसलाई समाजले पनि स्वीकार्दैन । त्यसै गरि तामाङ जातिमा बहुपत्ति विवाह कतै कतै पहाडी तथा हिमाली भेगमा रहेको भनिएता पनि तथ्यगत रुपमा पाइदैंन । तामाङ जातिमा यस्तो चलन विगतमा पनि नरहेको र हाल पनि रहेको छैन् ।

**परिवर्तन :**

हाल तामाङ जातिमा बहुविवाहमा कमी आएको देखिन्छ । नेपालको कानूनले नै बहुविवाहमा प्रतिबन्ध लगाएको देखिन्छ । पहिले पहिले बहुविवाह गर्नेलाई समाजले सम्मान तथा आदरका दृष्टिले हेर्थे भने हाल बहुविवाह गर्नेलाई समाजले पनि राम्रो नजरले हेर्दैन् । पहिले पहिले सन्तानको लागि, कामको लागि वा अन्य कारणले बहुविवाह गर्ने गरिथ्यो । भने हाल धर्मपुत्रपुत्री पालने चलनले गर्दा बहुविवाहमा कमि आएको छ । हाल आधुनिकीकरण, पश्चिमीकरणको प्रभावले गर्दा पनि मानिस स्वतन्त्र, सुखी तथा पारिवारिक झंझट र कसैको अधिनमा नबस्ने भएकाले श्रीमानले दोस्रो विवाह गरेमा श्रीमती पनि अर्कैसंग जाने भएको हुँदा पनि बहुविवाहमा कमी आएको हो भन्न सकिन्छ ।

यस अध्ययन क्षेत्रमा गरिएको नमूना स्थलगत अध्ययनमा पनि बहुपत्ति वा बहुपत्नी विवाह गरेको पाइदैन ।

## १०. अदालती विवाह :

समान्यतया परम्परागत भन्दा भिन्न किसिमको विवाह जुन सरकारी निकाय अर्थात अदालतमा गएर केटाकेटीवीच सम्झौता पत्रमा हस्ताक्षर गरेर गरिने विवाहको प्रक्रियालाई अदालती विवाह भनिन्छ ।
तामाङ जातिमा यस किसिमको विवाह खासै चलनमा रहेको छैन् । यस किसिमको विवाहको चलन धेरै पछि चलनमा आएको र यस्तो किसिमको विवाह खास परिस्थितिमा मात्र गरिने हुँदा तामाङ जातिहरुले यस्तो किसिमको विवाह छिटपुट वाहेको गरेको पाइदैन् ।

**परिवर्तन :**

अदालती विवाहको चलन धेरै पछि विशेष परिस्थितिमा गरिने भएको हुँदा यस किसिमको विवाहको चलन तामाङ जातिमा खासै रहेको छैन् ।

हाल विदेश जानेहरुले विदेश जान सजिलो होस भनेर यस किसिमको विवाह गरेको र कतै अंशकोकारण, कसै कसैले अभिभावकहरुले विवाह गर्न स्वीकृति नदिएको कारण, कसैले कार्यव्यस्तताको कारण र आर्थिक बोझको कारण पनि यस किसिमको विवाह गर्ने गरेको पाइएता पनि यस किसिमको विवाह खासै चलन चल्तीमा रहेको देखिदैन ।

यस अध्ययन क्षेत्रमा नमूना शोध अध्ययन गर्दा ६ प्रतिशतले अदालति विवाह गर्ने गरेको पाइएको छ । हाल अदालती विवाहको स्थिति वढ्दो क्रममा देखिन्छ ।

जोरपाटी गा.वि.स.को तामाङ गुम्बाको लामा गुरु श्री साङगे ग्यालछेन ज्यूको अनुसार २०६८-२०६९ मा मात्र ५-७ जोडीको गुम्बामा सामान्य तरिकाले विवाह भयो जस्को उद्देश्य वैवाहिक जिवनमा प्रवेश गर्नु भन्दा पनि अरुनै (विदेश जान) देखिन्थ्यो ।

## ११. घरज्वाँई

नेपाली समाजमा विवाह पछि वा विवाह गर्नु भन्दा पहिले विवाह पछि केटीको घर (ससुराली) मा नै बस्ने चलनलाई घरज्वाँई बस्ने भनिन्छ । यो विवाहको प्रकार भने होइन । यस्तो चलन तामाङ जातिमा पनि पाइन्छ । सामान्यतया छोरी मात्र भए घर ज्वाँई राखिन्छ । घरज्वाँई बसे ता पनि ससुरालीको सम्पत्तिमा हक लाग्दैन । त्यसमा हक भने श्रीमतीकै हुन्छ । केटाले बिना स्वीकृत अर्को विवाह गरेमा सम्पत्तीबाट बंचित गरिन्छ । तर छोरा छोरी नभएमा श्रीमती तथा सासु ससुराको सहमतीमा अर्को विवाह गर्न सकिन्छ । यसो भएमा पहिलो श्रीमतीको छोरा छोरी नभएमा दोस्रो श्रीमतीबाट भएको छोरा छोरीको त्यस सम्पत्तिमा हक लाग्छ । कुनै कारणले श्रीमतीको मृत्यु भएमा सासु ससुराको सहमतिमा विवाह गरी सासु ससुराको हेरबिचार गरेमा त्यस सम्पत्तिमा ज्वाँईको हक लाग्छ ।

नेपाली समाजमा बृद्ध बृद्धाको पालनपोषण परिवारबाटै हुने संस्कार भएको र सम्पत्तिमाथि छोराछोरीको हक लाग्ने कानूनी प्रावधान रहेको हुँदा घरज्वाँई चलनले प्राथमिकता पाएको देखिन्छ ।

**परिवर्तन :**

पहिला पहिला तामाङ जातिमा यस किसिमको विवाह घरज्वाँई बस्ने तथा राख्ने उद्देश्यलेनै गरेको पाईन्छ । भने हाल यस्तो किसिमको घरज्वाँई राख्ने वा बस्ने भनी विवाह नगरेता पनि घरज्वाँई बस्ने गरेको पाइन्छ । घरज्वाँई भनेको विवाहको किसिम नभएको, यो विवाह पछि विवाहित दम्पत्ति कहाँ बस्ने भन्ने विषय सँग सम्बन्धित हुँने भएको र श्रीमतीको माइतीमा छोराहरु नभएमा ससुरालीमा गएर बस्ने विषय भएकोले यो

संख्यात्मक रुपमा न्यून पाइन्छ । नेपाली समाजमा छोरी विवाह गरेर श्रीमानको घर जाने र बाबुआमालाई छोराले पाल्नु पर्छ भन्ने मान्यताका कारण, छोरा नभएको परिवारले छोरी र ज्वाँईलाई राखेको देखिन्छ ।

हाल नेपाली समाजमा पनि पश्चिमी समाजको प्रभाव परेकोले गर्दा विवाहित दम्पत्ति स्वतन्त्ररुपमा छुट्टै बस्ने भएकोले पनि घरज्वाँई प्रथामा कमी आएको छ । यस शोध अध्ययन क्षेत्रमा यस किसिमको विवाह गरेको यस शोध अध्ययनमा पाइएको छैन् ।

**उत्तरदाताहरुको अनुसार पहिले र हाल मागी विवाहमा हुने अनुमानित खर्चको स्तर**


**तालिका नं.२२**

| क.स. | खर्चको स्तर | पहिले | | हाल | |
|---|---|---|---|---|---|
| | | न्यूनतम् | अधिक्तम | न्यूनतम् | अधिक्तम |
| १. | साधरण स्तर | १०००० | २५,००० | १,००,००० | २५,००,००० |
| २. | मध्यम स्तर | २५००० | ५०,००० | २५,००,००० | ५,००,००० |
| ३. | उच्च स्तर | ५०,००० | ५०,००० भन्दा माथी | ५,००,००० | ५,००,००० भन्दा माथी |

माथि तालिका नं. २२ अनुसार यस शोध अध्ययन क्षेत्रमा गरिएको शोध अध्ययनमा उत्तरदाताहरुको अनुसार पहिले मागी विवाहमा हुने अनुमानित खर्चको स्तर साधारण १०,००० देखि अधिक्तम ५०,००० भन्दा माथि सम्म र हालको विवाहमा न्यूनतम् १,००,००० देखि अधिक्तम ५,००,००० भन्दा माथि सम्मा खर्च गर्ने गरेको पाइन्छ ।


**पहिले मागी विवाहमा हुने अनुमानित खर्चको स्तर साधारण स्तम्भ चित्रमा**

**स्तम्भ चित्र नं. ७**



**हाल मागी विवाहमा हुने अनुमानित खर्चको स्तर साधारण स्तम्भ चित्रमा**

**<u>स्तम्भ चित्र नं. ८</u>**




**उत्तरदाताहरुको शैक्षिक स्थिति :**


**<u>तालिका नं.२३</u>**

| क्र.सं. | शैक्षिक स्थिति मात्र | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | साधरण साक्षर | १४ | ३५ |
| २. | एस.एल.सि.पास | ११ | २७.५ |
| ३. | प्रविणता प्रमाणपत्र तह | ८ | २० |
| ४. | स्नातक | ५ | १२.५ |
| ५. | स्नातकोतर | २ | ५ |
| | **जम्मा** | **४०** | **१००** |

यस शोध अध्ययनको लागि अन्तरवार्ता लिने क्रममा उत्तर दिने उत्तरदाताहरुको शैक्षिक स्थिति माथि तालिका नं.२३ अनुसार रहेको छ । जस्मा कूल ४० व्यक्तिहरु मध्य १४ जना ३५ प्रतिशत साधारण साक्षर, ११ जना २७.५ प्रतिशत एस.एल.सि.पास, ८ जना २० प्रतिशत प्रविणता प्रमाणपत्र तह, ५ जना १२.५ प्रतिशत स्नातक र २ जना ५ प्रतिशत व्यक्तिहरु स्नातकोत्तर रहेका छन् ।

**उत्तरदाताहरुको शैक्षिक स्थिति वृत चित्रमा :**

**<u>वृत चित्र नं.९</u>**



## ५.२ तामाङ जातिको परम्परागत विवाह संस्कारमा क्रिस्चियन धर्मको प्रभाव :

तामाङ जातिको परम्परागत विवाह संस्कारमा परिवर्तन ल्याउने प्रमुख तत्वहरु मध्य क्रिस्चियन धर्म पनि एक हो । पश्चिमी माटोवाट विकास भएको यो धर्म आर्थिक दृष्टिले कामजोर राष्ट्रहरुमा मौलाउँने तथा फस्टाउने गर्दछन् । यो धर्म नेपाल र नेपालीमा पनि व्यापक रुपमा फैलिएको छ । आर्थिक रुपले बिपन्न, शैक्षिक दृष्टिकोणले अशिक्षित, स्वभावको दृष्टीकोणले सोझो, राजनीतिक दृष्टिकोणले पछाडि परेका तामाङ जातिमा यो धर्मले धमिलो पानीमा माछामार्ने काम गरेको छ । बिभिन्न किसिमको प्रलोभन दिएर तामाङजातिलाई अन्धभक्त बनाएको छ । जस्को कारण तामाङ जातिको परम्परागत हरेक संस्कार तथा संस्कृतिमा प्रभाव परेको छ । हरेक संस्कार परिवर्तन भएको छ । क्रिस्चियन धर्म मान्ने तामाङहरुले आफ्नो संस्कार र संस्कृति त्यागेर क्रिस्चियन धर्मको संस्कार र संस्कति अपनाएको पाइन्छ । धर्म र संस्कारवीच नङ र मासुको जस्तो सम्बन्ध हुने भएकोले धर्म परिवर्तनसंगै संस्कारमा पनि स्वतः परिवर्तन आउँछ । त्यसैले यस शोध अध्ययन **'तामाङ जातिको परम्परागत विवाह संस्कारमा देखिएको परिवर्तनहरु'**बारे भएको हुँदा यस शोध अध्ययनमा क्रिस्चियन धर्मले ल्याएको परिवर्तनवारे खासै अध्ययन गरिएको छैन् र गरिनु आवश्यक पनि छैन् । किनकी क्रिस्चियन धर्म अपनाएको तामाङहरुले आफ्नो सम्पुर्ण संस्कार नै त्यसै धर्म अनुसार गर्ने भएकोले विवाह संस्कार पनि पूर्ण रुपले नै त्यसै धर्म अनुसार गर्ने गरेको पाइन्छ । जुन विडमबनाको कुरो हो ।

## ५.३. तामाङ जातिको विवाहको विषेशताहरू :

### (क) उही थर र स्वाँगे थरभित्र विवाह नहुने :

तामाङ जातिमा उही (सेम) थर भित्र विवाह हुँदैन । जस्तै : पाखीन र पाखीन, योन्जन र योन्जनवीच विवाह हुँदैन । त्यसैगरी स्वाँगे थर अथार्त विवाह गर्न नमिल्ने दाजुभाईको नाता लाग्ने थर हुन्छन् जस्लाई स्वाँगे थर भनिन्छ । तामाङ जातिमा स्वाँगे थरमा विवाह हुँदैन । हाल तामाङ थरहरुको ९ वटा स्वाँगे समुह भेटीएको छ । भने स्वाँगे थर कहिले देखि, कसरी, किन रहन गयो भन्ने वारेमा आधिकारीकता वा आधिकारीक धारणा नभेटिएता पनि ताम्बाको गीत तथा ताम्बा काइतेन आदिमा स्वाँगे थर रहनुको कारणहरु बारे उल्लेख गरेको पाईन्छ । स्वाँगे थरहरुको बारेमा बिष्तृत अध्ययन हुन जरुरी देखिन्छ ।

### (ख) मामा चेलाचेली फुपू चेलाचेलीबीच विवाह हुने :

तामाङ जातिमा मामाचेलाचेली र फुपू चेलाचलीवीच विवाह हुने गरेको छ । यो परम्परा पहिला पहिला व्यापक रुपमा भए पनि हाल भने यसमा कमी आएको छ । तामाङ जातिमा मामाचेलाचेली र फुपूचेलाचेलीवीच विवाह हुनुको प्रमुख कारण मध्य पहिलो आफनो सम्पत्ति आफ्नैंले प्राप्त गरोस, सम्पत्ति अन्यत्र नजावोस्, भन्ने रहेको छ भने दोस्रो कारण चिने जानेको हुने, व्यवहार, चालचलन थाहा भएको हुने रहेको छ भने तेस्रो कारण त्यतीखेरको तामाङ वस्तीहरु पहाडमा हुने अनि एक ठाउँमा सिमित घर परिवार हुने, र त्यस समयमा यातायात, सञ्चारको सुविधा नभएको हुँदा टाढा टाढा सम्म जान नसकेको कारण पनि आफन्तीमा नै विवाह गरेको होकी भन्न सकिन्छ ।

मामा चेलाचेली फुपू चेलाचेलीवीच कहिले देखि, कहाँबाट, किन, र कसरी विवाह भयो भन्नेवारेमा ताम्बा, गान्बा, लामा तथा तामाङ विद्वानहरुले यहि कारण हो भनेर भन्न सकिरहेको छैन् । त्यसैले यसबारेमा अध्ययन तथा अनुसन्धान हुन जरुरी देखिन्छ ।

### (ग) चारदाम अनिवार्य गर्नु पर्ने :

तामाङ जातिको विवाह भनेको नै चारदाम भएको हुँदा विवाहमा चारदाम गर्नु अनिवार्य मानिन्छ । तर कतै कतै चारदाम विवाह पछि गर्ने गरेको पाइन्छ । तामाङ जातिमा चारदाम नगरेमा मृत्युपर्यान्त दाह संस्कार नगरिने हुँदा चारदाम गर्नु अनिवार्य मानिन्छ । यदि चारदाम नगरेरै मृत्यु हुन गएमा लाशलाई चारदाम गराएर मात्र जातिय संस्कार अनुसार दाह संस्कार गर्दछन् । त्यसैले चारदाम गर्नु अनिवार्य मानिन्छ ।

**(घ) विवाह पछि पनि महिलाको थर परिवर्तन नहुने :**

तामाङ जातिको विवाहको एक प्रमुख विशेषता भनेको तामाङ जातकी महिलाको तामाङ जातसँगै विवाह भएमा विवाह पछि पनि थर परिवर्तन हुँदैन । यो थर परिवर्तन नहुनु तामाङ विवाहको विशेषता हो । यसबारे ताम्बाले ताम्बा वचनमा उल्लेख गरेका छन् ।

ताम्बाले चारदाम गर्दा माइतीलाई यसो भन्न लगाउँछन् : **"परापुर्वकाल देखि पुर्ख्यौली जान्ने ताम्बा, विद्वान दोत्पा, गान्बाहरुले बनाएको र कुलले चलाई आएका रीमठिम अनुसार मेरी फलाना छोरी फलानाको छोरा फलानालाई दिएँ । बाबुको रगत, आमाको मासु आजदेखि फरक भयो र हाम्री चेलीको कुल आजदेखि भिन्न भयो । तर आत्मरुपी हाड (रुई) मात्र माइतीको हुनेछ । हाम्री चेली मरेपछि हामी माइतीको उपस्थिति बेगर लास उठाउँने, दागबत्ती दिने र घेवामा नाम पोल्ने (मिन्जयाङ) गर्न पाइनेछैन ।"** अनि माइतीले **पूर्वका समुन्द्र दक्षिणका समुन्द्र जस्तै ज्वाँई छोरीको आयु लामो होस्,** (छेरिङगै) । भनी आशिर्वाद दिन्छन् ।

अनि अघि राखिएको १ मोहर ४ दाम केटीका बाबु माइतीहरुलाई समाउन दिइन्छ र बाँकी १ दाम केटीलाई दिइन्छ । त्यस्तै ८ दाम बेहुलीका नजीकका दाजु भाइलाई समाउँन दिइन्छ । नजिकका माइतीले १ मोहर ४ दाम बुझ्नुको अर्थ रुप, शील, र रगत मासु दियौं भन्ने हो भने ८ दाम बुझ्नुको अर्थ आफ्नो दाजु भाईले विवाह गरी भित्र्याएकी भाउजु बुहारी कथंकदाचित तल माथी भएमा सास भए सास नभए लास, त्यो पनि देखाउन नसके हाड भए पनि बेहुलीका बाबु माइतीलाई बुझाउने र तामाङ दस्तुर बमोजिम कर्म गर्न लगाउने साक्षी र जिम्मा लिन्छौ भनी शपथ ग्रहण गर्नु हो १ दाम बेहुलीको साथमा राख्नुको अर्थ शरीरको रुप, सीप, गुण । मासु दिए पनि हाड दिएका छैनौं भन्ने हो ।

त्यसपछि दुवै पक्षको ताम्बाले यसो भन्दछन् : **"फलानो थरकी फलानाले आफ्नी छोरी फलानालाई फलाना थरको फलानाको छोरा फलानालाई तामाङ जातिको रीमठीम अनुसार 'वाकदान' आकाश पातालका नागनागीनी, हिमालको डाँफे, मुनाल, तराईको मयूर, आकाशको पन्छी, पानीको माछा, वनको बाघ र अग्नि, वायु, चन्द्र, सुर्य, धर्तीमाता, कुल देवता, देवी देउरालीलाई साक्षी राखी सार्वजनिक गर्दछौं ।"** भन्दछन् ।

यसरी तामाङ जातिको विवाहमा नै स्पष्ट रुपमा तामाङ जातिको चेलीको हाड नदिने माइतीकै रहने भएको हुँदा तामाङ जातकी महिलाको विवाह पछि पनि थर परिवर्तन हुँदैन ।

**(ङ) बिधवा विवाहलाई सामान्य रुपमा लिने :**

तामाङ जातिमा बिधवा विवाहलाई सामान्य रुपमा हेरिने गरेको पाईन्छ । हिन्दु धर्म संस्कार अन्तर्गतको जात जातिमा बिधवा विवाहलाई प्रतिवन्ध गरेको पाईन्छ । श्रीमानको मृत्यु पश्चात श्रीमतीले विवाह गर्नु हुँदैन, पत्तिव्रत भएर वस्नु पर्छ भन्ने मान्यता रहेको पाईन्छ । तर हिन्दु धर्म संस्कार अन्तर्गतको जातजातिमा पनि बिधुर विवाहलाई भने सामान्य मानिन्छ । जुन नारी हकहित, अधिकार र स्वतन्त्रता बिपरितको संस्कार हो भन्न सकिन्छ । तामाङ जातिमा भने बिधवा विवाहलाई पनि सामान्य रुपमा लिएको पाईन्छ । तामाङ महिलाहरुलाई श्रीमानको मृत्यु पश्चात विवाह गर्ने स्वतन्त्रता रहेको पाईन्छ । जुन तामाङ जातिले महिला प्रति गरिएको सम्मान व्यवहारको रुपमा लिन सकिन्छ ।

**(च) रुइस्याल गर्ने (थरमा ल्याउने) :**

तामाङ जातिमा अन्य जातजातिको छोरी विवाह गरी ल्यायमा उक्त महिलालाई रुईस्याल गरेर तामाङ जातको थरमा ल्याउने चलन छ ।

## ५.४. तामाङ जातिको परम्परागत विवाह संस्कारलाई प्रभाव पार्ने तत्वहरु :

### १. आधुनिकीकरण :

तामाङ जातिको परम्परागत विवाह संस्कारमा परिवर्तन हुनुको कारक तत्वहरु मध्यको एक प्रमुख तत्व

आधुनिकीकरण पनि हो । आधुनिकीकरण भन्नाले परम्परागत संस्कारमा समय सापेक्ष परिवर्तन हुनु हो । भने पश्चिमीकरणको प्रभावको रुपमा पनि यसलाई लिने गरिन्छ ।

तामाङ जातिको परम्परागत विवाह संस्कारकोबारेमा अध्ययन क्षेत्रलाई आधार मान्दा व्यापक रुपमा परिवर्तन भएको छ जुन माथि प्रत्येक विवाह संस्कारको चरणको परिवर्तनकोबारेमा व्याख्या गर्दा स्पष्ट गरिएको छ । हाल अध्ययन क्षेत्रमा विवाहको निमन्त्रणा गर्दा कार्ड मार्फत र इमेल/इन्टरनेट मार्फत पनि निमन्त्रणा गरिएको पाइन्छ । जसलाई आधुनिकीकरणको रुपमा लिन सकिन्छ ।

## २. पश्चिमीकरण :

तामाङ जातिको परम्परागत विवाह संस्कारमा परिवर्तन हुनुको कारक तत्वहरु मध्यको एक प्रमुख तत्व पश्चिमीकरण पनि हो । पश्चिमीकरण भन्नाले यूरोपियन अर्थात पश्चिमी मुलुकको संस्कार, संस्कृति, धर्म, भाषा लगाएत पश्चिमी देशबाट विकास भई हाम्रो देशमा भित्रिएको समग्र तत्वहरुलाई बुझाउँदछ । पश्चिमीकरण एक सभ्यताको रुपमा विकास भएकोले त्यस सभ्यताले हाम्रो परम्परागत संस्कार संस्कृति, धर्म, भेषभूषा, भाषा, मूल्य-मान्यता लगाएतका समग्र पक्षमा असर गरेको देखिन्छ । यसै परिवेशमा नेपालको आदिवासी जनजाति मध्यको एक प्रमुख जाति तामाङ जातिको संस्कार संस्कृतिमा पनि प्रभाव पारेको देखिन्छ। तामाङ जातिले पोङको साथसाथै इङगेजमेन्ट गर्नु, बेहुलाले कोट, सुट, टाई लगाउँनु आदिलाई लिन सकिन्छ ।

## ३. शहरीकरण :

संस्कार तथा संस्कृति परिवर्तन हुनुमा शहरीकरण पनि एक कारण हो । गाउँको विकसित रुप शहर भएकोले शहरीकरण आफै सांस्कृतिक परिवर्तन हो । सरल कुरा जटिल हुँदै जानु, परिस्कृत हुँदै जानु, विकसित हुदै जानु, सुलभ तथा सहज हुँदै जानु शहरीकरणको विषेशता नै हो । त्यसैले परम्परागत संस्कार तथा संस्कृति जटिल हुँदै जानु, अपनत्व तथा भाइचराको भावनामा कमी हुँदै जानु, व्यस्त जीवन यापन गर्नु आदि शहरीकरणमा हुँने भएकोले परम्परागत संस्कार तथा संस्कृतिमा पनि परिवर्तन हुन्छ ।

यस अध्ययन क्षेत्र पनि आज शहरीकरणको कारण ठूलो तथा विकसित शहरको रुपमा विकास भएको छ । तामाङ जातिको परम्परागत विवाह संस्कारको सन्दर्भमा यस शहरलाई हर्ने हो भने हाल यहा रहेका तामाङहरु विभिन्न जिल्लाबाट आएर बसेको देखिन्छ जस्को कारण विवाह संस्कारमा पनि त्यही ठाउँ (थलो) को संस्कारको प्रभाव परेको देखिन्छ भने विवाहहरु पनि पार्टीप्यालेशहरुबाट गर्ने गरेको, तयारी वस्तुहरुको प्रयोग गर्ने गरेको, संस्कारगत काममा पनि छर-छिमेक तथा आफन्तीहरु व्यस्त भएका कारण भाडाका व्यक्तिहरु प्रयोग गर्ने गरेको । आदि शहरीकरणका कारणहरुले गर्दा विवाह संस्कारमा परिवर्तन आएको देखिन्छ ।

## ४. हिन्दुकरण :

हिन्दुकरण तामाङ जातिको परम्परागत विवाह संस्कारमा परिवर्तन ल्याउने तत्वहरु मध्यको मुख्य कारक तत्व हो । नेपालमा हिन्दु धर्मालम्वी र बुद्धिष्टहरु संगसंगै रहने र प्रायः हरेक कार्यहरुमा सामूहिक संलग्नता रहने भएको हुंदा बुद्धधर्ममा पनि हिन्दु संस्कृतिको प्रभावपरेको देखिन्छ भने हिन्दु संस्कृतिमा पनि बुद्धधर्मको प्रभाव परेको देखिन्छ ।

संसारकै सवै भन्दा पुरानो धर्म भएको कारण हिन्दु धर्मको प्रभाव बुद्ध धर्ममा परेको देखिन्छ । त्यसै गरी बुद्धधर्म मान्ने तामाङ जातिमा पनि हिन्दु धर्मको प्रभाव देखिन्छ भने तामाङ जातिले हिन्दु देवी देवता, र हिन्दुधर्म अन्तर्गतको चाडपर्व पनि मान्ने गरेको पाईन्छ । जस्को ज्वलन्त उदाहरण दशै तिहार मान्नुलाई लिन सकिन्छ ।

तामाङ जातिको परम्परागत विवाह संस्कारमा हिन्दुकरणको प्रभावकोबारेमा उल्लेख गर्नु पर्दा तामाङ जातिले विवाहमा **सिन्दुर पोते लगाउँनु, जग्गे राख्नु, रातो टिका लगाउनु, गोडधुवा गर्नु** लगाएतका संस्कारगत कार्यहरु गर्नाले पनि हिन्दुकरणको प्रभाव तामाङ जातिको विवाह संस्कारमा परेको स्पष्ट हुन्छ ।

## ५. इशाईकरण :

इशाईधर्मले बैद्धधर्म मान्ने तामाङ जातिको परम्परागत विवाह संस्कारमा खासै प्रभाव पारेको नदेखिएता पनि इशाईधर्म मान्ने तामाङ समुदायले भने इशाईधर्म संस्कार अनुसार नै विवाह संस्कार सम्पन्न गरेको देखिन्छ । जसको कारण तामाङ जातिमा नै यस धर्मको प्रभाव परेको देखिन्छ ।

## ६. सूचना, सञ्चार तथा प्रविधिको विकास :

हाम्रो देशमा पछिल्लो समयमा सूचना तथा सञ्चारको विकासको कारण मानव जनजिवनमा व्यापक परिवर्तन आएको छ । जसको सदुपयोग सवै वर्ग, जातजाति र धर्म समुदाएले यसको फाइदा लिई रहेका छन् । पहिले पहिले घण्टौ हिडेर जानु पर्ने वाध्यात्मक परिस्थितिलाई यातायातले सजिलो बनाएको छ भने हाल यातायातमा घण्टौ लगाएर जानु पर्ने ठाउँमा पनि सूचना र प्रविधिको विकासको कारण सजिलै सूचना प्रवाह गर्नु सक्ने भएकोले एक ठाउँबाट अर्को ठाउँ जान पर्ने समय वचत भएको छ । भने छिटो र छरितो पनि भएको छ ।

सूचना र सञ्चारको प्रभाव तामाङ जातिको विवाह संस्कारमा पनि परेको देखिन्छ । हाल सगुन बोकेर जानु पर्ने ठाउँमा फोन तथा विभिन्न सूचनाको माध्यमद्वारा नै काम गरेको पाइन्छ भने ताम्बा लामालाई सगुन लिएर खवर गर्ने ठाउँमा फोन तथा अन्य सूचनाको माध्यामद्वारा खवर गर्ने गरेको पनि पाइन्छ । त्यसै गरी विवाहको निम्ता पनि टाढा सम्म पुर्‍याउनु परेमा फोन तथा सूचनाको अन्य माध्यमहरु प्रयोग गरेको पाइन्छ ।

## ७. यातायातको विकास :

परम्परागत रुपमा चल्ने तामाङ समुदाएमा पनि यातायातको विकासले विवाह संस्कारमा प्रभाव पारेको देखिन्छ । पैदल हिडेर जन्ती जाने अनि बोकेर बेहुला बेहुलीलाई लाने संस्कामा परिवर्तन भई गाडीमा जन्ती जाने ल्याउने गर्दछन् । पहिला पहिला नजिकै विवाह गर्ने चलनमा परिवर्तन आई हाल जिल्ला, अञ्चल र विकास क्षेत्र नै परिवर्तन गरी विवाह गरेको पाईन्छ ।

## ८. शिक्षा (चेतना) को विकास :

तामाङ जातिको परम्परागत विवाह संस्कारमा परिवर्तन ल्याउने तत्वहरु मध्य शिक्षा (चेतना) को विकास पनि एक महत्वपूर्ण तत्वको रुपमा देखिन्छ । घर परिवार शिक्षित हुँदै जानु र विभिन्न माध्मले चेतनाको विकास हुँदै जानुले पनि परम्परागत संस्कारमा परिवर्तन ल्याउनमा ठूलो भूमिका खेल्ने देखिन्छ । शिक्षा (चेतना) को कारण मानिसले उत्तम संस्कार तथा संस्कृतिको विकास गर्दछन् । जसले गर्दा परम्परागत संस्कारमा केही न केही परिवर्तन आउँदछ । हाल तामाङ जातिको परम्परागत विवाह संस्कारकोवारेमा अध्ययन गर्दा पछिल्लो समयमा अध्ययन क्षेत्रका तामाङ जातिहरुमा आफ्नो संस्कार र संस्कृति मान्नु पर्छ भन्ने बारेमा चेतना आएको देखिन्छ । हाल अध्ययन क्षेत्रमा विवाह गर्दा ताम्बाको प्रयोग गर्नु, डम्फुरेहरु ल्याउँनु, चारदाममा मारेको कुखुराको ठाउँमा जिउदो चरा लानु, सिद्राको ठाउँमा माछा लानु, तामाङ भेषभूषाको प्रयोग गर्नु, आदि शिक्षा (चेतना) को कारण देखिन्छन् ।

## ९. आर्थिक कारण :

तामाङ जातिको परम्परागत विवाह संस्कारमा परिवर्तन हुनुको कारक तत्वहरु मध्यको एक कारक तत्व आर्थिक कारण पनि हो । आर्थिक परिवर्तनका कारणले मानिसले आफ्नो लवाई, खवाई, वसाई देखि समग्र पक्षमा परिवर्तन गरेको पाइन्छ ।

त्यसै गरी कुनै परिवारमा सकारात्मक वा नकारात्मक आर्थिक परिवर्तन भएमा त्यसै अनुसारको व्यवस्थापन गरेको देखिन्छ । अनि त्यसै अनुसारको संस्कार तथा संस्कृति मान्ने गरेको पाइन्छ । समग्र तामाङ जातिको

आर्थिक स्थिति हेर्ने हो भने तामाङ जात गरिब जातिहरुको सूचिमा पर्दछन् । तर ती गरिब तामाङहरु मध्य पनि धेरैजसो धनी तामाङहरु यस जोरपाटी क्षेत्रमा रहेको छ । यहाँको तामाङ जातिहरुले अन्य ठाउँको तामाङ जातिको तुलनामा विवाहमा धेरैनै खर्च गरेको पाईन्छ । यस अध्ययन क्षेत्रको तामाङहरुले मागी विवाह गर्दा सामान्यतया २ देखि ७ लाख सम्म खर्च गरेको देखिन्छ । जुन अत्याधिक खर्च पनि हो । यसरी परम्परागत विवाह संस्कारमा आर्थिक कारणले पनि ठूलो प्रभाव पारेको देखिन्छ ।

**१०. राजनीतिक कारण :**

राजनीतिक कारणले पनि धर्म, संस्कार तथा संस्कृति परिवर्तन हुनुमा ठूलो भूमिका खेलेको देखिन्छ । आज हाम्रो देशमा हिन्दुधर्म, संस्कार, संस्कृति, चाडपर्व लगाएत नेपाली भाषा, भेष-भूषा आदिको विकास हुनुमा राज्यले राजनैतिक कारणले यसको संरक्षण, संवर्धन तथा विकास गर्नुमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा भूमिका खेलीरहेका छन् । जस्को ज्वलन्त उदाहरण केही वर्ष अघिमात्र यो देश हिन्दुराज्य हो भन्नुले प्रष्ट पार्दछ ।

हाल पछिल्लो समयमा आदिवासी जनजातिहरुले आफ्नो पहिचानको मुद्दालाई अघि सारेर संघियताको माग गर्दै आन्दोलनरत छन् । भने आफ्नो भाषा, धर्म, संस्कार, संस्कृति, चाडपर्व, भेषभूषा आदिको जगेर्णा गर्न लागि परेका छन् । आज यिनै विषयलाई राजनैतिक मुद्दा बनाएर सबै जाति तथा जनजातिहरु आन्दोलनरत छन् । तामाङ जातिको परम्परागत विवाह संस्कारमा परिवर्तन हुनुमा पनि राजनीतिक कारणले महत्व पूर्ण भूमिका खेलेका छन् । आज अध्ययन क्षेत्रको तामाङ जातिहरुमा संस्कारगत चेतनाको विकास भएको देखिन्छ ।

## **११. बसाइसराई** :

संस्कार तथा संस्कृति परिवर्तन हुनुको प्रमुख कारणहरु मध्य बसाईसराई पनि एक प्रमुख कारण हो । वसाइसराई गर्दा एकखाले संस्कार तथा संस्कृति बोकेको व्यक्ति, समूह तथा समुदाय अर्को संस्कार तथा संस्कृतिमा रहन पुग्दा आफ्नो संस्कार तथा संस्कृति छोड्दै जाने र त्यसै ठाउँको संस्कार तथा संस्कृति अपनाउँदै जाने भएकोले संस्कार तथा संस्कृति परिवर्तन हुनुमा बसाईसराई पनि एक कारण हो ।

अध्ययन क्षेत्रमा तामाङ जातिको परम्परागत विवाह संस्कार परिवर्तन हुनुमा बसाईसराई पनि एक कारणको रुपमा देखिएको छ । जोरपाटी गा.वि.स.मा अत्याधिक मात्रमा धेरै पहिलेदेखि तामाङ जाति रहेता पनि यस क्षेत्रको तामाङ जाति कलान्तरमा रसुवा, काभ्रे, सिन्धुपालचोक, रामेछाप, दोलखा, नुवाकोट, धादिङ आदि ठाउँहरुबाट आएको र आउँदै गरेको देखिन्छ । विभिन्न ठाउँबाट बसाई सरेर यहाँ आएको कारण भाषा, संस्कार र संस्कृति पनि त्यसै अनुसार रहेको पाइन्छ । जसले गर्दा यहाँको तामाङ जातिमा पनि आफ्नै पुर्ख्यौली थलो अनुसारको विवाह संस्कारको प्रक्रियाहरु गर्ने गरेको पाईन्छ ।

## **१२. देखासेखी (नक्कल) :**

देखासेखी (नक्कल) गर्ने मानव जातिको प्रवृतिनै हो भन्दा पनि अतियोक्ति नहोला । हामी मानव जाति अरुले गरेको कुरालाई नक्कल गर्न माहिर हुन्छौं । चाहे राम्रो होस वा नराम्रो । यस नक्कल गर्ने प्रवृतिले धर्म, संस्कार, संस्कृति लगाएत समग्र पक्षमा असर पार्दछन् । आफ्नो मौलिकतालाई भुलेर नक्कली संस्कृतिको विकास गर्छौं ।

तामाङ जातिको संस्कार तथा संस्कृति परिवर्तन हुनुमा नक्कल गर्ने परम्पराले पनि ठूलो भूमिका खेलेको देखिन्छ । त्यसै गरी तामाङ जातिको परम्परागत विवाह संस्कार परिवर्तन हुनुमा नक्कल गर्ने संस्कारले पनि व्यापकता पाएको देखिन्छ । तामाङ जातिले विवाहमा इङगेजमेन्ट गर्नु, गोडधुवा गर्नु, स्वयंवर गर्नु, सिन्दुर पोते लगाउँनु आदि अन्य जातजातिको संस्कारको नक्कल गरेको देखिन्छ ।

# अध्याय छ

## ६. सारांश, निष्कर्ष र सुझावहरू :

### ६.१. सारांश :

यस शोध अध्ययन **"तामाङ जातिको परम्परागत विवाह संस्कारमा देखिएको परिवर्तनहरु"** बारे काठमाडौं जिल्ला जोरपाटी गा.वि.स.लाई अध्ययन क्षेत्र बनाइएको छ । यस शोध अध्ययन गर्ने क्रममा विभिन्न नेपाली तथा विदेशी लेखक तथा विद्वानहरुको कृति अध्ययन गरी तामाङ जातिको वाहुल्यता रहेको विभिन्न जिल्लाको तामाङ ताम्बा, लामा, गान्बा तथा व्यक्तिहरुसंग अन्तरवार्ता लिएर तामाङ जातिको परम्परागत विवाह संस्कारको निचोड निकालेर उक्त निचोडलाई जोरपाटी गा.वि.स.मा रहेको तामाङहरुले कसरी विवाह संस्कार गर्दछन भन्ने बारेमा तुलनात्मक अध्ययन गरी परम्परागत विवाह संस्कारमा देखिएको परिवर्तनवारे शोध अध्ययन गरिएको छ । यस क्रममा ४० जना व्यक्तिहरुसंग अन्तरवार्ता लिइएको छ । जसमध्ये धेरै जना जोरपाटी गा.वि.स.मा रहने व्यक्तिहरु छन् भने त्यसको अलावा अन्य क्षेत्रमा रहेको तामाङ ताम्बा, गान्बा, लामा लगाएतका तामाङ विद्वानहरु तथा विभिन्न तामाङ संघसंस्थामा आवद्ध व्यक्तिहरु पनि छन् । त्यसै गरी जोरपाटी गा.वि.स.मा सम्पन्न भएको ७ वटा विवाह को भिडियो सि डी संकलन गरेर तुलनात्मक अध्ययन गरिएको छ ।

यस शोध अध्ययनलाई ६ वटा अध्यायमा राखिएको छ । जसमा पहिलो अध्यायमा अध्ययनको पृष्टभूमी, अध्ययनको परिचय र तामाङ जातिको परिचय राखिएको छ । दोस्रो अध्यायमा सन्दर्भ साहित्यको अध्ययन र विवाह सम्वन्धी विभिन्न अवधारणाहरु, विवाहको प्रकार, आधुनिकीकरण, पश्चिमीकरण, र हिन्दुकरणकोबारेमा उल्लेख गरिएको छ । तेस्रो अध्यायमा अनुसंधान  विधिकोबारेमा उल्लेख गरिएको छ । चौथो अध्यायमा अध्ययन गर्ने भूगोलबारे जानकारी राखिएको छ । पाँचौ अध्यायमा तामाङ जातिको विवाह संस्कारबारे व्याख्या गरिएको छ । छैटौ अध्यायमा सारांश, निष्कर्ष र सुझावहरु राखिएको छ । भने अन्त्यमा सन्दर्भ साहित्यको सुची, परिभाषिक तामाङ शब्दावली र विवाहको तस्विरहरु राखिएको छ ।

**"तामाङ जातिको परम्परागत विवाह संस्कारमा देखिएको परिवर्तनहरु"** बारे शोध अध्ययन गर्दा तामाङ जातिको परम्परागत विवाहहरुको प्रकारहरुमा केही प्रकारहरु जस्तै : चोरी तथा छोपुवा विवाह पूर्णरुपले लोप भएको छ भने विवाहको नयाँ प्रकारहरु जस्तैः अदालती विवाह, अन्तरजातिय विवाह आदिको विकास भएका छन् । खास गरी मागी विवाहको परम्परालाईला जोड दिएर अध्ययन गरिएको हुंदा तामाङ जातिको परम्परागत मागी विवाहमा संस्कारगत पक्ष हेर्दा जोरपाटी गा.वि.स. भित्र पनि भिन्नता रहेको देखिन्छ । भने विवाह गर्ने ताम्बाहरुमा संस्कार एउटै भए पनि प्रक्रियागत भिन्नता पाईन्छ । पछिल्लो समय तामाङ जातिमा जातिय संस्कार तथा संस्कृतिमा चेतनाको विकास भएको कारण विवाह तामाङ संस्कार अनुसारनै सम्पन्न गर्न खोजेको देखिन्छ । विवाहमा बेहुला बेहुलीले तामाङ भेषभूषा लगाउनु, सिन्दुर पोते गर्न छोडनु, डम्फुरेहरु लानु, ताम्बाहरुबाट विवाह गराउँनु, आदि रहेका छन् ।

यस शोध अध्ययनमा जोरपाटी गा.वि.स.मा रहेका तामाङ जातिहरुले कसरी मागी विवाह गर्छन भन्ने विषयलाई अध्ययनको विषय बनाइएको छ ।

## ६.२. निष्कर्ष :

आधुनिकीकरणको तिब्र विकाससंगै विश्व परिवर्तन हुने क्रममा नेपाली समाज पनि अछुतो रहन सकेन र सक्दैन । यहि क्रममा  नेपाली समाज अन्तर्गतको एक तामाङ समुदाय पनि आधुनिकीकरणको भुमरीमा परको देखिन्छ । साथै आधुनिकीकरण संगसंगै विकास तथा विस्तार भएको पश्चिमीकरणले पनि नेपाली समाजमा ठूलै जग बसालेको देखिन्छ । नेपाली समाजलाई प्रभाव पार्ने पश्चिमीकरणले तामाङ समाजलाई पनि प्रभाव पारेको देखिन्छ । त्यसै गरी हिन्दुकरणले पनि तामाङ जातिको संस्कार तथा संस्कृतिमा प्रभाव पारेको देखिन्छ । तामाङ जातिको संस्कारमा आधुनिकीकरण, पश्चिमीकरण र हिन्दुकरणले पारेको प्रभाव बारेको अध्ययनबाट निम्नलिखित निश्कर्ष आउने देखिन्छ ।

१. तामाङ जातिको संस्कारहरुको बारेमा संक्षेपमा जानकारी गरिएको छ ।
२. तामाङ जातिको परम्परागत विवाह संस्कारको वारेमा विस्तृत जानकारी गरिएको छ ।
३. तामाङ जातिको परम्परागत विवाहको प्रकार र त्यसमा भएको परिवर्तनबारे जानकारी गरिएको छ ।
४. जोरपाटी गा.वि.स.मा चलन चल्तीमा रहेको तामाङ जातिको विवाह संस्कारको वर्तमान स्थितिबारे जानकारी गरिएको छ ।
५. तामाङ जातिको परम्परागत विवाह संस्कारको प्रक्रिया र हाल जोरपाटी गा.वि.स.को तामाङ जातिको विवाह संस्कारको प्रक्रियामा आएको परिवर्तनबारे जानकारी गराइएको छ ।
६. पछिल्लो समयमा संस्कार तथा संस्कृतिको संरक्षण तथा सम्बर्धन गर्नु पर्छ भन्ने चेतनाको विकासको कारण विवाह संस्कारमा संस्कारगत मौलिकता ल्याउँन खोजेको बारेमा जानकारी गराईएको छ ।

## ६.३. सुझावहरु :

तामाङ जातिको परम्परागत विवाह संस्कारमा देखिएको परिवर्तन विषयमा गरिएको समाजशास्त्रीय शोध अध्ययनबाट यस क्षेत्रको मात्र नभई समग्र तामाङ समुदायलाई विवाहको सन्दर्भमा केही व्यक्तिगत सुझावहरु दिन पर्ने देखिएकोले यहाँ बुंदागत रुपमा केही उपयोगी सुझावहरु दिइएको छ । उक्त सुझावहरुलाई राम्रो लागेमा पालन (मनन) गरे हुन्छ । अन्यथा यो नितान्त व्यक्तिगत सुझावहरु भएकोले अनावश्यक विवाद गर्नु आवश्यक छैन् ।

**सुझावहरु :**

(क) विवाह घर सजाउन परेमा ध्वजा (लुङदर) र पतकाले सजाउने ।
(ख) विवाहमा सक्दो ताम्बाको प्रयोग गर्ने, नभए लामाको प्रयोग गर्ने, त्यो पनि नभएमा जान्ने गान्बाको प्रयोग गर्ने ।
(ग) बेहुला र बेहुली लगाएत जन्तीहरुले पनि सक्दो तामाङ भेषभूषा नै लगाउँने ।
(घ) बेहुलाले मामाको हातबाट सेतो फेटा बाध्ने । जुन विवाह अवधिभर लगाउँने ।
(ङ) आर्थिक रुपले सकेमा जन्तीहरु सबैलाई खादा लगाई दिने । दुलही पक्षले जन्तीलाई स्वागत गर्दा आर्थिक रुपले सकेमा खादा लगाई दिने ।
(च) सेतो टिकाको प्रयोग गर्ने ।
(छ) विवाहमा धेरै तडक भडक तथा खर्च नगर्ने । दाइजो नदिने ।
(ज) डम्फुरेहरु विवाहमा लाने । दुलही पक्षले पनि डम्फुरेहरु ल्याउँने ।
(झ) चारदाम गर्ने
(ञ) विवाहमा पोङ लादा रित पु-याउने कोसिस गर्ने । संस्कार तथा संस्कृति बचाउने उद्देश्यले रीत नमुनात्मक रुपमा मात्र लाने । धेरै खाने र आर्थिक भार पर्ने गरी होइन  ।

रीतहरु निम्नानुसार लान सकिन्छ :

**रीतहरुको विवरण :**

**तालिका नं.२४**

| लानै पर्ने रीतहरु | लगे राम्रो रीतहरु | लांदा हुने रीतहरु |
|---|---|---|
| १. आमाङे साई (दुधको भारा) | १.मामबुजी (बजैले बोके बापत) | १. बेहुलीको गर गहना लत्ता कपडा |
| २. आस्याङ थोई (मामाको हक) | २. आखे हो हो ( बाजेले कोक्रो हल्लाए बापत) | २. कुथाप कुरुरु (चुल्हो छोडे बापत) |
| ३. मयूङ थोओी (दाजुभाई माइती कोशेली) | ४. आबागेसाई (बुबाको हाडको लागि ) | ३. ह्रो फे (साथी छोडे बापत) |
| ४.चारदामको लागि चारदाम सामाग्री | ३.आङी स्याङकुर (फुपू कोशेली) | ४. गान्बा, गान्सुमदा (सम्मान स्वरुप) |

(ट) चारदाममा साक्षीको रुपमा राख्ने कुखुराको सट्टा जिउँदो परेवा वा चरा प्रयोग गर्ने र संस्कारगत कार्य सकिएपछि उडाउँने । त्यसै गरी सुकाएको माछा (सिद्रा) नलगी जिउदो माछा लाने । संस्कारगत कार्य सकिएपछि खोलामा वा पोखरीमा छाडी दिने ।

(ठ) विवाहमा बेहुला वा बेहुलाको साथीले बेहुलीको मुल ढोकामा कुखुराको भाले काटने चलनलाई सक्दो त्याग्ने ।

(ड) सिन्दुर पोते नगर्ने ।

(ढ) गोडधुवा नगर्ने ।

(ण) बेहुलाको जुत्ता लुकाउँने र पैसा माग्ने जस्ता कार्य नगर्ने ।

(त) तामाङ जाति भित्रै भागी विवाह गरेमा ३ वा ५ दिन पछि पोङ पठाउँने ।

(थ) अन्य जातकी चेली ल्याएमा रुइस्याल गर्ने । रुइस्याल गर्दा केटाले विवाह गर्न मिल्ने थरको माइती वनाएर उक्त थरमा ल्याउने । किनकी रुईस्याल गर्दा केटाकोनै थरमा ल्याउँदा एकै थरीमा विवाह गर्न नमिल्ने र तामाङ जातिमा चेलीको थर परिवर्तन नहुने हुंदा विवाह गर्न मिल्ने थरमा मात्र केटीलाई ल्याउँने ।

## अनुसूची – १

# सन्दर्भ साहित्यको सूची

**नेपाली**


- अन्तर्राष्ट्रिय मञ्च, २०६३ : नेपालका आदिवासी जनजाति सामान्यज्ञान,
- अर्याल भोगेन्द्र, २०६२ : नेपाली समाज र संस्कृतिको विश्लेषण, ज्ञानकुञ्ज प्रकाशन काठमाडौं ।
- आचार्य बलराम, २०६४ : नेपाली समाज र संस्कृतिको विश्लेषण, सनलाइट पब्लिकेसन कीर्तिपुर, काठमाडौं ।
- आर्चाय यज्ञनाथ २०४३ : नेपालको इतिहास कोसेली प्रकाशन महेन्द्रपुल, पोखरा ।
- ख्युङ्बा सिङमान तामाङ २०६८ : तामाङ जाति इतिहास देखि बर्तमानसम्म, बरुण तामाङ ख्युङ्बा पुल्चोक, ललितपुर ।
- गौतम टीकाराम, २०६३ : संस्कृतिको सैद्धान्तिक ढाँचा, विद्यार्थी पुस्तक भण्डार भोटाहिटी, काठमाडौं ।
- गौतम टीकाराम, २०५८ : सामाजिक अनुसन्धान पद्धति, विद्यार्थी पुस्तक भण्डार भोटाहिटी, काठमाडौं ।
- जोरपाटी गाउँ विकास समितिको कार्यालय : Village Profile -2067
- तामाङ अजितमान,२००६ : तामाङ जातिको मौखिक इतिहासका अवशेषहरु, कोनडोङडोङ थेत्मा याम्बु ।
- तामाङ अजितमान, २०६९ : तामाङ जातिको चिनारी, आदिवासी जनजाति, उत्थान राष्ट्रिय प्रतिष्ठान ललितपुर र नेपाल तामाङ घेदुङ
- तामाङ परशुराम, २०६२ : जनजाति राष्ट्रवाद, प्रगति पुस्तक सदन, डिल्लीबजार, काठमाडौं ।
- तामाङ परशुराम, २०६३ : तामाङ जाति नयाँ सहस्राब्दी विकास एजेण्डा, नेपाल तामाङ घेदुङ र दुर्गबहादुर तामाङ स्मृति प्रतिष्ठान काठमाडौं ।
- तामाङ परशुराम, २०६४ : ताम्सालीङ (तामाङ स्वायत्त प्रदेश : एक प्रस्ताव)
- तामाङ परशुराम, २०६२ : तामाङ वंशावली , दुर्गबहादुर तामाङ स्मृति प्रतिष्ठान काठमाडौं ।
- तामाङ परशुराम, २०५५ : तामाङ संस्कार, नेपाल तामाङ घेदुङ ।
- तामाङ विवाहको फोटो तथा भिडियो सिडिहरु
- तामाङ रुद्रसिंह : तामाङ जातिमा बौद्ध धर्म, तामाङ समाज अनुसन्धान तथा विकास केन्द्र, नेपाल ।
- तामाङ रुद्रसिंह, २०६० : तामाङ संस्कार र संस्कृति, आदिवासी जनजाति, उत्थान राष्ट्रिय प्रतिष्ठान ललितपुर ।
- तामाङ रवीन्द्र ग्यावक, २०६८ : तामाङ रीमठीम, दोस्रो प्रकाशन ,

श्री फ्याफुल्ला प्रगति युवा क्लव, काभ्रे ।

- तामाङ सीताराम, २०६१ : नेपाल समाज विकासको ऐतिहासिक भौतिकवादी निरुपण, निरन्तर प्रकाशन, बागबजार, काठमाडौं ।
- तामाङ सीताराम, २०६५ : जाम्बुलीङ साम्ही लीब्रो, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ललितपुर ।
- नेपाल तामाङ घेदुङ, २०५८ : तामाङ संस्कार-संस्कृति निर्देशिका, नेपाल तामाङ घेदुङ केन्द्रिय सचिवालय काठमाडौं ।
- नेपाल तामाङ घेदुङ : तामाङ आख्यानहरु
- भण्डारी कृष्णप्रसाद, २०५८ : समाजशास्त्र र मानवशास्त्रको परिचय, एम. के. पब्लिशर्स एण्ड डिष्ट्रीब्यूटर्स भोटाहिटी, काठमाडौं ।
- मोक्तान दुपवाङ्गेल तामाङ १९९६ : राजतन्त्र र तामाङ, तामाङ हयूल परिषद काठमाडौं ।
- राष्ट्रिय जनगणना २०६८
- राष्ट्रिय मासिक याम्बुरी : वर्ष १, पूर्णाङ्क ६, २०६९कार्त्तिक
- लामा मुकेश, २००८ : बाह्रा ल्हो पाँच खाम र ल्हेसार,
- लामा सन्तवीर (पाखिन), १९९३ : स्येबु-स्येमु, श्री अम्बर पाखिन प्याटर्सन पथ, खर्साङ ।
- लामा सन्तवीर (पाखिन), २०६४ : तम्बा कइतेन व्हाई रीमठिम, रत्न पुस्तक भण्डार काठमाडौं ।
- विष्ट डोर बहादुर २००७ : सवैजातको फूलवारी, हिमाल किताब हिमाल एसोसिएसन ।

**अंग्रेजी** (English)

- David H. Holmberg, 1989 : Order in paradox: Myth, Ritual exchange among Nepalis Tamang ,
- Kathryan S. March, 1983: Weaving, Writing & Gender : Man ,
- Intensive Study and Research center : Village development committee Profile of Nepal
- Nepal Tamang Ghedung, UNDP/RIPP : Nepal Statistics Indigenous Peoples
- www.modernization.com
- www.westernization.com

## अनुसूची - २

# परिभाषिक तामाङ शब्दावली

| तामाङ | नेपाली |
| --- | --- |
| लामा- | लामा बुद्धधर्मद्वारा दीक्षित पुरोहित |
| बोन्बो- | धामी /पुजारी (पुजाआज तथा उपचार गर्ने व्यक्ति) |
| ताम्बा - | पुख्यौंली जान्ने/इतिहासकार |
| गान्बा - | बुढो माननीय व्यक्ति |
| चोहो - | सभापति |
| मुल्मी - | अगुवा व्यक्ति |
| ङाप्ता - | योगसाधना गरेको |
| दोप्ता - | विद्वान् व्यक्ति |
| मुल्मी गौराइ - | सचिव (चोहाको सचिव) |
| लामा लोबेन् - | मूल पुरोहित |
| कोङ्ग्योर - | पूजाको विधि मिलाउने |
| उमजे - | पुजाको बाजा बजाउने |
| लाइबा - | खानपानका भण्डारी तथा व्यवस्थापक |
| छ्याङबा- | पानी तथा जाड वितरण गर्ने मान्छे |
| कटौके - | सबै कामको चाँजो मिलाउने/ प्रबन्धक |
| किसिङबा- | दाउरा पानी लगाएत काटकुट गर्ने |
| व्योन ह्राबादोर्जे- | गह्रुगो बोक्ने उचाल्न तथा अन्य ल्याउने लैजाने काम गर्ने |
| म्हा- | ससुराली घरको सबैखाले काममा सहयोग गर्ने (छोरी वा दिदीबहिनीको श्रीमान) |
| डम्फु - | तामाङ जातिको खुसीयाली, समारोह तथा नाच गानमा बजाउने बाजा |
| पोङ - | सगुन |
| भुम्बा/बुम्बा - | कलश |
| छ्योत- | चढाउनु |
| डाङ - | कोशेली |
| कोको म्हेन्दो - | टोटलाको फुल |
| रुइ - | हाड / थर |
| फोवा - | लासबाट छाँया छुट्याउने वीधि |
| ला- | देउता |
| कोरुवा लाबा - | घुम्नु |
| थापसाङ - | न्वारन |
| स्येबु - | बेहुला |
| स्येमु - | बेहुली |
| ब्रेल्साङ - | विवाह |

## अनुसूची – ३ (क)

## जोरपाटी गा.वि.स.मा सम्पन्न गरिएको विवाहको तस्विरहरू :




माथि विवाह घरमा ब्रेलसाङ (शुभ विवाह) लेखिएको व्यानर ।




माथि पार्टीप्यालेशमा ब्रेलसाङ (शुभ विवाह) लेखिएको व्यानर ।




माथि विवाहमा वेहुलालाई विशेष प्रकारको छाता ओढाएर जन्तिहरु डम्फु बजाउदै नाच्दै वेहुलीको घर तर्फ आउँदै गरेको ।



माथि विवाहमा ल्याएको रीतहरु (कोशेली) ।



माथि चारदामको कोशेली ।





माथि चारदाममा साँक्षीको लागि ल्याएको जिउँदो माछा,चरा र परेवा ।



अगाडि रीतको पोङहरु (सगुन) र पछाडि ताम्बाहरु ।



चारदामको गीत गाउँदै, डम्फु बजाउँदै ताम्बाहरु ।



विवाहमा लामाहरु पढदै गरेको ।



विवाहमा ताम्बाले पोङ (सगुन) उचाल्दै चारदाम गर्न लागेको ।



विवाहमा र्बेहुलालाई खान दिइने दुई भाग खाना ।





बेहुला बेहुलीलाई बिदाई गर्न बेहुलीको दाजुभाईले बेहुला बेहुली दुवैलाई बोकेर गाडीको परिक्रमा गर्दै । यस क्रममा बेहुलीले अंखराबाट निरन्तर पानीको मसिनो धारा खसाल्ने गर्छन् । पछिल्लो समय तामाङ जातिमा यस्तो चलन चलेको देखिन्छ ।

## अनुसूची – ३ (ख)

## तामाङ जाति बाहुल्यता रहेको १० जिल्ला र काठमाडौं जिल्लाको नक्सा ।




## काठमाडौं जिल्लाको नक्सा ।



**अनुसूची – ४**

# तामाङ जातिको परम्परागत विवाह संस्कारमा देखिएको परिवर्तनहरु

**बारे**

**समाजशास्त्रीय अध्ययन**

## <u>प्रश्नावली</u>

**१. व्यक्तिगत विवरण :**

(क) नाम..............................................(ख) थर ............. (ग) जात....................

(घ) उमेर................ (ङ) लिङ्ग................... (च) धर्म.................

(छ) पेशा ............................. (ज) पद : .................

(झ) स्थाई ठेगाना :

(अ) जिल्ला..............................(आ) गा.वि.स. ................ (इ) वडा नं............

(ई) गाउँ..................................(उ) टोल........................................ (ए) घर नं.............

(ञ) अस्थाई ठेगाना :

(अ) जिल्ला............................(आ) गा.वि.स........................................(इ) वडा नं............

(ई) गाउँ..................................(उ) टोल.......................... (ए) घर नं............

(ट) शिक्षा : (अ)साक्षर ☐ (आ) निरक्षर ☐

(इ) यदि साक्षर छ भने कति सम्म पढेको छ ?................

**२. पारिवारिक विवरण**

(क) घरमुलीको नाम : ....................

(ख) परिवार संख्या.............(अ) पुरुष संख्या..........(आ) महिला संख्या.........

(ग) परिवारको प्रकार : (अ) एकल परिवार ☐ (आ) संयूक्त परिवार ☐ (इ) वृहत परिवार ☐

(घ) पारिवारिक पेशा : ..............................

पारिवारिक विवरण तालिका

| सि.नं. | नामावली | उमेर | लिङ्ग | पेशा | धर्म | वैवाहिक स्थिति | विवाह गर्दाको उमेर | विवाह गरेको थर वा जात | विवाहको किसिम | विवाह संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

## ३.सामाजिक संस्कार :

**१. जन्म संस्कार :** जन्म संस्कारमा गर्वधारण, जन्म , न्वारन र घाम देखाउने  पर्दछन् ।

**२. कर्म संस्कार :**(क) नाक, कान छेड्ने (ख) भात खुवाई (ग) छेवर (घ) टाप्चे (ङ) गुन्यु चोलो दिने (च) राजस्वला (छ) विवाह

## विवाह संस्कार बारे प्रश्नहरु :

(१) तपाईले विवाह गर्नु भएको छ ? (अ) छ □ (आ) छैन □

(२) कति वर्षको उमेरमा विवाह गर्नु भएको हो ?...........

(३) कति वटा विवाह गर्नु भयो ?........

(४) किन बहुपत्ति विवाह /बहुपत्नी विवाह गर्नु भएको ?...........

(५) कस्तो प्रकारको विवाह गर्नु भयो ? (अ) सजातिय विवाह □ (आ) अन्तरजातिय विवाह □

(६) कसरी विवाह गर्नु भयो ? (अ) प्रेम विवाह □ (आ) मागी विवाह □ (इ) चोरी विवाह □ (ई) छोपुवा विवाह (उ) जारी विवाह □ (ऊ) विधवा विवाह (ए)  भाउजु  स्याहार्ने विवाह (ऐ) अन्य...............................

### (अ) मागी विवाह :

(१) तपाईको गाउँमा  मामा फुपू चेलाचेली विवाह ( Cross-cousion Marriage) गर्छ की गर्दैन ? (क) गर्छ (ख) गर्दैन (ग) कतै गर्छ कतै गर्दैन (घ) अन्य .......

(२) गर्छ भने कहिले देखि यो परम्परा चलेको पाइन्छ ? (क) हाल सालै □ (ख) धेरै पहिलेवाट □ (ग) अन्य.............

(३) गर्दैन भने कहिले देखि नगरेको होला ? (क) हाल सालै □ (ख) धेरै पहिलेवाट □ (ग) अन्य..............

(४)स्वाँगे बार्ने चलन छ की छैन ? (क) छ □ (ख) छैन □ (ग) कतै छ कतै छैन् (घ) अन्य ............

(५) छैन भने किन नभएको होला ? कारण ..................................................

(६) मामाको छोरो हुँदा हुँदै पनि फुपूको छोरी अन्यत्र दिएमा बाटो विराएको भनी दण्ड तिराउने प्रचलन छ कि छैन ? (क) छ □ (ख) छैन □ (ग) कतै छ कतै छैन □ (घ) अन्य.................

(७) सामान्यतया तामाङ युवा युवती कति वर्षको भएमा विवाह गोग्य ठानिन्छ ? (क) युवा ......वर्ष (ख) युवती......वर्ष

(८) पहिले पहिले कति वर्षको उमेरमा विवाह गर्थ्यो ? (क) युवा .........वर्ष (ख) युवती.......वर्ष

(९) अहिले कति वर्षको उमेरमा विवाह योग्य ठानिन्छ ? (क) युवा .........वर्ष (ख) युवती........वर्ष

(१०) किन अहिले ढिलो विवाह गरेको होला ? कारण  .......................

(११) मागी विवाह गर्दा तामाङ जातिमा रित पु-यायरै गर्छ ?(क) गर्छ □ (ख) गर्दैन □ (ग) कतै गर्छ कतै गर्दैन □ (घ) अन्य....

(१२) गर्दैन भने किन नगरेको होला ? (क) धेरै खर्च हुने भएर □ (ख) झंझटिलो भएर □ (ग) रित थाहा नभएर (घ) अन्य

(१३) छोरी माग्नु भन्दा पहिला तपाईको घरमा छोरी माग्न आउँदै छु भन्ने खवर पठाउँने **सगुन पोङ** (फो पोङ) पठाउने चलन छ कि छैन ? (क) छ □ (ख) छैन (ग) कसैले पठाउँछन् कसैले पठाउँदैन □ (घ) अन्य ..................

(१४) छैन भने कहिले देखि नभएको होला ? (क) हाल सालै □ (ख) धेरै पहिलाबाट □ (ग) थाहा भएन □ (घ) अन्य ....

(१५) छैन भने किन नगरेको होला ? (क) खर्चहुने भएर □ (ख) झंझठिलो भएर □ (ग) आवश्यक्ता नभएर □ (घ) अन्य .

(१६) केटी पक्ष सकारात्मक भएपछि लाने **कर्जेल पोङ** (मगनी पोङ) लाने चलन छ कि छैन ? (क) छ □ (ख) छैन □ (ग) कतै छ कतै छैन् (घ) अन्य ............

(१७) कर्जेल पोङ (मगनी पोङ) मा लाने कोको म्हेन्दो, धुप, एउटा सिंगो कुखुराको भाले र दुई तिन पाथी रक्सीको पोङ लाने चलन छ कि छैन ? (क) छ □ (ख) छैन □ (ग) कसै कसैले लान्छ कसैले लादैंन □ (घ) अन्य ...................

(१८) लादैंन भने किन नलगेको होला ? (क) खर्च वढी पर्ने भएर □ (ख) झंझटीलो भएर □ (ग) थाहा नभएर □ (घ) अन्य ...

(१९) लादैन भने कहिले देखि लादैन ? (क) हाल सालै □ (ख) धेरै पहिलेबाट □ (ग) अन्य................

(२०) कर्जेल पोङ (मागी पोङ ) खाईसकेपछि केटी अन्तै पोइल गई भने केटीका वुवा आमाले केटा पक्षको पोङ फर्काउने गर्छ की गर्दैनन् ? (क) गर्छ □ (ख) गर्दैन □ (ग) कसैले गर्छ कसैले गर्दैनन् □ (घ) अन्य .................

(२१) पर्काउदैन भने किन फर्काउदैन होला ? (क) खासै महत्व नभएर □ (ख) बाध्यता नभएर □ (ग) अन्य ............

(२२) ङ्योतपा पोङ (तामा स्याल्वा ग्याम स्यालवा पोङ ) विवाह गर्ने साइत जुरेपछि लाने ङ्योतपा पोङ लाने चलन छ की छैन ? (क) छ □ (ख) छैन □ (ग) खासै महत्व राखदैन □ (घ) अन्य ........................

(२३) छैन भने किन नलगेको होला ? (क) आवश्यक्ता नभएर □ (ख) झंझटिलो भएर □ (ग) अन्य ......................

(२४) कहिले देखि लान छाडेको होला ? (क)...सालबाट (ख) हालसालैबाट □ (ग) धेरै पहिलेबाट □ (घ) थाहा भएन □

(२५) विवाहको साइत कस्ले निकाल्छ ? (क) ताम्बा □ (ख) लामा □ (ग) पण्डित □ (घ) अन्य................

(२६) विवाह गर्न ठिक छ की छैन भनेर केटा केटीको वर्ष (ल्हो) र स्वभाव (खाम) हेर्ने चलन छ की छैन ? (क) छ □ (ख) छैन □ (ग) कतै कतै छ □ (घ) अन्य................

(२७) चलन छैन भने किन नभएको होला ? (क) आवश्यक नठानेर □ (ख) फरक नपर्ने भएर □ (ग) हेर्ने मान्छे नै नभएर □ (घ) अन्य .......

(२८) कन्याको बाबु आमाले रितभात खाने चलन छ की छैन ? (क) छ □ (ख) छैन □ (ग) कतै छ कतै छैन □ (घ) अन्य......

(२९) छैन भने किन नभएको होला ? (क) केटा पक्षको धेरै खर्च हुन्छ भनेर □ (ख) झंझटिलो भएर □ (ग) आवश्यक नठानेर □ (घ) अन्य ..............

(३०) छैन भने कहिले देखि नभएको होला ? (क) हालसालै □ (ख) धेरै पहिलाबाट □ (ग) ....वर्षबाट (घ) थाहा भएन □ (ङ) अन्य ...........

(३१) विवाहमा केटालाई दाइजो दिने चलन छ की छैन ? (क) छ □ (ख) छैन □ (ग) कतै कतै छ □ (घ) अन्य.......

(३२) कहिले देखि दिन थालेको होला ? (क) .....सालबाट (ख) हालसालै □ (ग) धेरै पहिले देखि □ (घ) थाहा भएन □ (ङ) अन्य.........

(३३) तपाइलाई यो तामाङ जातिको चलन हो की होईन जस्तो लाग्छ ? (क) हो जस्तो लाग्छ □ (ख) होइन जस्तो लाग्छ □ (ग) थाहा भएन □ (घ) अन्य .......................

(३४) होइन भने कुन जाति वा समुदाएको चलन जस्तो लाग्छ ? ....................................

(३५) विवाहमा वेहुलाले कुन लुगा लगाउछन ? (क) तामाङ भेष भूषा □ (ख) नेपाली पोशाक (दौरा सुरवाल) □ (ग) कोट पाइन्ट □ (घ) अन्य .......................

(३६) विवाहमा बेहुलीले कुन लुगा लाउँछन ? (क) तामाङ लुगा □ (ख) नेपाली लुगा □ (ग) आधुनिक लुगा □ (घ) अन्य..

(३७) तामाङको विवाहमा बाजा बजाउछ की बजाउदैन ?(क) बजाउँछ □ (ख) बजाउँदैन □ (ग) कतैबजाउँछ कतैबजाउँदैन □

(३८) तामाङको विवाहमा जन्ती जांदा कुन बाजा बजाउँछन ? (क) डम्फु □ (ख) पञ्चेवाजा □ (ग) व्याण्डवाजा □ (घ) अन्य .........

(३९) यी बाजा कहिले देखि वजाउँछन् (क) हाल सालै □ (ख) धेरै पहिले देखि □ (ग) अन्य .................

(४०) साइद गर्दा बन्दुक पडकाउँने चलन छ कि छैन ? (क) छ □ (ख) छैन □ (ग) कतै छ कतैछैन □ (घ) अन्य .....

(४१) छैन भने किन नभएको होला ? .......................

(४२) बेहुली लिन जादा चारदाम पोङ लाने चलन छ कि छैन ? (क) छ □ (ख) छैन □ (ग) कतै छ कतै छैन □ (घ) अन्य....

(४३) छैन भने किन नलगेको होला ? (क) आवश्यक नभएर □ (ख) बढी खर्च हुने भएर □ (ग) झंझटिलो भएर □ (घ) चलन नभएर □ (ङ) अन्य .......

(४४) चारदाम पोङमा के के लिएर जान्छन् ? ........................................

(४५) आस्याङ पोङ लाने चलन छ कि छैन् ? (क) छ □ (ख) छैन □ (ग) कतै छ कतै छैन □ (घ) अन्य ......

(४६) छैन भने किन नलगेको होला ? (क) आवश्यक नभएर □ (ख) बढी खर्च हुने भएर □ (ग) झंझटिलो भएर □ (घ) चलन नभएर □ (ङ) अन्य .......

(४७) आस्याङ पोङमा के के र कति कति मात्रामा लिएर जान्छन् ? .................

(४८) आङी पोङ लाने चलन छ कि छैन ? (क) छ □ (ख) छैन □ (ग) कतै छ कतैछैन □ (घ) अन्य ......

(४९) छैन भने किन नलगेको होला ? (क) आवश्यक नभएर □ (ख) बढी खर्च हुने भएर □ (ग) झंझटिलो भएर □ (घ) चलन नभएर □ (ङ) अन्य .......

(५०) आङी पोङमा के के र कति कति मात्रामा लिएर जान्छन् .................

(५१) दुध्यौंली पोङ लाने चलन छ कि छैन् ? (क) छ □ (ख) छैन □ (ग) कतै छ कतै छैन □ (घ) अन्य ......

(५२) छैन भने किन नलगेको होला ? (क) आवश्यक नभएर □ (ख) बढी खर्च हुने भएर □ (ग) झंझटिलो भएर □ (घ) चलन नभएर □ (ङ) अन्य .......

(५३) दुध्यौंली पोङमा के के र कति कति मात्रामा लिएर जान्छन् .................

(५४) बाबु माइती पोङ लाने चलन छ कि छैन् ? (क) छ □ (ख) छैन □ (ग) कतै छ कतै छैन □ (घ) अन्य ......

(५५) छैन भने किन नलगेको होला ? (क) आवश्यक नभएर □ (ख) बढी खर्च हुने भएर □ (ग) झंझटिलो भएर □ (घ) चलन नभएर □ (ङ) अन्य .......

(५६) बाबु माइती पोङमा के के र कति कति मात्रामा लिएर जान्छन् .................

(५७) छैन भने किन नभएको होला ? (क) धेरै खर्चहुने भएर □ (ख) झंझटिलो भएर □ (ग) चलन हराएर □ (घ) अन्य .

(५८) भात खरुवा (भाते कटुवा) जाने चलन छ की छैन ? (क) छ □ (ख) छैन □ (ग) कतै छ कतै छैन □ (घ) अन्य ...

(५९) छैन भने कहिले देखि छैन ?(क) हालसालै □ (ख) धेरै पहिले देखि □ (ग) थाहा भएन □ (घ) अन्य....................

(६०) छैन भने किन नभएको होला ? ...............................................

(६१) विवाहमा चारदाम गर्ने चलन छ कि छैन (क) छ □ (ख) छैन □ (ग) कतै छ कतै छैन □ (घ) अन्य...............

(६२) छैन भने कहिले देखि छैन ? (क) हालसालै □ (ख) धेरै पहिले देखि □ (ग) थाहा भएन □ (घ) अन्य................

(६३) छैन भने किन नभएको होला ? .................................

(६४) वाङ्दे गर्ने चलन छ की छैन ? (क) छ □ (ख) छैन □ (ग) कतै छ कतै छैन □ (घ) अन्य.................

(६५) छैन भने किन नभएको होला ? कारण ...............................

(६६) तामाङहरुको विवाह वा अन्य शुभ साइतमा लगाउँने टिकाको रंग कस्तो हुन्छ ? (क) सेतो □ (ख) रातो □ (ग) पहेलो □ (घ) अन्य ......................

(६७) यस्तो रंग कहिले देखि लगाएको हो ? (क) हालसालै □ (ख) धेरै पहिले देखि □ (ग) थाहा भएन □ (घ) अन्य......

(६८) यस्तो रंग किन लगाएको हो ? कारण .....................

(६९) यहाँको तामाङ जातिमा अन्य जातिले जसरी Ingagement गर्ने चलन छ की छैन ? (क) छ □ (ख) छैन □ (ग) कतै कतै छ □ (घ) अन्य .............

(७०) Ingagement गर्दा कसरी गर्छन् ? प्रक्रिया थाहा भए ..................

(७१) Ingagement गर्दा औंठी लगाउँने चलन छ की छैन् ? (क) छ □ (ख) छैन □ (ग) अन्य ............

(७२) विहेमा जग्य राख्ने चलन छ की छैन् (क) छ □ (ख) छैन □ (ग) कतै कतै छ □ (घ) अन्य ............

(७३) छ भने यस्को प्रक्रिया के होला ? ..........................................................................

(७४) स्वयंवर गर्ने चलन छ की छैन ? (क) छ □ (ख) छैन □ (ग) कतै कतै छ □ (घ) अन्य .............

(७५) छ भने यस्को प्रक्रिया के होला ? .....................................................................................

(७६) तामाङहरु सिन्दुर पोते गर्छन की गर्दैन ?(क) गर्छ □ (ख) गर्दैन □ (ग) कतै गर्छ कतै गर्दैन □ (घ) अन्य...........

(७७) गर्छन भने कहिले देखि गर्न थालेको ? (क) हालसालै □ (ख) धेरै पहिले देखि □ (ग) थाहा भएन □ (घ) अन्य......

(७८) गर्दैन भने किन नगरेको होला ? कारण........................

(७९) यो कुन धर्म संस्कार अन्तर्गत पर्छ ? (क) बुद्ध धर्म □ (ख) हिन्दु धर्म □ (ग) क्रिश्चयन धर्म □ (घ) अन्य .......

(८०) गोड धुवा गर्ने चलन छ की छैन् ? (क) छ □ (ख) छैन □ (ग) कतै छ कतै छैन् □ (घ) अन्य ........

(८१) यो कुन जाति /धर्म /संस्कार अन्तर्गत पर्छ ? (क) बुद्धधर्म □ (ख) हिन्दुधर्म □ (ग) क्रिश्चयनधर्म □ (घ) अन्य....

(८२) चेली पु-याउन जाने चलन छ की छैन् ? (क) छ □ (ख) छैन □ (ग) कतै छ कतै छैन् □ (घ) अन्य ............

(८३) छैन भने किन नभएको होला ? (क) आवश्यक नभएर □ (ख) चलन हराएर □ (ग) थाहा नभएर □ (घ) अन्य ..

(८४) बेहुला लादा बेहुलीको दिदी बहिनीले सगुन राखेर बाटो छेक्ने चलन छ की छैन ? (क) छ □ (ख) छैन □ (ग) कतै छ कतै छैन् □ (घ) अन्य ............

(८५) छैन भने किन नभएको होला ? (क) आवश्यक नभएर □ (ख) चलन हराएर □ (ग) थाहा नभएर □ (घ) अन्य ..

(८६) विवाह कहाँबाट गर्ने चलन छ ? (क) घरबाट □ (ख) गुम्बाबाट □ (ग) मन्दिरबाट □ (घ) पार्टिप्यालेसबाट □ (ङ) अन्य ...

(८७) विवाह गर्दा घर सजावट गर्छ की गर्दैन ? (क) गर्छ □ (ख) गर्दैन □ (ग) कसैले गर्छ कसैले गर्दैन □ (घ) अन्य...

(८८) विवाहको अघिल्लो दिन पूजा वा कुल पूजा गर्छन की गर्दैन ? (क) गर्छ □ (ख) गर्दैन □ (ग) कसैले गर्छ कसैले गर्दैन □ (घ) अन्य................

(८९) मागी विवाहमा गर्नु भन्दा अघि कुल पूजा गर्छन की गर्दैन ? (क) गर्छ □ (ख) गर्दैन □ (ग) अन्य .....

(९०) विवाहमा छिमेक, इष्टमित्र, वा अन्य पाहुनालाई निमन्त्रण कसरी गर्छ ? (क) घर घर गएर मौखिक निम्तो □ (ख) सुपारी पठाएर □ (ग) निमन्त्रण कार्ड पडाएर □ (घ) फोन गरेर (ङ) अन्य ...............

(९१) विवाहमा ताम्बाको भूमिका के हुन्छ ? ......................................................................

(९२) विवाहमा लामाको भूमिका के हुन्छ ? ......................................................

(९३) विवाहमा मामा (आसेङ्ग) को भूमिका के हुन्छ ? ................................................

(९४) मागी विवाहमा लगभग कति जति खर्च गर्छन वा हुन्छ होला ? ..............

(९५) वर्षे डाङ गर्ने चलन छ की छैन ? (क) छ □ (ख) छैन □ (ग) कतै छ कतै छैन □ (घ) अन्य..................

(९६) किन नभएको होला ? कारण .......................

## (आ) प्रेम विवाह

(१) यस गाउँ /ठाउँमा प्रेम विवाहको चलन कतिको छ ? (क) छ □ (ख) छैन □ (ग) खासै छैन □ (घ) कतै कतै छ □ (ङ) धेरै जस्तो छ □ (च) अन्य ....

(२) यो प्रेम विवाहको चलन यस गाँउमा कहिले देखि चलेको होला ? (क) .......सालबाट (ख) हालसालै □ (ग) धेरै पहिले देखि □ (घ) अन्य....

(३) यहाँको तामाङ जातिमा कस्तो किसिमको प्रेम विवाहको चलन छ ? (क) सजातिय प्रेम विवाह □ (ख) अन्तरजातिय प्रेम विवाह □ (ग) अन्य .......

(४) यहाँको तामाङ जातिले सजातिय प्रेम विवाहलाई महत्व दिन्छ की दिदैन ? (क) दिन्छ □ (ख) दिदैन □ (ग) कतै दिन्छ कतै दिदैन □ (घ) अन्य .............

(६) यहाँको तामाङ जातिमा प्रेम विवाह पछि लाने ठेगान पोङ लाने चलन छ कि छैन ?(क) छ □ (ख) छैन □ (ग) कतै छ कतै छैन □ (घ) अन्य ....

(७) छैन भने किन नभएको होला ? (क) खासै महत्व नभएर (ख) आवश्यक नभएर (ग) अन्य ..............................

(८) छैन भने कहिले देखि छैन ? (क) हाल सालै (ख) धेरै पहिलेबाट (ग) अन्य .................................

**(इ) चोरी / छोपुवा विवाह**

(१) हाल तामाङ जातिमा चोरी वा छोपुवा विवाहको चलन छ कि छैन ? (क) छ □ (ख) छैन □ (ग) कतै छ कतै छैन □ (घ) अन्य .................

(२) छैन भने कहिले देखि नभएको होला ? (क) हाल सालै (ख) धेरै पहिलेबाट (ग) अन्य .......................

(३) छैन भने किन नभएको होला ? (क) कानून विपरित भएर □ (ख) अन्य ..............................

**(ई) जारी विवाह**

(१) यहाँको तामाङ जातिमा जारी विवाहको चलन छ कि छैन ? (क) छ □ (ख) छैन □ (ग) कतै छ कतै छैन □ (घ) अन्य....

(२) छ भने कहिले देखि छ ? (क) हाल सालै (ख) धेरै पहिलेबाट (ग) अन्य .......................

(३) छैन भने कहिले देखि छैन ? (क) हाल सालै (ख) धेरै पहिलेबाट (ग) अन्य .....................

(४) छैन भने किन नभएको होला ? ..........................................................................

**(उ) बिधवा विवाह / बिधुर विवाह**

(१) यहाँको तामाङ जातिमा बिधवा विवाहको चलन छ कि छैन ? (क) छ □ (ख) छैन □ (ग) कतै छ कतै छैन □ (घ) अन्य ......

(२) यहाँको तामाङ समाजले बिधवा विवाहलाई मान्यता दिन्छ कि दिदैन ? (क) दिन्छ □ (ख) दिदैन □ (ग) कतै दिन्छ कतै दिदैन □ (घ) अन्य .....................

(३) दिदैन भने किन नदिएको होला ? .....................................................

(४) यहाँको तामाङ जातिमा बिधुर विवाहको चलन छ कि छैन ? (क) छ □ (ख) छैन □ (ग) कतै छ कतै छैन □ (घ) अन्य .......

(५) यहाँको तामाङ समाजले बिधुर विवाहलाई मान्यता दिन्छ कि दिदैन ? (क) दिन्छ □ (ख) दिदैन □ (ग) कतै दिन्छ कतै दिदैन □ (घ) अन्य .....................

(६) यहाँको तामाङ जातिमा दाईको मृत्यु पछि भाउजू स्याहार्ने (भाउजू विवाह) को चलन छ कि छैन ? (क) छ □ (ख) छैन □ (ग) कतै छ कतै छैन □ (घ) अन्य .............

(७) छ भने कहिले देखि छ ? (क) हालसालै □ (ख) बुबा आमाको पालावाट □ (ग) हजूरबुबा हजूरआमाको पालाबाट (घ) अन्य...

(८) छैन भने कहिले देखि छैन ? (क) हालसालै □ (ख) बुबा आमाको पालावाट □ (ग) हजूरबुबा हजूरआमाको पालाबाट (घ) अन्य..........

(९) छैन भने किन नभएको होला ? ................................................................

(१०) यहाँको तामाङ समाजले भाउजू विवाहलाई मान्यता खिन्छ कि दिदैन ? (क) दिन्छ □ (ख) दिदैन □ (ग) अन्य ......

(११) दिदैन भने किन नदिएको होला ? ...................................

**(ऊ) अन्तरजातिय विवाह**

(१) यहाँको तामाङ जातिमा अन्तरजातिय प्रेम विवाहको चलन छ की छैन ? (क) छ □ (ख) छैन □ (ग) अन्य ........

(२) यहाँको तामाङ समाजले अनतरजातिय प्रेम विवाहलाई महत्व दिन्छ कि दिदैन ? (क) दिन्छ □ (ख) दिदैन □ (ग) अन्य......

(३) दिदैन भने किन नदिएको होला ? ..........................................................................

(४) दिन्छ भने कहिले देखि दिएको होला ? (क) हाल सालै (ख) धेरै पहिले बाट (ग) अन्य ...........................

(५) यहाँका तामाङ जातिमा अन्तरजातिय मागी विवाहको चलन छ की छैन ? (क) छ □ (ख) छैन □ (ग) अन्य .......

(६) छ भने कहिले देखि भएको होला ? (क) हाल सालै (ख) धेरै पहिलेबाट (ग) अन्य .........................

(७) छैन भने किन नभएको होला ? ..................................................................

**(ए) पेटकाटी विवाह (फो थासी विवाह ) :**

(१) पेटकाटी विवाहको चलन छ छैन् ? (क) छ □ (ख) छैन □ (ग) अन्य .................
(२) छ भने कसरी गर्छन् ? ..................................................
(३) छैन भने किन नभएको होला ? ..............................................

**(ऐ) सट्टा विवाह (कोरली सट्ट)**

(१) सट्टा विवाह गर्ने चलन छ छैन् ? (क) छ □ (ख) छैन □ (ग) अन्य .................
(२) छ भने कसरी गर्छन् ? ..........................................................
(३) छैन भने किन नभएको होला .................

**(ओ) अदालती विवाह**

(१) अदालती विवाह गर्ने चलन छ कि छैन् ? (क) छ □ (ख) छैन □ (ग) अन्य ...........
(२) छ भने कहिले देखि यो चलन चलेको होला ? (क) हाल सालै (ख) धेरै पहिले बाट (ग) अन्य ..............
(३) छ भने किन यस्तो चलन चलेको होला ? ..........................................................
(४) छ भने कसरी गर्दछन् ? ............................................

**(औ) घरज्वाँई**

(१) घरज्वाँई वस्ने चलन छ की छैन् ? (क) छ □ (ख) छैन □ (ग) अन्य .................
(२) छ भने के, कसरी बस्छ ? ..................................
(३) छैन भने किन नवसेको होला ? ............................................

**३. मृत्यु संस्कार :**

***समाप्त***